# अध्याय – एक

## १. शोध परिचय

कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन शीर्षकको प्रस्तुत शोध पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड. दोस्रो वर्षको (नेपा. शि. ५९८) पत्रको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको छ । यस शोध पत्रलाई आधार बनाएर अनिवार्य नेपाली पाठ्यपुस्तकको आन्तरिक र वाह्य पक्षको विश्लेषण गरिएको छ । साथै शोत्रपत्र निर्माण गर्दा शोध पत्रमा रहेका शीर्षकहरूलाई आधार बनाएर (नेपा. शि. ५९८) पत्रको आंशिक आवश्यकता परिपूर्तिमा केन्द्रित रहेकोछ ।

## २. शोधपत्रको शीर्षक

यस शोत्रपत्रको शीर्षक "कक्षा दस र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन" रहेको छ ।

## ३. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको नेपाली शिक्षा (नेपा.शि. ५९८) पत्रको प्रयोजनको आवश्यकता परिपूर्तिको लागि प्रस्तुत गरिएको छ ।

## ४. शोधको उद्देश्य

यस शोत्रपत्रका उद्देश्यहरू निम्नलिखित रहेकाछन् –

(क) कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्नु ।

(ख) कक्षा दश र एघारको अनिवार्य नेपाली वाठ्यपुस्तकको वाह्य र आन्तरिक पक्षको मूल्याङ्कन गर्नु ।

(ग) कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको विधागत तुलनात्मक अध्ययन गर्नु ।

(घ) दुवै पाठ्यपुस्तकहरूको कृतिगत क्षेत्रको विश्लेषण गर्नु ।

(ङ) दुवै पाठ्यपुस्तक भित्ररहेका अभ्यासहरूको विस्तृत अध्यान गर्नु ।

## ५. समस्या कथन

यस शोधपत्रमा कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययनलाई निम्न लिखित समस्याको रूपमा उल्लेख गरिएकोछ–

(क) कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रको आन्तरिक पक्षको निर्माण कस्तो रहेको छ ?

(ख) कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुतस्तकको वाहृय पक्ष के कस्तो रहेको छ ?

(ग) दुवै पाठ्यपुस्तकभित्र विधागत कृतिहरूको वितरण कस्तो छ ?

(घ) दुवै पाठ्यपुस्तकभित्र रहेका अभ्यासात्मक तथा स्तरगत स्वरूप कस्तो छ ?

(ङ) कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक विशेषताहरू औंल्याउनु पर्ने देखिन्छ ।

## ६. पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यलाई भूतकालका कार्यहरूले वर्तमानका कार्यहरूलाई सुगम, सरल र सुबोध्य बनाउँछ भने भविष्यको लागि योजना बनाउन अति सजिलो तुल्याउन कुनै पनि कार्य गर्नु भन्दा पहिले त्यस कार्यको पूर्वकार्यतिर नजर लगाउनु अतिनै वाञ्छनिय हुन्छ । हून पनि विगतका अनुभवले वर्तमानलाई अगाडि बढाउन सहयोग पुऱ्याउने कुरा निर्विवाद रहन्छ । त्यसमा पनि शोधकार्यको लागि त झनै अनिवार्य ठानिन्छ । यसो गर्दा आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्यहरू भए नभएको र कस्ता खाले भएका छन् भन्ने कुरालाई बुझ्नु उपयोगी सिद्ध हुन्छ । तसर्थ पूर्वकार्यको समीक्षाले हदैसम्म सहयोग मिल्छ । शोधकार्यको लागि त्यसै कारणले पूर्वकार्यको समीक्षालाई मध्यनजर गर्नु नितान्त आवश्यक देखिन्छ ।

यसरी यस शीर्षकको शोधकार्यमा पूर्वकार्यको समीक्षा गर्ने क्रममा कक्षा दशको र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको शीर्षकमा तुलनात्मक अध्ययन गरेको हालसम्म पाइएको छैन । अध्ययनको क्रममा अन्य कक्षाहरूका अनिवार्य नेपाली विषयको तुलनात्मक अध्ययन भने यत्रतत्र नेपाली भाषाका भाषाविद तथा अग्रज विद्यार्थीवर्गबाट भएको पाइएको छ । तर कक्षा दशको अनिवार्य नेपाली र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन भने गहन रूपमा गरिएको पाइदैन । त्यसो भएकाले

यी दुवै तहका अनिवार्य नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन चाहि वाह्‌य र आन्तरिक पक्षको तहगत अध्ययनको व्यवस्था भएको पाइएको छैन ।

समग्र रूपमा नेपाली भाषाका पाठ्यपुस्तकहरूलाई कहिले देखि मान्यता दिइदै आइयो । नेपाली विषयले कक्षा दश र एघारमा अनिवार्य पाठ्यपुस्तकको प्रारूप खिचिदासम्म के-कस्ता उतार चढावहरू भए भन्ने बारेमा भने अग्रज शिक्षाप्रेमी, भाषाविद तथा विद्यार्थीवर्गहरूले विभिन्न पत्र पत्रिकामा र अनुसन्धानका विषयमा खोज गरिएको पाइन्छ । समग्रमा कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको वाह्‌य र आन्तरिक पक्षको संरचना के-कस्तो रहेको छ भन्ने कुराको अध्ययनमा नेपाली भाषा पाठ्यपुस्तकको शोधकार्यमा संलग्न रहेका र शोध गरेका व्यक्तिहरूका शोधपत्रहरूलाई आधार बनाएर यो सोधपत्रको रूपरेखा तयार पारिएको छ । हालसम्म तुलना सम्वन्धि निम्न लिखित पाठ्यपुस्तक अध्ययन विश्लेषण भएको देखिन्छ –

(क) भीमसेन सडला, (२०६०) यिनले “कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमूना अभ्यास एक विश्लेषणात्मक अध्ययन” शीर्षकको शोधपत्रका माध्यमबाट नमूना अभ्यासहरूको पूर्ण रूपमा विश्लेषण गरेको पाइएको छ ।

(ख) रामप्रसाद पौडेल, (२०६१) ले “माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन” शिर्षकमा रहेर हालका रूपकहरू र महेन्द्रमालामा रहेका रूपक विधाको तुलनात्मक विश्लेषण पाइएको छ ।

(ग) सञ्जीता भट्ट, (२०६१) ले “कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारहरूको अध्ययन” शीर्षकमा शोधपत्र निर्माण गरेर पाठ्यपुस्तक भित्रका शब्द बोध तथा व्याकरणिक जस्ता शब्दभण्डारको विश्लेषण गरेको पाइन्छ ।

(घ) कुमार बस्नेत, (२०६१) हाम्रो नेपाली किताब कक्षा सात र “सजिलो नेपाली माला कक्षा सातको तुलनात्मक अध्ययन” शीर्षकमा पुरानो पाठ्यपुस्तक र नयाँ पाठ्यपुस्तकमा आधारित भएर कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकको वाह्‌य र आन्तरिक पक्षको विश्लेषण गरेर व्याकरण तथा वोध अभिव्यक्ति विधामा तुलनात्मक अध्ययन गरेको पाइएको छ ।

(ङ) कमलापती खनाल, (२०५९) ले “निम्न माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन” शीर्षकमा तुलना गरेको पाइन्छ ।

(च) प्रेम प्रसाद शर्मा, (२०६०) ले "निम्न माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन " शीर्षकमा तुलना गरेको पाइन्छ ।

(छ) मदन दुलाल, (२०६१) ले "कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली कितावको तुलनात्मक अध्ययन शीर्षकमा विश्लेषण गरेको पाइन्छ ।

(ज) कृष्ण सुवेदी, (२०६२) "कक्षा ६ को हाम्रो नेपाली किताव र सजिलो अध्ययन नेपाली मालामा समाविष्ट नमूना अभ्यासको तुलनात्मक अध्ययन "शीर्षकमा अध्ययन गरेको पाइन्छ ।

(झ) कमला खनाल (२०६६) ले कक्षा ४ को मेरो नेपाली किताव र नयाँ नेपाली सृङ्खलाको तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययनमा भाषा पाठ्यपुस्तकको परिचय, पाठ्यपुस्तक विश्लेषण गर्दा आन्तरिक र वाह्य आधारमा विश्लेषण गरेको छ । जसमा कक्षा ४ को मेरो नेपाली किताव र कक्षा ४ कै नयाँ नेपालीको श्रृङ्खलाको विस्तृत तुलनात्मक अध्ययन गरिएको छ । साथै यी दुवै पाठ्यपुस्तक विद्यार्थीको स्तर सुहाउदो र भाषा पाठ्यक्रमका आधारमा पुरा गर्न सकेको छ कि छैन भन्ने प्रसंङ्गमा विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

(ञ) गेहनाथ गौतम, (२०५५-५७) ले मेरो नेपाली किताव कक्षा ५ र सरल नेपाली माला कक्षा ५ को तुलनात्मक अध्ययन गरेका छन् । यस अध्ययनमा गौतमले पाठ्यपुस्तकका आधारमा विश्लेषण, पाठ्यपुस्तक भित्रका अभ्यासको तुलना तथा पुस्तकमा पाठहरूका क्षेत्र तथा क्रमलाई विशेष तरिकाले विश्लेषण गरेकाछन् ।

यिनैलाई आधार बनाएर नेपाली पाठ्यपुस्तक सम्वन्धी साथै भाषा पाठ्यपुस्तकका अन्य पत्रपत्रिकामा रहेका लेख र रचनालाई पनि आधार बनाएर यस कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ ।

## ७. अध्ययनको औचित्य

हाम्रो नेपाल जस्तो बहुभाषिक र बहुजातीय देशका सन्दर्भमा निर्माण भएका पाठ्यपुस्तकहरू समग्रमा के कति हदसम्म सम्वन्धित तहका विद्यार्थीहरूको स्तर अनुरूप रहेको छ । साथै सम्वन्धित स्तरको नेपाली भाषा पाठ्यपुस्तकको वाह्य र आन्तरिक पक्षको विधागत संरचनालाई कतिहदसम्म व्यवस्थित गर्न सकिएको छ । पाठ्यपुस्तकलाई समग्रमा हिमाल, पहाड, तराई, गाउँ, शहर तथा पूर्व मेची देखि पश्चिम महाकाली सम्मका कक्षा दश र कक्षा एघारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीवर्गले नेपाली भाषा पाठ्यपुस्तक प्रतिको ज्ञान, सीप, र दक्षता प्रदान गर्नमा के कति सक्षम र विद्यार्थीको स्तर उन्मुख छ भन्ने कुराको तुलनात्मक अध्ययन गर्नु नै यस शोधपत्र अध्ययनको औचित्य रहेकोछ ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्दा मुख्यतः सम्वन्धित पाठ्यपुस्तकको बाधाँई, अक्षरको आकार पुस्तकको बाहिरी आवरण, आकार, पाठ्यपुस्तक निर्माणमा प्रयोग भएको कागजको स्तरीयता लगायतका विषयवस्तुहरू शोधमा अध्ययन गरिएको छ । त्यसैगरी सम्वन्धित पाठ्यपुस्तक भित्र रहेका आन्तरिक पक्षहरूका तुलनात्मक विश्लेषण गरिएको छ । त्यसैगरी पठन बोध लगायतका विधाका माध्यमहरूबाट यस तहका विद्यार्थीहरूको भाषिक सीप, क्षमता र दक्षतालाई समग्रमा समेटन सफल छ कि छैन भन्ने विषयमा पनि यस शोधपत्रले तुलनात्मक अध्ययनको विषयवस्तु बनाएर अध्ययनलाई अगाडि बढाइएको छ । साथै यस तुलनात्मक अध्ययन विधिले अर्कोतिर यस कक्षा दश र कक्षा एघार सम्मका विद्यार्थीहरूको स्तर, रूचि, चाहना र आकांक्षा बमोजिमका पाठ्यपुस्तकमा विधा छनौट गर्न सफल र असफल के रहेको छ ? सो कुरालाई पनि अध्ययनले प्रष्ट पार्न सक्षम रह्‌यो । पाठ्यपुस्तकसंग सम्वन्धित व्यक्तिहरूलाई पनि समय सहाउँदो रूपको पाठ्यपुस्तकमा जोड दिनमा उर्जा थप्ने लक्ष्य राखिएको छ ।

समग्रमा के भन्न सकिन्छ, भने हालसम्मका शोधकार्यहरू कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको नपाइएकोले यस शीर्षकको अध्ययन शैक्षिक प्रयोजनका दृष्ट्रिले पनि औचित्यपूर्ण रहेको छ ।

## ८. शोध विधि

जुन सुकै पनि कार्यलाई सफलतामा पुऱ्याउन योजनावद्ध र व्यवस्थित ढङ्गले सञ्चालन गर्नुपर्ने हुन्छ त्यसैले यस शोध अध्ययनमा पनि सुरूदेखि अन्त्यसम्म कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको वीचमा समानता - असमानता मेल-विमेल, निकटता-दुरताका आधारमा तुलनात्मक अध्ययन गरिएकोछ ।

शोध पत्र निर्माण गर्दा शोध विधिमा मुख्य गरी भाषिक अनुसन्धानका सामान्य विधि अन्तर्गत रहेर वर्णनात्मक विधि, पुस्तकालयीय र तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

## ९. शोध सामग्री सङकलन

अनुसन्धान कार्यमा सामग्री संकलनको विशेष महत्व रहेको हुन्छ । शोधपत्र निर्माण गर्दा शोध सम्वन्धि भाषिक सामग्री विशिष्ट माध्यम हुन्छ । शोध सामग्रीलाई शोध पत्र निर्माण गर्दा शोध पत्रलाई गुणनात्मक तुल्याउन अनुसन्धानलाई वैध, प्रमाणित र विश्वसनीय बनाउन विशेष भूमिका हुने भएकाले शोध पत्रको लागि सामग्री सङ्कलन गर्न नितान्त आवश्यक  हुन्छ । कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययनको लागि पुस्तकालय, पत्रपत्रिका, पाठ्यपुस्तक, सहायक पाठ्यपुस्तक, शिक्षक निर्देशिका पूर्व श्रोतग्रन्थहरूलाई प्रथम श्रोतको प्रयोग गरिएको छ । अझै सोधपत्रलाई स्तरिय पार्नको लागि पहिला अरू अनुसन्धान कर्ता वा संस्थाले संकलन गरेका सोध सम्वन्धी प्रकाशित पुस्तकहरू, समाचारपत्र, अध्ययन प्रतिवेदन, अनुसन्धान तथा अनुसन्धानका सार जस्ता द्वितीय श्रोतका सामग्री श्रोत सामग्रीको रूपमा संकलन गराइएको छ ।

## १०. शोधको सीमाङ्कन

शोधपत्र तयार गर्नुभन्दा पहिले नै शोधको सिमाङ्कन गर्नु नितान्त आवश्यक रहन्छ । किन भने अध्ययनको सिमाङ्कनले निश्चित बाटो पहिल्याउँछ । सिमाङ्कले संदेहता, शंङ्का र द्विविधाको स्थितिलाई हटाईदिन्छ । त्यसैले यस कक्षा दशको अनिवार्य नेपाली र कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्दा मुख्यतया कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा एघारको पाठ्यपुस्तकका रूपमा अधिकारी, बाबुराम, मधुप्रसाद अर्याल, नरहरि घिमिरे, हरिप्रसाद खतिवडा, यमलाल कँडेल र डिल्लीराम

ढकालद्वारा सम्पादित "अनिवार्य नेपाली व्याकरण बोध तथा अभिव्यक्ति" नामक पाठ्यपुस्तकको आन्तरिक वा वाह्य पक्षको संरचना, व्याकरण विधा, अभिव्यक्ति, अभ्यास जस्ता विधाको आधार बनाएर यस शोधपत्रको सिमाङ्कन गरिएको छ ।

## ११. रूपरेखा

अध्याय एक - शोध परिचय

अध्याय दुई - कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको आन्तरिक र वाह्य पक्षको अध्ययन ।

अध्याय तिन - कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तका प्रयुक्त विविधताको तुलनात्मक अध्ययन ।

अध्याय चार - कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रका अभ्यासात्मक स्तरगत विभाजनको विस्तृत अध्ययन ।

अध्याय पाँच - निश्कर्ष र सुझावहरू ।

# अध्याय – दुई

कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको आन्तरिक
र वाह्य पक्षको अध्ययन ।

## २.१. भाषा पाठ्यपुस्तकको परिचय

पाठ्यक्रममा निर्धारित लक्ष्य पूरा गर्नका लागि पाठ्यपुस्तकको आवश्यकता हुन्छ । पाठ्यपुस्तकमा विद्यार्थीका लागि प्रयोगात्मक अवसर दिएको हुन्छ र यसलाई शिक्षक एवम् विद्यार्थी दुवै थरीका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्य अनुरूप लेखिएका वा तयार गरिएका हुन्छन् । भाषापाठ्पुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमका उद्देश्य अनुरूप लेखिएका वा तयार गरिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूपका भाषिक अपेक्षाहरू हासिल गर्दछन् । भाषापाठ्यपुस्तकमा भाषा पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर अनुभव र सिकाई आवश्यकताहरू ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषापाठ्यक्रमको कुन उद्देश्य पूर्ति गर्न के पढ्ने, कति पढ्ने, कसरी पढ्ने, कस्तो अभ्यास गरेर पढ्ने, कुन अनुक्रममा पढ्ने आदि कुराहरूलाई आत्मसात गरेर भाषापाठ्यपुस्तक तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तकले विद्यार्थी मात्र होइन भाषा शिक्षकलाई समेत यसले के पढाउने, कति पढाउने, कसरी पढाउने र कुन क्रममा पढाउने र के कस्ता भाषिक अभ्यास गराउने भन्ने कुराको महत्त्वपूर्ण सोच र आधार प्रदान गर्दछ । भाषापाठ्यपुस्तककै सहयोगले शिक्षकले आवश्यकीय शिक्षण योजना बनाई निश्चित प्रक्रिया र गोरेटो समातेर शिक्षण गर्न सक्छन् । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक पाठ्यक्रममा सैद्धान्तिक कुराहरूलाई व्यवहारिक कार्यकलाप तथा प्रकृयामा ढालेर उद्देश्य पूर्ति गर्न महत्त्वपूर्ण एवम् प्रभावकारी सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तका भाषा शिक्षण गर्ने उद्देश्यद्वारा निर्मित पाठ्यपुस्तकलाई भाषापाठ्यपुस्तक भनिन्छ । भाषापाठ्यपुस्तकमा विषयवस्तु गौण हुन्छन् र भाषिक सीपका पक्षहरू प्राथमिक हुन्छन् । अतः भाषा शिक्षणका लागि व्यवस्थित र क्रमवद्ध रूपमा पाठ्यांशलाई भाषापाठ्यक्रमका आधारमा सजाइएको पुस्तक नै भाषापाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, वौद्धिक पक्षका साथै उनीहरूको रूचि आवश्यकता तथा सिकाइ प्रवृति समेतलाई ख्याल गरेर

मनोवैज्ञानिक सिकाई अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । त्यस्तै भाषापाठ्यपुस्तकमा पहिलो र दोस्रो भाषाभाषी विद्यार्थीलाई तोकिएको भाषाको अर्थपूर्ण सिकाई गर्ने उद्देश्य हुन्छ । तसर्थ यसले विद्यार्थीहरूलाई दोहोऱ्याएर पढन, अभ्यास गर्न , गृहकार्य गर्न कक्षाकार्यकलापलाई प्रभावकारी बनाउन तथा स्वाध्ययन गरेर सिक्न समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

यसरी भाषापाठ्यपुस्तकले विद्यार्थीको मानसिक तथा वौद्धिक क्षमता अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सघाउनुका साथै विभिन्न परिस्थितिमा भाषा पाठ्यक्रमकै पूरक विकल्पका रूपमा भूमिका निर्वाह गरेको पाइन्छ ।

**२.१.१. भाषापाठ्यपुस्तकको परिभाषा**

भाषापाठ्यपुस्तक विद्यार्थीहरूको तह र स्तर अुनसार उनीहरूको मानसिक सामाजिक सांवेगिक, वौद्धिक पक्षका साथै विद्यार्थीहरूको रूचि आवश्यकता तथा सिकाई प्रवृत्ति समेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अुनक्रममा बाँधी तयार गरिएको हुन्छ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई दोहोऱ्याएर पढ्न अभ्यास गर्न गृहकार्य गर्न, कक्षाकार्यकलापलाई प्रभावकारी बनाउन तथा स्वाध्ययन गरेर सिक्न समेत महत्त्वपूर्ण सघाउ पुऱ्याउँछ । त्यसैले भाषापाठ्यपुस्तकलाई लिखित रूपमा रहेको भाषाशिक्षक अथवा भाषा पाठ्यक्रमकै पूरक विकल्पका रूपमा पनि अर्थ्याउन सकिन्छ । अब यसरी हेर्दा भाषापाठ्यपुस्तककै बारेमा दिएका खासै परिभाषाहरू त्यति प्रशस्त छैनन् । त्यसैले पाठ्यपुस्तकका बारेमा दिएको परिभाषाहरूबाटै भाषापाठ्यपुस्तकका परिभाषा यसरी खोज्न सकिन्छ ।

"पाठ्यपुस्तक भनेको त्यस्तो पुस्तक हो जसमा सिकाइका उद्देश्य पूरा गर्नका लागि प्रायः सरलीकृति र सङ्गठित ढङ्गले विभिन्न ज्ञानक्षेत्रको प्रस्तुति दिइएको हुन्छ । पाठ्यपुस्तक एउटा महत्त्वपूर्ण शिक्षण सामग्री हो किनभने यसमा के पढाउने भन्ने कुराको निश्चितता मात्र नभएर कसरी पढाउने भन्ने कुराको पनि सुझ दिइएको हुन्छ । हुन त टेलिभिजन तथा अन्य नवीन सञ्चार माध्यमहरूले छापिएका सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धामा पछाडि पारिरहेका छन् तापनि विद्यालय तथा महाविद्यालयहरूका लागि पाठ्यपस्तकहरूलाई नै महत्त्वपूर्ण शिक्षण स्रोत मानिन्छ "।

(इन्साइक्लोपिडिया अमेरिकाना (२६ मे १९७६ : ५६३ )

“पाठ्यपुस्तक शिक्षकका लागि निर्देशक पथप्रदर्शक, विद्यार्थीका लागि स्मरण स्रोत एउटा स्थायी अभिलेख अथवा सिक्दै गरेका कुराको माप एउटा सामान्यीकरण र सम्बन्ध सुत्र, भाषासिकाइको एकीकृत तत्त्व विद्यार्थीहरूको भाषा वैज्ञानिक अनुभव क्षेत्रलाई व्यापक बनाउने साधन र अन्ततः अध्ययनका लाग अभ्यास भूमि हो । पाठ्यपुस्तक विद्यार्थीहरूलाई आफ्नो शेष जीवनको देशदेशावरका हावापानीमा अभ्यास्त बनाउने एक सशक्त मुद्रित सामग्री पनि हो ”

कोतेम्वौला, १९७३:६ ।

”पाठ्यपुस्तक भनेको शिक्षण सामग्रीको एउटा प्रकार हो, जसले शिक्षण सिकाइ प्रक्रियाकालागि साधनको काम गर्दछ । यो विद्यालय महाविद्यालय र विश्वविद्यालय तथा घरमा पनि व्यापक रूपले प्रयोग हुने सर्वसामान्य ढङ्गको शिक्षण सामग्री हो

( तनेजा १९७३ : ६) ।

“कुनै विषयका सिद्धान्तहरूमा शिक्षण प्रदान गर्ने खासगरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तक नै पाठ्यपुस्तक हो । ”

(बेब्स्टर्स न्यूवर्ल्ड डिक्सनरी १९७२-१४७२) ।

“पाठ्यपुस्तक आफ्नै ढंगले निर्मित भएको आफ्नै नैतिक सिद्धान्तद्वारा अन्य पुस्तकभन्दा भिन्न किसिमको हुन्छ, यो छनौट गरिएका विषयवस्तुहरूको व्यवस्थित नियन्त्रण छनौट गरिएका विद्यार्थी समूहका लागि सावधानीपूर्ण सामग्री प्रस्तुती तथा शिक्षकका लागि सहयोग जस्ता कुराहरूमा आधारित हुन्छ । ” गुप्ता, १९८५:५) ।

“सम्भवतः पाठ्यपुस्तक एउटा अति महत्वपूर्ण कुरा हो किनभने यसको उपयोग जति औपचारिक शिक्षण -सिकाइमा गरिन्छ त्यतिकै अनौपचारिक शिक्षण परिस्थिति र स्वाध्ययन परिस्थितिमा पनि गरिन्छ । यो समग्र अन्य स्रोतभन्दा अत्यन्त सस्तो तथा बहुसंख्यक विद्यार्थी र शिक्षकका लागि पनि सुलभ स्रोत सामग्री हो ” मिश्र, १९७०-१ )

“विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई अनौपचारिक ढंगले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो ” बृहत नेपाली शब्दकोष, (२०५२: ६ )

पाठ्यपुस्तक भनेको पुस्तकको एक विशिष्ट प्रकार हो । कहिलेकाही यसले नवीन ज्ञान पनि दिन सक्छ तर त्यो यसको मुख्य कार्य होइन, यसको प्रमुख कार्य त निर्धारित गरिएका क्षेत्रमा सम्बन्धित विद्यार्थीहरूलाई क्रमबद्ध ज्ञान उपलब्ध गराउनु हो ।

(हिल्टन, १९६९ )

“पाठ्यपुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन स्रोत र सामग्री हो ” गुड, १९५९:५६७-६८ )

विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रकृयाहरू अँगाली सतर्कतापूर्वक तयार गरिएको कक्षा कोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो ”

वेकन हयारिस, १९६०-१५१७) ।

यसरी पाठ्यपुस्तकका परिभाषालाई विश्लेषण गरी हेर्दा पाठ्यपुस्तक भनेको विद्यार्थीहरूका लागि पाठ्यक्रम अनुरूप तयार गरिएको आधिकारिक पाठ्यसामग्री हो । पाठ्यपुस्तक सम्बन्धी उक्त माथिका परिभाषाहरूलाई सामान्यीकरणका आधारमा भाषा पाठ्यपुस्तकको परिभाषा खोज्न सकिन्छ । कुनै पनि तह कक्षा वा समुहका लागि बिभिन्न भाषिक उद्देश्य राखेर शिक्षण गर्न तयार पारिएको भाषापाठ्यक्रमको मर्मअनुरूप भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । भाषापाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थी अनुकुलका पाठ्याशंमा ढालेर क्रमवद्ध एवम् व्यवस्थित अध्ययन अध्ययापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्यसामग्री नै भाषा पाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तकलाई भाषा शिक्षण सिकाईको एक भरपर्दो र व्यवस्थित पाठ्यसामग्रीका रूपमा समग्रमा परिभाषित गरिन्छ ।

### २.१.२. नेपाली भाषापाठ्यपुस्तकको विकासक्रम

भाषापाठ्यपुस्तकको विकास नेपालमा निरन्तररूपमा एकै किसिमले भएको पाइदैन । नेपाली भाषा पाठ्यपुस्तकमा समय समयमा अनेक घुम्तीहरू पनि देखा पर्दै आएका छन् । यद्दपि श्री ३ देवशमशेरका पालामा लेखिएको जयपृथ्वीबहादुर सिंहको अक्षराङ्क शिक्षा (१९४८) लाई प्रथम नेपाली भाषापाठ्यपुस्तकका रूपमा लिइन्छ तथापि अज्ञात लेखकको सुरेन्द्रको पाठ्यपुस्तक (१८९४) र गोपालचन्द्र पाण्डेको व्यक्त चन्द्रिका (१९४०) जस्ता कृतिहरूबाट नेपाली भाषा पाठ्यपुस्तकको विकास भएको मान्न सकिन्छ । जेहोस् नेपाली भाषापाठ्यपुस्तकका रूपमा जयपृथ्वीबहादुर सिंहको अक्षराङ्कक शिक्षाले नै पहिलो आवश्यकता पुरा गरेको हुँदा त्यसैलाई नेपाली भाषापाठ्यपुस्तकको आरम्भविन्दु मान्न सकिन्छ । भाषापाठशालाको प्रयोजनका लागि लेखिएको यो पुस्तक विशुद्ध नेपाली भाषा

शिक्षणका लागि मात्र नभएर अन्य विविध प्रयोजनका लागि भएको देखिन्छ । यसमा अक्षरको चिनारी, गणितका सामान्य नियमहरू गुणहरूको पहाडा, महिना, घडी, पला, नक्षत्र, नापतौलका अनेक विषयहरू समावेश भएका थिए । त्यसै क्रममा सिंहकै बालवोध (१९५८) स्रेस्ता दर्पण (१९६०) पदार्थ तत्त्व विवेक (१९६२) शिक्षा दर्पण (१९६४) व्यवहारमाला (१९६५) आदि विविध विषय सम्बद्ध व्यवहार उपयोगी ज्ञानबर्द्धक भाषापाठ्यपुस्तक तथा अन्य पाठ्यपुस्तकहरू प्रकाशित भएका पाइन्छन् ।

त्यसपछि गोरखा भाषा प्रकाशनी समितिकै तर्फबाट नेपाली भाषा पाठ्यपुस्तकहरूको छापिने क्रम वि.सं.१९७० पछि बढन् थालेको देखिन्छ । राममणि आ. दी. को अध्यक्षतामै त्यस भाषा प्रकाशिनी समितिबाट शिशुवोधिनी, गोरखा शिक्षा पहिलो, गोरखा शिक्षा दोस्रो आदि अनेक विषयमा वत्तिसवटा पुस्तकहरू प्रकाशित भएका पाइन्छन् । यस समितिबाट संक्षिप्त रामायण महाभारत जस्ता ग्रन्थ बाहेक अन्य महाविद्यालय स्तरीय नेपाली भाषा पाठ्यपुस्तक र अन्य साहित्यिक पुस्तकहरू पनि प्रकाशित भएका पाइन्छन् । यस समयका नेपाली भाषापाठ्यपुस्तका दृष्टिले चन्द्रिका (१९६९-७२), मध्यचन्द्रिका (१९७६), नेपाली भाषा कसरी शुद्ध लेख्ने ? जस्ता भाषापाठ्यपुस्तकहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । इलाहावाद बोर्ड र कलकत्ता विश्वविद्यालयले क्रमशः १९६८ र १९७५ मा नेपाली भाषालाई ऐच्छिक विषयका रूपमा मान्यता दिदै जानु अनि वि.सं.१९७६ मा त्रिचन्द्र कलेजको स्थापना हुनुले पनि नेपाली भाषापाठ्यपुस्तकको आवश्यकता बढ्दै गएको र अनेक माध्यमबाट यसको परिपूर्ति गरिदै लगेको इतिहास पाइन्छ । नेपाली भाषापाठ्यपुस्तकको पूर्ति गराउने क्रममा चक्रपाणि चालिसे, ज्ञान विलास, पहलमान सिंह स्वार, वैजनाथ सेढाई, कृष्णचन्द्र अर्याल, रामचन्द्र अधिकारी देशभित्रबाटै र नेपाल बाहिरबाट पादरी गङ्गाप्रसाद, पारसमणि प्रधान, सेषमणि प्रधानले नेपाली भाषापाठ्यपुस्तकमा ठूलो भूमिका खेलेको पाइन्छ । त्यस पछि वि.सं. १९९० मा स्थापित एस.एल.सी. बोर्डको पाठ्यक्रम अनुसार नेपाली भाषा पाठ्यपुस्तकको माग बढ्दै जाँदा बोधविक्रम अधिकारीको दन्त्यकथा र जितेन्द्रबहादुर शाहको "विज्ञानको चमत्कार" को पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

जहाँनीया राणा शासनको समाप्ति र नेपालमा २००७ सालको प्रजातन्त्रले ल्याएको नवजागरण सँगै शिक्षा क्षेत्रमा पनि परिवर्तनका लहरहरू देखा परे र नयाँ-नयाँ विद्यालयहरू पनि खोलिदै गए । तर नेपालको राष्ट्रिय शिक्षा नीति अझै पनि अन्योलपूर्ण अवस्थामा रहेकाले अपेक्षाकृत सुधार हुन सकेन । वि.सं. २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन अनुसार नेपाली भाषा पाठ्यपुस्तकहरूको विकासका केही सक्रियता बढ्दै गयो तर

२०१८ को सर्वाङ्गिण शिक्षा नीति अनुसार मात्र भाषापाठ्यपुस्तक तथा अन्य पाठ्यपुस्तक लेख्ने र स्वीकृति दिने विषयमा ठोस नीति प्रारम्भ भयो । यसै बीच २०१५-१६ तिर महानन्द सापकोटाद्वारा लिखित हाम्रो साहित्य नामक नेपाली भाषापाठ्यपुस्तक कक्षा १ देखि ५ सम्मका लागि अनेक खण्डमा प्रकाशित भएको थियो । त्यस्तै २०१७ -१८ तिर कृष्णराज अर्यालको सम्पादनमा हाम्रो किताव नामक नेपाली भाषापाठ्यपुस्तक विभिन्न भागमा कक्षा तिनदेखि माथिल्ला कक्षाका लागि लेखिएको थियो भने गोपीनाथ उपाध्यायको सम्पादनमा हाम्रो भाषा नामक पुस्तक पनि पाठ्यपुस्तकका रूपमा प्रकाशन गरिएको थियो । यसरी २०२८ को नयाँशिक्षा नीति लागू हुनुपूर्वसम्म नेपाली भाषापाठ्यपुस्तकको विकासमा योगदान पुऱ्याउनेहरूमा गोपाल पाण्डे (असिम) र हरिप्रसाद पनि देखा पर्दछन् । उनीहरूको सम्पादनमा प्रकाशित (राष्ट्र भाषा साहित्य) नामक नेपाली भाषाको पाठ्यपुस्तकलाई २०२१-२२ को पाठ्यक्रम अनुसार तत्कालीन सरकार शिक्षा विभागले स्वीकृति प्रदान गरेको देखिन्छ । त्यस्तै जनकलाल शर्मा र शङ्कर लामिछानेको सम्पादकत्त्वमा हाम्रो साहित्य, नामक नेपाली भाषापाठ्यपुस्तक प्रकाशित भएको थियो । महादेव भट्टराईको महेन्द्रमाला भाग तिन (२०२४) जस्ता पाठ्यपुस्तक उल्लेखनीय रहेका छन् ।

क्रमशः वि.सं. २०२८ मा नयाँ शिक्षा नीति लागू भएपछि भाषापाठ्यपुस्तक तथा अन्य पाठ्यपुस्तकहरूमा एकरूपता ल्याउने प्रयास गरियो । फलस्वरूप सम्पूर्ण तहका सबै माध्यमिकसम्मका पाठ्यपुस्तकहरूको जिम्मा जनक शिक्षा सामग्री केन्द्रलाई प्रकाशनको लागि दिइयो । साथै माध्यमिक तहसम्मका पाठ्यपुस्तक लेखन पनि व्यक्ति विशेषलाई नदिएर पाठ्यक्रमले निर्धारण गरे बमोजिमका नीति नियमहरूको परिधीभित्र रहेर निर्माण गर्नका लागि निश्चित व्यक्ति वा टोलीलाई तोकियो । यसरी नेपाली भाषा पाठ्यपुस्तकको विकास माध्यमिक तहमा २०५५ सालको परिवर्तित पाठ्यक्रमसँग सम्वन्धित रहेर गरिएको छ भने उच्च माध्यमिक तहमा नेपाली भाषापाठ्यपुस्तकको विकास २०५७ को उच्च माध्यमिक शिक्षा परिषदले तोकेको पाठ्यक्रम बमोजिम संस्थागत प्रकाशन भन्दा पनि व्यक्तिगत र सामुहिक लेखन र विभिन्न प्रकाशन केन्द्रबाट पाठ्यपुस्तकहरू प्रकाशित हुदै अगाडि बढेको पाइन्छ ।

यसरी हेर्दा हाल नेपाली भाषापाठ्यपुस्तकको विकास प्राथमिक तहदेखि महाविद्यालय तहसम्म संस्थागत र व्यक्तिगत प्रयासबाट विभिन्न अभाव र अप्ठ्याराको बीचबाट अगाडि बढ्दै गएको पाइन्छ ।

## २.२. पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलना

पाठ्यपुस्तकहरू समसामयिक विद्यार्थीको वौद्धिक क्षमता तथा राष्ट्रले अवलम्बन गरेको शैक्षिक उद्देश्यबाट निर्देशित हुनुपर्दछ । पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाई क्रियाकलाप सञ्चालनको लागि सहयोग गर्ने प्रमुख साधन नै पाठ्यपुस्तक हो । पाठ्यपुस्तकले विद्यार्थीका लागि कुनै निश्चित ज्ञान प्राप्तिका सम्वन्धमा तोकिएको विषयको निर्धारित लक्ष्य प्राप्तिका लागि शिक्षक र विद्यार्थीलाई मार्गदर्शन गर्नुका साथै विद्यार्थीहरूलाई गृहकार्य, पुनरावृत्ति र अभ्यास गर्न पनि सहयोग गर्दछ । स्तरीय पाठ्यपुस्तकले सम्वन्धित तहका विद्यार्थीको मानसिक तथा बौद्धिक क्षमता अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सघाउनुका साथै समय र परिस्थिति अनुसार पाठ्यपुस्तकले पाठ्यक्रम र शिक्षककै भूमिका खेलेको पाइन्छ । तसर्थ कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको स्तरको लागि उपयुक्त हुनु आवश्यक छ । पाठ्यपुस्तक शिक्षण सामग्रीको उच्चतम नमूना मानिन्छ । जसकारण उक्त पाठ्यपुस्तकले विद्यार्थीहरूको स्तर तह, उमेर , रूचि आदि पक्षलाई समेटन सकेको छ , छैन भनेर लेखाजोखा गर्नु नितान्त आवश्यक छ ।

यसरी हेर्दा भाषा-शिक्षण गर्ने उद्देश्यद्वारा निर्मित पाठ्यपुस्तकलाई भाषापाठ्यपुस्तकका रूपमा लिइन्छ । भाषापाठ्यपुस्तक अन्य पाठ्यपुस्तक भन्दा भिन्न प्रकृतिको हुन्छ । यसमा विषयवस्तु गौण हुन्छन् र भाषिक सीपका पक्षहरू प्राथमिक हुन्छन् । यसरी हेर्दा भाषा शिक्षणका लागि व्यवस्थित र क्रमवद्ध रूपमा पाठ्यांशलाई सजाएको पुस्तक भाषा पाठ्यपुस्तक हो । यसमा भाषा नै साधन र भाषा नै साध्य हुन्छ । समग्र पाठ्यपुस्तकका कार्यकलाप भाषिक सीप विकासमुखी हुन्छन् । यसरी हेर्दा भाषापाठ्यपुस्तक अध्ययन विश्लेषणका मूख्य दुईओटा आधार छन् –

(१) भौतिक वा वाह्य आधार (२) आन्तरिक आधार

### २.२.१. कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकको मूल्याङ्कनका आधारहरू

कक्षा १० औपचारिक शिक्षा अन्तर्गत माध्यमिक तहमा पर्ने कक्षा हो । यस कक्षाको अनिवार्य नेपाली पाठ्यपुस्तकको विश्लेषणको क्रममा यसको आवरण पृष्ठदेखि लिएर यसका मसी, अक्षर, कागज, शैली, विषयवस्तु, विधा, अभ्यास, शब्दभण्डार, व्याकरण आदि थुप्रै वस्तुको वर्णन र विश्लेषण गर्नुपर्ने हुन्छ । यस कक्षाको उक्त पाठ्यपुस्तक अध्ययन तथा विश्लेषणका लागि तयार पारिएका अध्ययनका बुँदाका आधारमा बुँदागत रूपमा संक्षिप्त अध्ययन यस प्रकार गरिएको छ –

(क) आन्तरिक आधार वा शैक्षिक आधार

(अ) **विषयवस्तु**

यस कक्षा दशको अनिवार्य नेपाली पाठयपुस्तकमा समावेश गरिएका पाठहरूले राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचित, प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका, सृजनशील, सहयोगी, उधमशील, स्वावलम्बी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वास्थ्य र सक्षम नागरिक तयार गर्ने खालका विषयवस्तुहरू समावेश गरिएको छ । यसरी कक्षा दशको नेपाली पाठयपुस्तकको विश्लेषण गर्दा सामाजिक सास्कृतिक तथा ऐतिहासिक प्राकृतिक तथा वातावरणीय, वैज्ञानिक तथा प्राविधिक, कलाकौशल तथा सौन्दर्य र व्यावसायिक क्षेत्रका निवन्धहरूको संङ्ख्या ३ (तिन) ओटा रहेको पाइन्छ । कथाका रूपमा लोक कथा, ऐतिहासिक कथा, पौराणिक, आधुनिक कथा गरेर ३ (तिन) वटा कथाका समावेश गरिएका छन् । राष्ट्रिय र अन्तरराष्ट्रिय जगत्का राजनीतिक साहित्यिक, साँस्कृतिक, वैचारिक, आविष्कारक कला सम्बन्धी आदि क्षेत्रका जीवनीहरूलाई समेटेर ३ (तिन) ओटा रहेका पाइन्छन् ।

त्यसैगरी चिठी एउटा, मनोवाद सङख्या एक वादविवाद संङख्या १ एक र कविता संख्या ३ तिनओटा रहेका छन् । समंग्रमा कक्षा दशको अनिवार्य नेपाली पाठयपुस्तकभित्र जम्मा १६ ओटा पाठहरू पुस्तकभित्र विभिन्न विधासँगै भाषातत्त्वको पनि पाठसँगै प्रस्तुत गरेको पाइन्छ ।

(आ) **बिधा तथा प्रस्तुति**

कक्षा दशको अनिवार्य नेपाली पाठयपुस्तकको विधा प्रस्तुतिसँगै सम्बद्ध पाठहरूलाई तलको तालिकामा देखाइएको छ ।

| **क.सं.** | **विधा** | **सि.नं.** | **विद्यागत पाठहरू** | **क्षेत्र** |
|---|---|---|---|---|
| १ | कविता | १ | प्रश्नोत्तर | नीतिप्रधान |
| | | २ | बैशाख | प्रकृतिप्रधान |
| | | ३. | सहिदहरूको सम्भनामा | इतिहासप्रधान |
| २. | कथा | १ | कर्तव्य | सामाजिक |
| | | २ | दोषी चस्मा | सामाजिक मनोवैज्ञानिक |
| | | ३ | न्यायको पक्षमा | सामाजिक |
| ३. | जीवनी | १ | जयपृथ्वीवहादुर सिंह | सास्कृतिक, ऐतिहासिक |
| | | २ | इमानसिंह चेमजोङ | सास्कृतिक, विचारक |
| | | ३. | नेल्सन मण्डेला | राजनीतिक |
| ४ | निबन्ध | १ | जय भोलि | सामाजिक |
| | | २ | मिथिला चित्रकला | सास्कृतिक, ऐतिहासिक |
| | | ३. | यन्त्रमानव | वैज्ञानिक तथा प्राविधिक |
| ५. | मनोवाद | १ | काम खोज्दै जाँदा | |
| ६. | वादविवाद | १ | भाग्यभन्दा परिश्रम ठूलो | |
| ७. | एकाङ्की | १ | घरको माया | सामाजिक र सास्कृतिक |
| ८. | चिठी | १ | व्यापारिक चिठी | व्यापारिक |

यस पाठ्य सामाग्रीमा ८ वटा विधा अन्तर्गत कविता ३ ओटा, कथा ३ ओटा, जीवनी ३ ओटा, निवन्ध ३ ओटा, मनोवाद एक , वादविवाद १, एकाङ्की एक  र चिठी एक  ओटा गरी जम्मा १६ ओटा पाठहरू रहेका छन् । विधाका दृष्टिले हेर्दा कविता विधा सवै पद्य र बाँकी १३ ओटा पाठहरू गद्य विधा अन्तर्गत रहेका छन् ।

### (इ) भाषिक संरचना र शैली

यस पाठ्यसमाग्रीमा प्रत्येक पाठसँगै कठिन शब्दको अर्थ राखिएको छ । यसरी राखिएका शब्दहरू र तीनको अर्थहरू ५०२ ओटा छन् । यस पाठ्यपुस्तक भित्र तत्सम तदभव र आगन्तुक लगायत झर्रा नेपाली स्रोतका शब्दहरू प्रयोग गरिएका छन् । पाठयपुस्तकभित्र अंग्रेजी, हिन्दी जस्ता आगन्तुक भाषाका शब्दहरू पनि प्रयोग भएका छन् । पाठ्यसामाग्रीमा रहेका पाठहरूलाई लम्बाइका दृष्टिले हेर्दा कविता विधाका पाठहरूको पङक्ति २८, २८ र १८, कथा विधाको पाठहरूको ४८, २४, र ३१ अनुच्छेदसम्म निबन्धविधामा १०, ७ र १० अनुच्छेद, जीवनी विधामा ९, ७ र १० अनुच्छेदमा त्यसैगरी मनोवादमा ५ अनुच्छेद, चिठी ६ वाक्यमा, वादविवाद २५ ओटा अनुच्छेदमा र एकाङ्की ११३ नम्बरसम्म दिएर संरचित गरिएको छ ।

गद्य विधाका पाठहरू सरल, संयुक्त र मिश्र तिनैखाले वाक्यहरू संरचित वाक्यहरू शब्द संङख्याका दृष्टिकोणले एक शब्द "हा" (पृष्ठ १२७) बिँडी पनि हाम्रै पासमा है (पृष्ठ १२२) भन्नु हुने भए भन्नुहोस (पृष्ठ १०३) मूरलीधरको मन एक तमासको भो (पृष्ठ ११) जस्ता छोटा वाक्यहरू पनि भेटिन्छन् भने "इमानसिंह चेमजोङले लिम्बुवान र खुम्बुबान क्षेत्रका प्रत्येक ऐतिहासिक, पुरातात्त्विक र साँस्कृतिक महत्वका स्थलहरूको भ्रमण गरी सामाग्री सङ्कलन र अध्ययन गर्ने काम गरे, तर उनले यी सामग्रीहरूलाई व्यवस्थित रूप दिई प्रकाशन गर्ने काम त्याँहा बसेर सम्भव हुने देखेनन् ।" (पृष्ठ ७९ ) जस्ता लामा र मझौला खालका वाक्यहरू पनि प्रसस्तै भेटिन्छ् ।

व्याकरणका लागि छुट्टै पाठहरू प्रयोग भएका छैनन । शब्दभण्डारका लागि हरेक पाठको अन्त्यमा प्रशस्तै शब्दहरू अर्थसहित राखिएकाछन् । विधागत शैलीका दृष्टिले हेर्दा कविता विधा छन्दोवद्ध तथा लयवद्ध छन् । भाषातत्वको प्रयोगका दृष्टिवाट हेर्दा विधाका पाठहरूका भाषातत्व स्वभाविक रूपमा अन्तर्निहित भएको पाइन्छ ।

### (ई) नमूना अभ्यास

कक्षा दशको अनिवार्य नेपाली पाठयपुस्तकका अभ्यासहरूलाई हेर्दा हरेक विधागत पाठहरूमा कम्तिमा ५ देखि २० ओटासम्म अभ्यासहरू दिइएका छन् । अभ्यासको प्रकृतिलाई हेर्दा शब्दभण्डारका २५, वाक्य बनाउने २२, अनुच्छेदलेखन ६०, पठनबोध सम्बन्धी १६ वाक्यपुरा गर्ने १२, पाठसंग सम्बन्धित प्रश्नोत्तर र अन्य गरी १७+१८, शुद्धलेखन १६ व्याकरणसँग सम्बन्धित ३३ अभ्यास रहेका छन् । यसरी विभिन्न प्रकृतिका अभ्यासहरूलाई हेर्दा (कक्षा दशको अनिवार्य नेपाली पाठयपुस्तकमा जम्मा २१९ वटा अभ्यासहरू रहेका छन्

पाठ्यपुस्तकभित्रका अभ्यासहरूलाई हेर्दा सिर्जनात्मक प्रयोग क्षेत्रमा अनुच्छेद लेखन, संवाद वादविवाद, मनोवाद, बक्तृत्व आदि अभ्यासहरू छन् भने विभिन्न अभ्यासहरूमा शब्दभण्डार अन्तर्गत पर्यायवाची, अनेकार्थी, अनुकरणात्मक, विपरीतार्थक, श्रुतिसमभिनार्थक जस्ता अभ्यासहरू १० ओटा विभक्ति, निपात, नाम, सर्वनाम, विशेषण क्रियापद, वचन, लिङ्ग, करण अकरण, लेख्यचिन्ह, उखान टुक्का, काल, पक्ष, भाव, वाच्य, वाक्यका प्रकार, वाक्य विश्लेषण र संश्लेषण जस्ता कार्यमूलक व्याकरण तत्त्वहरू रहेका छन् । अभ्यासहरूको विषयवस्तु र प्रकृति हेर्दा भाषिक सीपका सुनाइ, बोलाइ, पढाइ र लेखाई जस्ता भाषिक सीप पक्षलाई अभ्यासका एकाइहरूमा राखिएको छ ।

**(उ) चित्रहरू**

यस कथा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकका विभिन्न विधाका पाठहरूमा कम्तिमा एकदेखि बढीमा पाँचसम्म चित्रहरूको प्रयोग भएका छन् । यस पाठ्यपुस्तकभित्रका प्रश्नोत्तर र बैशाख कवितामा एक एक चित्र रहेका छन् । त्यसै गरी सबैभन्दा बढी चित्र चाहिँ यन्त्रमानव निवन्धमा पाँचवटा रहेका छन् । पाठ्यपुस्तकलाई चित्रका आधारमा हेर्दा यस पाठ्यपुस्तकमा जम्मा ३७ ओटा चित्रहरूको प्रयोग भएको छ । पाठ शुरू हुनुभन्दा अघि छायाकोष्ठभित्र दिइएका सामाग्रीहरूलाई विद्यार्थीहरूको स्वअध्यायनका लागि सङकेतपटको पनि व्यवस्था गरिएको छ । चित्रहरू सबै तस्वीर भन्दा आकृति मात्र उतारिएका छन् भने चित्रहरू रंगीन नभएर सबै सादा छन् ।

**(ख) बाहृय वा भौतिक पक्ष**

**(अ) आवरण पृष्ठ**

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकको आवरण पृष्ठमा प्रयोग गरिएको कागज केही मोटो तर सामान्य खालको रहेको छ । यस पाठ्यपुस्तकको अगाडिको आवरण पृष्ठ भाग रङ्गीन छ । आवरणको तल्लो भागमा हिमालको सुन्दर चित्र सेतो र निलो रङ्गमा रङ्गीएको छ । हिमालयको चित्रमाथि बीचमा गाढा सामान्य र हल्का फिका आकारमा नेपाली पाठ्यपुस्तकको नाम नेपाली ठूलो अक्षरमा लेखिएको छ र त्यसको माथि कक्षा १० भनेर दाँया किनारको आवरणमा नीलो रङभित्र लेखिएको छ । त्यसैगरी पछाडिको भागमा कक्षा दशको कक्षागत गीत दिइएको छ । पछाडिको आवरण पृष्ठको कक्षागत गीतको अन्त्यमा दाँयातिर नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठयक्रम विकास केन्द्रको ठेगाना र बायाँ तिर मुद्रक जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड को लोगो अंकित गरिएको छ ।

**(आ) कागज**

कक्षा दशको पाठयपुस्तकमा प्रयोग भएको कागज सफा र सेतो रङ्गको छ । भित्रि कागज भन्दा बाहिरी कागज बाक्लो र अलि दरो छ ।

**(इ) बँधाई**

यस पाठयपुस्तकका पाठयसमाग्रीका पृष्ठहरूलाई स्टेपपिनद्वारा दुई ठाँउमा बाधिएको छ । स्टेपपिनद्वारा बाँधिएको पाठ्यसामाग्रीलाई गम प्रयोग गरी आवरण पृष्ठले छोपिएको छ ।

**(ई) आकार**

आकारका दृष्टिले हेर्दा यस पाठ्यपुस्तकको लम्बाई १५.५ से.मी., चौडाइ १२ से.मी. र मोटाई १ से.मी रहेको छ । यस पाठयपुस्तकको आकार विद्यार्थीको स्तर र कक्षा सुहाउँदो र विद्यार्थीले बोक्न सजिलो हुने गरी बनाइएको छ ।

**(उ) मूल्य**

यो पाठयपुस्तक नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा वितरित र जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुरद्वारा मुद्रित पाठयसामाग्री हो । यसको मूल्य रू ... मात्र राखिएको छ । पूर्ण रूपमा मूल्य खुलाएको छैन् ।

**(ख) कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको मूल्याङ्कनका आधारहरू**

यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण अर्न्तगत सुजता तथा ज्ञानज्योति प्रकाशनद्वारा २०६४ सालमा लेखक तथा सम्पादक उप प्र. बाबुराम अधिकारी, नरहरि घिमिरे, डिल्लीराम ढकाल, हरिप्रसाद खतिवडा, मधुप्रसाद अर्याल र यमलाल कँडेलद्वारा रचित "अनिवार्य नेपाली व्याकरण बोध तथा अभिव्यक्त १०+२ लाई आधार बनाएर निम्न लिखित शीर्षकका आधारमा अध्ययन गरिएको छ–

**(अ) आन्तरिक वा शैक्षिक पक्ष**

**(क) विषयवस्तु**

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूका विषयवस्तुले भाषिक व्यावहारमा सक्षम, सृजनशील, सहयोगी, उधमशील, स्वावलम्बी तथा स्वस्थ र सक्षम नागरिक तयार पार्ने, शिक्षाका राष्ट्रिय उद्देश्यलाई लक्ष्यमा पुऱ्याउने उद्देश्य रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा नीतिप्रधान, समाजप्रधान, प्रकृतिप्रधान संस्कृतिप्रधान ऐतिहासिक जस्ता क्षेत्रका विषयलाई समेटेर ६ ओटा कविता, राखिएको छ । सामाजिक, सास्कृतिक, प्राकृतिक तथा सौन्दर्यपूर्ण क्षेत्रलाई विषयवस्तु वनाएर ३ (तिन) ओटा निबन्ध

विधाको रचना गरिएको छ । ५ (पाँच) ओटा कथाहरू लोक कथा, ऐतिहासिक कथा, पौराणिक र आधुनिक क्षेत्रलाई विषयवस्तु बनाएर पाठयपुस्तकमा राखिएको छ । सामाजिक र ऐतिहासिक विषयवस्तुलाई समेटेर दुई (२) ओटा रूपक विधालाई समेटेको छ । सामाजिक यथार्थ चित्रणमा आधारित विषयवस्तु समेटिएको एक (१) सामाजिक उपन्यास राखिएको छ । व्याकरण खण्ड अन्तर्गगत  भाषातत्त्वका रूपमा ६ ओटा एकाइहरूलाई यस पाठयपुस्तकभित्र समेटिएको छ । यसरी विविध विषयका व्याकरण खण्डमा ६ एकाइहरू र खण्ड (ख) बोध र अभिव्यक्ति खण्डमा चार ओटा एकाइ यस पाठ्यसामग्रीमा सम्पादन गरिएका छन् ।

**(ख) विधा तथा प्रस्तुति**

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको विधा र प्रस्तुतिसँग सम्बद्ध पाठहरूलाई तलको तालिकामा देखाइएको छ ।

| क.सं. | विधा | सि.नं. | विधागतपाठहरू | क्षेत्र |
|---|---|---|---|---|
| १ | कविता | १ | नैतिक दृष्टान्त | नीतिप्रधान |
| | | २ | वन | प्रकृतिप्रधान |
| | | ३ | परिवर्तन | सामाजिक प्रधान |
| | | ४ | माग्नेको गीत | सास्कृतिक प्रधान |
| | | ५. | यही हो मेरो मिथिला | इतिहास प्रधान |
| | | ६ | मेरो देश | सामाजिक |
| २ | कथा | १ | छिमेकी | सामाजिक |
| | | २ | सिपाही | मनोवैज्ञानिक |
| | | ३ | हारजित | सामाजिक |
| | | ४ | रातभरि हुरी चल्यो | आधुनिक |
| | | ५ | मधुमालतीको कथा | लोक कथा |
| ३ | निबन्ध | १ | वीरहरू | ऐतिहासिक |
| | | २ | आइमाइ साथी | सामाजिक |
| | | ३ | महापुरूषको सङ्गत | सास्कृतिक |
| ४. | एकाङ्की नाटक | १ | नालापानीमा | ऐतिहासिक |
| | | २ | बहुला काजीको सपना | समाजिक यथार्थ |

| | | | | |
|---|---|---|---|---|
| ५. | उपन्यास | १ | बसाइँ | सामाजिक यथार्थ |
| ६. | बोध | १. | अनुच्छेद र पत्ररचना लेखन | सामाजिक |
| | | २ | निबन्ध प्रतिवेदन र टिप्पणी | सास्कृतिक |
| | | ३ | वुँदा टिपोट | राष्ट्रिय / अन्तराष्ट्रिय |
| | | ४ | सङक्षेपीकरण | दृश्य /अदृश्य |
| ७. | व्याकरण | १ | वर्ण र अक्षरको संरचना पहिचान | व्यारणिक सीप |
| | | २ | वर्ण विन्यास र चिन्हपहिचान | |
| | | ३ | शब्दवर्ग र शब्दरूपायन | |
| | | ४ | शब्द निर्माण | |
| | | ५ | वाक्यतत्व | |
| | | ६ | वाक्यका प्रकार र वाक्यान्तरण | |

यसरी पाठयपुस्तकमा विधागत वितरण र प्रस्तुतिका दृष्टिले व्याकरण खण्ड (क) मा ६ वटा एकाइहरूमा वर्ण र अक्षरको पहिचान, वर्णविन्यास र चिन्ह परिचय, शब्दवर्ग, शब्दरूपायन शब्दनिर्माण प्रक्रिया, वाक्यतत्त्व र वाक्यका प्रकार र वाक्यान्तरण रहेका छन् । त्यसैगरी बोध तथा अभिव्यक्ति खण्ड (ख) मा रहेका चार एकाई अन्तरगत वोध र शब्दभण्डार तथा बुँदाटिपोट र सङक्षेपीकरण अनुच्छेद लेखन र पत्ररचना, निबन्ध, टिप्पणी र प्रतिवेदन लेखन र कृतिसमीक्षा गरेर पाठयपुस्तकमा विधाको वितरण र प्रस्तुतिकरण गरिएको छ ।

**(ग) भाषिक संरचना र शैली**

कक्षा एघारको अनिवार्य नेपाली पाठयपुस्तक भाषिक संरचना र शैलिका दृष्टिले पाठयपुस्तकको पहिलो खण्ड (क) मा व्याकरण विधाको प्रस्तुतिकरण रहेको छ । जसमा व्याकरणिक सीप र क्षमता विकासको उद्देश्यका आधारमा एकाई एकमा वर्णको परिचय प्रकार र अक्षर संरचनालाई समाविष्ट गरिएको छ । त्यसै गरी एकाई २ दुईमा वर्णविन्यास र चिन्हपरिचय अन्तरगत तत्सम, तद्भव र आगन्तुक वर्णहरू र लेख्य चिन्हहरूको प्रयोगलाई व्यवस्थित गराइएको छ । एकाइ ३ (तिन) मा शब्दवर्ग अन्तरर्गत नेपाली शब्दहरूको स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरीएको छ भने नाम, सर्वनाम, विशेषण र क्रियापदको रूपायन र रूपावलीलाई पाठ्यपुस्तकमा राखिएको छ । उपसर्ग, प्रत्यय, समास, दित्व र संन्धिद्वारा शब्द निर्माण गर्ने प्रकृयालाई एकाई ४ मा समावेश गरिएको छ । एकाइ पाँचमा वाक्यतत्त्व अन्तर्गत क्रियापदको परिचय, धातु, काल, पक्ष, भाव, अर्थ, वाच्य, सङ्गती, कारक

र विभक्ति र पदक्रमलाई क्रमवद्ध तरिकाले राखि व्यवस्थित गरिएको छ । व्याकरण खण्डको अन्तिम एकाइ ६ मा वाक्यका प्रकार र वाक्यान्तरण शीर्षक अन्तर्गत वाक्यका प्रकार वाक्यसंश्लेषण विश्लेषण जस्ता व्याकरणिक विद्यालाई पाठ्यपुस्तकमा संरचित गराइएको छ ।

त्यसैगरी भाषिक संरचना र शैलीका दृष्टिले कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको दोस्रो खण्ड (ख) बोध र अभिव्यक्तिमा बोधक्षमता, शब्दभण्डार बुँदा टिपोट, संङक्षेपीकरण जस्ता विधालाई यस खण्डमा पहिलो एकाइ अन्तगर्त राखिएको छ । जसमा भाषिक दृष्टिले शब्दभण्डार विकासलाई महत्व दिएको पाइन्छ । वोध तथा अभिव्यक्ति खण्डको दोस्रो एकाइमा अनुच्छेदलेखन वा पत्ररचनालाई व्यवस्थित गरिएको छ जसको कारणले विद्यार्थी भाषिक सीप विकासमा व्यावहारिक ज्ञान प्राप्त गर्ने देखिएको छ । त्यसैगरी एकाइ तिनमा निबन्ध, टिप्पणी र प्रतिवेदन लेखन कलालाई व्यवस्थित पार्न भाषिक संरचना र शैलीको प्रयोग गरिएको छ । बोध तथा अभिव्यक्ति खण्डको अन्तिम तथा चौथो एकाइमा कृतिसमीक्षा अन्तर्गत कविता, कथा, निबन्ध एकाङ्की, नाटक, उपन्यासलाई राखिएको छ । त्यस अन्तर्गत रहेर भाषिक सीपको विकास तथा अभिव्यक्ति संरचनामा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

यसरी कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको भाषिक संरचना शैलीको आधारमा आन्तरिक विश्लेषण गर्दा यस पाठ्यपुस्तकमा तत्सम, तदभव, आगन्तुक अनुकरणात्मक शब्दहरू प्रसस्त मात्रामा प्रयोग भएकाछन । पाठ्यपुस्तकभित्र उपसर्ग, समास, द्वित्व र सन्धि जस्ता प्रक्रियाद्वारा वनेका शब्दहरू यथेष्ट रूपमा रहेका छन् । यस पाठ्यपुस्तकका पद्य विधालाई हेर्दा परिवर्तन र मेरो देश कविता गद्य शैलिमा संरचित छन् भने नैतिक दृष्टान्त, वन, माग्नेको गीत, यही हो मेरो मिथिला पद्य शैलीमा संरचित छन् । कविताहरू पद्य र गद्य जुन सुकै शैली र संरचनामा भए पनि लय र भाववोधको तालमेल राम्रो मिलेको पाइन्छ । नाटक र एकाङ्की विधामा पनि नालापानी नाटक पद्यलयमा रचना गरिएको छ । भाषिक संरचना र शैलीका दृष्टिले सरल रहे पनि अलिकति बौद्धिक भाषाशैलीको प्रयोग भएको छ । वहुलाकाजीको सपना नाटकमा प्रतीक र विम्बको शैलीलाई उठाइएकोछ । कथा विधामा सिपाही , छिमेकी, हारजित र मधुमालतिको कथा सरल सहज र सुवोध्य शैली मा संरचित छन भने रातभरि हुरि चल्यो कथा प्रतीक र विम्वात्मक ढाचाँमा रचना गरिएको छ । निबन्धहरूमा "वीरहरू " निबन्धमा स्वच्छन्दतावादी प्रगतिवाद शैली आत्मपरक शैलीमा रचना गरिएको छ भने (आइमाई साथी) निबन्धले स्वतन्त्रताको वैचारिक

वहसको शैली र महापुरूषको सङगत निवन्ध व्याङ्गयात्मक शैलीका साथमा रचना गरिएको छ ।

समग्रमा हेर्दा कक्षा एघारको पाठ्यपुस्तकको विधाका भाषिक संरचना र प्रस्तुतिकरण शैलिमा विम्ब, प्रतीक, व्याङ्गयात्मकता, प्रयोगवादी, अलिकति लामा पाठहरू जस्ता संरचना र शैली भेटिन्छन् । वाक्यका दृष्टिले संसारै यस्तै छ (महापुरूषको संगत) जस्तो छोटो वाक्य देखि लिएर पचास शब्द भएका लामा वाक्यहरू पनि प्रसस्त भेटिन्छन् । प्रश्नोत्तर शैली र गद्य शैलीका कविता पनि छन्  अर्को तिर छन्दवद्ध र छन्दोमुक्त कविता पनि रहेका छन् ।

**(घ) नमूना अभ्यास**

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूलाई हेर्दा हरेक विधागत पाठहरूमा कम्तिमा पाँच देखि ३२ ओटासम्म अभ्यासहरू राखिएका छन् । वर्ण र अक्षरको संरचनाको पहिचान सम्बन्धी १२, वर्णविन्यास र चिन्हपरिचय १२, शब्दवर्ग र शब्दरूपायनका १३, शब्दनिर्माण सन्धिसहितका ३१, वाक्यतत्वसम्बन्धी ६, वाक्यका प्रकार र वाक्यान्तरणका ३२, बोधसम्बन्धी ५, अनुच्छेद र पत्ररचना १२, निबन्ध, टिप्पणी र प्रतिवेदन लेखन सम्बन्धी २६, कृतिसमीक्षा खण्डका पाठसँग सम्बन्धित प्रश्नोत्तर र अन्य गरि ४८ ओटा अभ्यास रहेका छन् । यसरी विभिन्न पाठसंग सम्वन्धित पाठ्यपुस्तकका अभ्यासहरूलाई हेर्दा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा जम्मा १९७ ओटा अभ्यासहरू रहेका छन् ।

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रका अभ्यासहरूलाई हेर्दा सिर्जनात्मक प्रयोग क्षेत्रमा सारांश लेखन, बोध अभ्यासात्मक कार्यकलाप, निबन्धलेखन कृतिगत समीक्षा अन्तर्गत प्रश्नोत्तरात्मक अभ्यासहरू प्रस्तुत गरिएका छन् । विभिन्न शब्दभण्डारात्मक अभ्यास अन्तर्गत अनुकरणात्मक, प्रयायवाची, उखान टुक्का जस्ता अभ्यास पनि रहेकाछन् । त्यसै गरी वर्ण र अक्षर वर्णविन्यास र चिन्ह परिचय शब्दवर्ग रूपायन जस्ता व्याकरणात्मक अभ्यासहरूलाई पनि व्याकरण खण्डमै व्यवस्थित गरिएको छ । त्यसैगरी यस पाठ्यपुस्तक भित्र कार्यमूलक व्याकरण तत्वहरू अन्तर्गतका शब्दरूपायन, शब्दनिर्माण, वाक्यतत्व तथा वाक्यका प्रकार र वाक्यान्तरण जस्ता तत्व सम्बन्धी व्याकरणात्मक अभ्यासहरू व्यवस्थित रूपमा संरचित गरिएको छ । यस पाठ्यपुस्तकका अभ्यासहरूको विषयवस्तु र प्रकृतिलाई मध्य नजर गर्दा भाषिक सीपको विकास गराउनमा टेवा पुऱ्याउने अभ्यासका एकाइहरूमा व्यवस्थित गरी राखिएको छ ।

**(ङ) चित्र**

यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका विभिन्न विधाहरूमा चाहि चित्रको व्यवस्था गरिएको पाइदैन । अलिकति पत्र रचनाका पाठहरूमा मात्र दुइवटा पत्रगत चित्रहरू रहेका छन् । यसरी हेर्दा यस तहको पाठ्यपुस्तकमा चित्रको व्यवस्था छैन ।

**(आ) बाह्य वा भौतिक पक्ष**

**(क) आवरण पृष्ठ**

यस पाठयपुस्तकको आवरण पृष्ठमा प्रयोग गरिएको कागज सामान्य प्रकारको रहेको छ । पाठ्यपुस्तकको अगाडिको आवरण पृष्ठ भाग हल्का रङ्गीन छ । आवरणको तल्लो भाग सुन्तला रङ्गको जहाँ पाठ्यपुस्तक लेखकका ६ वटा नामहरू रहेकाछन् । बीचमा अनिवार्य नेपाली ठूलो अक्षरमा र त्यस भन्दा तल सानो अक्षरमा व्याकरण बोध तथा अभिव्यक्ति र अभ्यास १०+२ लेखिएको छ । त्यो भन्दा माथि हल्ला कालो रङ्ग रहेको छ । त्यसैगरी पछाडिको आवरण भागमा हल्का कालो, रातो र हरियो रङ्गले ढाकिएको छ भने आवरणको अन्त्यमा सुजाता प्रकाशन र ज्ञान ज्योति प्रकाशनको ठेगाना र सम्पर्क नम्बर लेखिएको छ ।

**(ख) कागज**

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको कागज सेतो र सफा रङ्गको छ । वाहिरी आवरण पृष्ठको कागजभन्दा भित्रको कागज पातलो र नरम खाले प्रयोग गरिएको छ । उच्च मा. वि. तहका विद्यार्थीको स्तर सुहाउदो छ ।

**(ग) बँधाई**

यस पाठ्यपुस्तकका पाठ्यसामाग्रीका पृष्ठहरूलाई बीचमा धागोद्वारा बाँधिएको छ । त्यस पछि बाँधिएको पाठ्यसामग्रीलाई गमको प्रयोग गरी अगाडि पछाडि आवरण पृष्ठले छोपिएको छ ।

**(घ) आकार**

आकारको दृष्टिकोणले हेर्दा यो पाठयपुस्तकको लम्बाइ १४.५ से.मी, चौडाइ ११ से.मी. र मोटाइ १.३ से.मी रहेको छ । यस पठयपुस्तकको आकार विद्यार्थीले वोक्न सजिलो हुनेगरी विद्यार्थीको कक्षा र स्तर सुहाउदो बनाइएको छ । ३७६ पृष्ठ भएको छ ।

**(ङ) मूल्य**

यो पाठयपुस्तक निजी प्रकाशनबाट निर्मित पाठयसामाग्री हो । यसको मूल्य रू १६० तोकिएको छ ।

यसरी यस पाठ्यपुस्तकको भौतिक पक्षको विश्लेषण गर्दा आवरण पृष्ठ पाठ्यपुस्तक भित्ररहेको वा प्रयोग गरिएको कागज, पाठ्यपुस्तकको बँधाई र आकार र मूल्यमा एक आपसमा तालमेल मिलाएको पाइन्छ ।

## २.४. सारांश

भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूको मानसिक तथा भाषिक र वौद्धिक क्षमता अनुसार शिक्षण क्रियाकलाप संञ्चालन गर्न, भाषाका पारखीहरूलाई भाषा सम्बन्धी ज्ञान दिलाउन साथै भाषाशिक्षणमा शिक्षकलाई सघाउनुका साथै विभिन्न परिस्थितिमा भाषा- पाठ्यपुस्तकले भाषापाठ्यक्रमकै पूरक विकल्पको भूमिका खेल्दछ । त्यसो भएकाले भाषापाठ्यपुस्तकका सम्बन्धमा विभिन्न विद्वानहरूले आ-आफ्नो राय र सुझाव सहितका परिभाषा प्रस्तुत गरेका छन् । नेपाली भाषा पाठयपुस्तकको विकासक्रम स्तरीयताका दृष्टिकोणले धेरै पछि भए पनि यसको विकासक्रम जयपृथ्वीवहादुर सिहको अक्षराङ्क शिक्षा (१९४८) देखि प्रस्टतः आरम्भ भएको पाइन्छ । यसरी हेर्दा हाल नेपाली भाषापाठ्यपुस्तकको विकासक्रम प्राथमिक तहदेखि महाविद्यालय तहसम्म बढ्दै गएको पाइन्छ ।

यसरी भाषापाठ्यपुस्तक सम्बन्धी अध्ययन गर्दा यस कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलना गर्दा दुबै पाठ्यपुस्तकलाई पुस्तकभित्रका आन्तरिक अर्थात प्राज्ञिक पक्ष र पुस्तक बाहिरका भौतिक पक्षका आधारमा बिश्लेषण गरिएको छ । जस अर्न्तगत आन्तरिक पक्षभित्र पाठ्यपुस्तकका विषयवस्तु, विधा तथा विधाको प्रस्तुति, भाषिक संरचना र शैली, नमूना अभ्यास र चित्रहरूलाई आधार बनाएर विश्लेषण गरिएको छ । भने पाठ्यपुस्तकका वाह्य वा भौतिक पक्ष अन्तर्गत रहेर यी दुवै कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको विश्लेषण मूख्यतः आवरण पृष्ठ, कागज, बँधाइ, आकार र मूल्यलाई मूख्य आधार बनाइएको छ ।

# अध्याय – तिन

## कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधागत विविधताको तुलनात्मक अध्ययन

तुलनात्मक अध्ययन आफैमा कठीन कार्य हो । त्यस मध्ये पनि भाषापाठ्यपुस्तकको तुलना गर्नु झनै अप्ठयारो रहन्छ । यस शोध पत्रको अध्याय तिनमा कक्षा दश र एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा राखिएका विभिन्न विधाहरूको विस्तृत अध्ययन गरिएको छ । मूख्य गरी यस अध्यायमा माध्यामिक तहको जुन पाठ्यक्रम विकास केन्द्रद्वारा निर्देशित पाठ्यपुस्तकका आधारमा जनक शिक्षा सामाग्री केन्द्रबाट प्रकाशित कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलना गरिएको छ । यस पाठ्यपुस्तक भित्र समावेश गरिएका साहित्यका छ ओटा विधा अन्तर्गत १६ ओटा पाठहरूलाई पाठ्यपुस्तकका रूपमा समावेश गराइएका छन् । यस पाठ्यपुस्तकको पाठहरूका अभ्याससंग-संगै व्याकरणलाई पनि समावेश गराइएको छ । यसरी यस पाठयपुस्तकमा समावेश गरिएका सम्पूर्ण पाठहरू र समग्र छ ओटै विधाहरूको तुलनात्मक अध्ययनलाई समावेश यस अध्यायमा गरिएको छ ।

यस अध्यायभित्र अर्कोतिर उच्च माध्यामिक तहको कक्षा एघारको बावुराम अधिकारी मधुप्रसाद आर्यल, नरहरि घिमिरे, हरिप्रसाद खतिवडा डिल्लीराम ढकाल र यमलाल कँडेलद्वारा लेखन र सम्पादन गरिएको “अनिवार्य नेपाली व्याकरण, बोध तथा अभिव्यक्ति ” नामक पाठयपुस्तकको विश्लेषण गरिएको छ । मुख्यगरी यस पाठ्यपुस्तकभित्रको व्याकरण विधा तथा बोध/अभिव्यक्ति र उपन्यास खण्डलाई आधार बनाएर पाठ्यपुस्तकको विश्लेषण र पाठ्यपुस्तक भित्रका विधागत विभाजन त्यसको प्रयोजन जस्ता विषयवस्तुमा यस अध्यायमा तुलनात्मक अध्ययन गरिएको छ ।

यसरी यी दुवै कक्षा १० र ११ को अनिवार्य नेपाली पाठयपुस्तक भित्र रहेका विभिन्न प्रकारका पाठहरू, त्यसैगरी साहित्यका विविध विधाहरूले यस तहका विद्यार्थीका मुख्यगरी के र कति भाषिक सीप विकास गराउन सफलरहेका छन् ? साथै विद्यार्थीको भाषिकका साथै संवेगात्मक र मानसिक विकासमा यी दुवै पाठ्यपुस्तकभित्रका विद्यागत पाठहरू कति सफल र सक्षम छन् भन्नेकुरा को पनि तुल्नात्मक अध्ययन गरिएको छ । जसको अध्ययन निम्न बमोजिम रहेका छन् ।

## ३.१ कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधाहरू

### (क) कविता

माध्यमिक तहमा विद्यार्थीहरूलाई यति, गति र लय मिलाएर कविता वाचन गर्ने क्षमताको विकास गराउने मूख्य उद्देश्यले कविता विधालाई समावेश गरिएको छ । यस

विधाले विद्यार्थीको बोध क्षमताको विकास गराउनको साथै कल्पना शक्तिको विकास गराउनमा पनि यस कविता विधाले सहयोग पुऱ्याउँछ । यस तहका विद्यार्थीहरूमा सृजनातत्मक शक्तिको विकास गराउन तथा कविताको वाचनका अतिरिक्त भाव बुझी व्याख्या गर्ने, काव्यात्मक वातावरण सृजना गराउने, शब्दभण्डारको वृद्धि गराउने उद्देश्यका साथै भाषाका चार (४) ओटै सीप विकासमा सक्षम तुल्याउनको लागि यस पाठ्यपुस्तकमा जम्मा (३) तिन ओटा कविता समावेश गरिएको छ ।

यस पाठ्यपुस्तकमा पहिलो कविताको रूपमा उपजाति र वसन्ततिलका छन्दमा रचित आदिकवि भानुभक्त आचार्यको "प्रश्नोत्तर" कविता राखिएको छ । यो कविता नीतिप्रधान रहेको छ जसका माध्यमबाट जीवनोपयोगी शिक्षा तथा सत्य पक्षको खोजीमा लाग्न प्रेरित गर्ने आदर्श र नैतिक कविताका रूपमा उभ्याएको छ । संरचनाका दृष्टिकोणले कविता २८ पङ्तिमा रहेको छ । जसको पहिलो पङ्तिमा प्रश्न र अर्को पङ्तिमा उत्तरलाई वा सन्देशलाई पुस्टिगरेको छ । भाषाशैलीका दृष्टिले प्राचीन भाषाको प्रयोग बढी जसो तत्सम शब्दको प्रयोग भेटिन्छ । यस पाठ्यपुस्तक भित्रको अर्को कविता हो - वैशाख जसमा प्रकृतिप्रधानता प्रचुरमात्रामा रहेको छ । यो कविता राष्टकवि माधवप्रसाद घिमिरेले मन्दाक्रान्ता छन्दमा रचना गरेका छन् । यस कवितामा मन्दाक्रान्ता छन्दका माध्यमवाट ऋतुराज वसन्तको सुन्दर ढङ्गले व्यक्त गरेका छन् । संरचनाका दृष्टिले २८ पङतिमा संरचित छ । भाषा सरल सरस र कोमल भावहरूले भरिपूर्ण रहेको छ । लयका दृष्टिले कविता सुमधुर रहेको पाइन्छ । मुख्यतः झर्रा, तत्सम, आगन्तुक र तद्भव जस्ता शब्दहरूको प्रसस्त प्रयोग गरिएको छ । कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाको अन्तिम अर्थात तेस्रो कविताको रूपमा झ्याउरे लयमा रचित इतिहास प्रधान राष्ट्रिय चेतनाले ओतप्रोत प्रगतिवादी कवि भूपी शेरचनको "सहिदहरूको सम्झनामा" रहेको छ । यो कविता पनि १८ पङ्तिमा संरचित छ । कविले यस कवितामा सहिदहरूका त्याग र वलिदानलाई राष्ट्रिय सन्दर्भमा मूल्याङ्कन गरेका छन् । सुन्दर झ्याउरे लयमा स्थापना गरिएको यो कविताको भाषाशैली सरल, सहज, सरस, जोशीला शब्दहरूले भरिभराउ रहेका छन् ।

**(ख) कथा**

माध्यामिक तहमा कथाविधाको प्रयोग विद्यार्थीहरूको मुख्यगरी बोध क्षमताको विकासका अतिरिक्त शब्दभण्डार विकास गराउनमा महत्त्वपूर्ण योगदान रहेको छ । कथाका माध्यमबाट कथा लेखन क्षमताको विकास र भाषा र व्याकरणको ज्ञान विन्दु पनि रहेको छ ।

विद्यार्थीहरूले कथाका माध्यमबाट रोचक घटनालाई रूचिपूर्ण तरिकाले दिनु प्रस्तुतिकरण गराउन, भाषिक सीपको विकास गराउन, सृजनात्मक क्षमताको विकास गराउन तथा भाषाका सीप विकासमा कथा विधाको महत्त्वपूर्ण हात रहेको छ । तसर्थ माध्यामिक तहको नेपाली पाठ्यपुस्तकमा उक्त माथिका सीप विकास गराउन ३ तिन ओटा कथालाई यस तहमा स्थान दिएको छ ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ २ दुईमा प्रथम कथाका रूपमा आधुनिक सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीद्वारा रचित आधुनिक कथा कर्तव्यलाई लिएको छ । जसको विषयवस्तु नेपाली ग्रामिण समाजलाई उभ्याएको छ । कथावस्तुलाई सजीवता प्रदान गर्न कथामा मुखिया गङ्गाधर उनका दुई छोरा जेठा मुरलीधर र कान्छा श्रीधर, श्रीधरको छोरा शशीधरलाई पात्रका रूपमा चित्रण गरिएको छ । कथामा परिवेशका दृष्टिले निख्खर गाउँले ग्रामिण परिवेश उतारिएको छ । भाषा शैलिका दृष्टिले सरल, सहज, सरस र मीठा सुमधुर शब्दहरूको प्रयोग भेटिन्छ । दोस्रो कथाका रूपमा नेपाली साहित्यका एक प्रसिद्ध मनोवैज्ञानिक काथाकार विश्वेश्वरप्रसाद कोइरालाको “दोषी चस्मा” राखिएको छ । यस कथामा कोइरालाले मानिसलाई बनको बाघले खाओस कि नखाओस मनको बाघले खान्छ भन्ने उखानलाई पुष्टि गर्न दोषी चस्मा कथा मनोवैज्ञानिक कथाका रूपमा सफल रहेको छ । यस कथामा केशवराज, जर्साव र केशवराजकी स्वास्नीलाई पात्रका रूपमा प्रस्तुत गरिएको छ । कथालाई २४ अङ्कमा संरचित गरिएको छ । कथाको भाषा शैली मूख्यगरी सहरीया परिवेश उतारिएकोले भाषा कहि कतै राजर्सी खालको रहेको छ धेरै जस्ता शब्द आगन्तुक, तत्सम, तदभव र झर्रा पनि रहेका छन् । विषयवस्तु सामाजिक चाकडी प्रथालाई प्रस्तुत गर्नमा सक्षम र सफल रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा पाठ १३ मा अर्थात अन्तिम तेस्रो कथाका रूपमा ऐतिहासिक, बौद्धिक र पौराणिक कथाकार बदरीनाथ भट्टराईको पौराणिक कथा “न्यायको पक्ष” रहेको छ । महाभारतको वनपर्वमा आधारित पाण्डव र कौरवको विषयवस्तुलाई केन्द्र बनाएर विदुर र ऋषि धौम्यका वीचको सम्वादलाई लिएको छ । कथालाई रोचक बनाउन विदुर र धौम्यलाई पात्रका रूपमा उभ्याएका छन् । कथामा सामाजिक नीतिचेतना, सच्चरित्रता, देशप्रेम, मानवतावाद देखाएको पाइन्छ । परिवेशका दृष्टिले सरस्वती नदीको सुन्दर स्थान र धौम्य ऋषिको कुटिलाई बनाएको छ । भाषाशैलीका दृष्टिले भाषा सरल, सहज देखिन्छ भने शैलि संवादात्मक रहेको छ । कथाको संरचना ३१ (एकतिस) अङ्कमा संरचित रहेको छ ।

### (ग) जीवनी

राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा उल्लेखनीय कार्य गरेर ख्याति आर्जन गरेका व्यक्तिहरूको व्यक्तित्त्वमा केन्द्रित भएर लेखिएको रचना नै जीवनी हो । माध्यामिक तहको नेपाली पाठ्यपुस्तकमा राखिएका जीवनी विधाको अध्ययनबाट बोध क्षमता शब्दभण्डारको विकास उच्च नैतिक चरित्रको विकास गराउनको साथै विद्यार्थीहरूलाई व्यतित्त्वको परिचय, सस्वर वाचन, मौन वाचन, शब्दार्थ शिक्षण, बोधात्मक क्षमताका साथै सकारात्मक प्रेरणा जागृत गराउनुका साथ साथै चरित्रमा सुधार गराउने लक्ष्य राखेको छ । तसर्थ कक्षा १० दशको अनिवार्य नेपाली पाठ्यपुस्तक उक्त माथिका लक्ष्यलाई पूरा गर्न तिन ओटा जीवनी राखिएका छन् ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र पाठ ४ मा प्रथम जयपृथ्वीबहादुर सिंहको जीवनी राखिएको छ । राष्ट्रिय स्तरका बहुमुखी प्रतिभाका धनी एक राजनीतिज्ञ, साहित्यिक, विचारक र सास्कृतिक व्यक्तित्वको जीवनी प्रस्तुत गरिएको छ । यस जीवनीका माध्यमबाट शासन सत्ता, शिक्षा, राजनीति लगायत विषयवस्तुलाई समेटन सक्षम र सफल रहेको छ । यसका साथै विद्यार्थीहरूमा भाषिक सीपको विकास गराउन सक्षम प्रेरणात्मक जीवनी रहेको छ । यस पाठ्यपुस्तकमा दोस्रो जीवनीका रूपमा सास्कृतिक र ऐतिहासिक विचारकका रूपमा राष्ट्रिय व्यक्तित्त्व "इमानसिंह चेमजोङ" राखिएको छ । यस जीवनी का माध्यमबाट सास्कृतिक व्यक्तित्वका धनी चेमजोङको योगदानको कदर गरेर सम्पूर्ण विद्यार्थी वर्गलाई आफ्नो पहिचान र जातीय स्वतन्त्रताको लागि पर्ने प्रेरणादायी सन्देश दिएका छन् । यस कक्षा दशको नेपाली पाठ्यपुस्तकको अन्तिम जीवनीका रूपमा पाठ १६ मा अन्तराष्टिय राजनीतिज्ञ "नेल्सन मण्डेलाको " जीवनी राखिएको छ । राजनीतिक क्षेत्रमा ठूलो सङ्घर्ष गरेका विश्वमा कीर्तिमान कायम राख्न सफल राजनेताका रूपमा चिनाएर सङघर्षशील जीवन जीउन प्रेरित गरिएको छ । यस जीवनीलाई १० दश अङ्कमा संरचित गरिएको छ । विषयवस्तुका दृष्टिले जीवनी राजनीतिक र भाषाशैलीका दृष्टिले जीवनी सरल र सहज नै रहेको पाइन्छ ।

### (घ) निबन्ध

निबन्ध विधा मूलतः लेख्य विधा हो तर माध्यामिक तहमा चाहिँ पाठ्यविधाका रूपमा नै राखिएको पाइन्छ । निबन्ध कुनै विषयमा आत्मपरक एवम् वस्तुपरक रूपले लेखिएको साहित्यिक रचनानै निबन्ध हो । माध्यामिक तहमा निबन्ध विद्याका माध्यामबाट

विद्यार्थीहरूलाई गद्य लेखन क्षमताको विकास गराउन, सृजनात्मक क्षमताको विकासमा अग्रसर गराउन, शब्दभण्डार तथा मौलिक लेखनको विकास गराउन, व्याकरणको ज्ञान गराउन, तार्किक शक्तिको वृद्धि गराउन तथा कल्पना शक्तिको विकास गराउन निबन्ध विधाले महत्वपूर्ण भूमिका राखेको छ । मूलतः लेखाई सीपको विकासमा सहयोग पुऱ्याउने निबन्ध साहित्यिक र साहित्येतर किसिमका विभिन्न लेख रचनाहरू लेख्नमा सहयोग गराउछ । माध्यामिक तहका विद्यार्थीहरूका लागि सामान्य किसिमका त्यसमा पनि कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तक खास गरी वस्तुपरक निबन्ध लेखनमा आधारित निबन्ध विधालाई ३ पाठमा समावेश गरिएका छन् ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा निबन्ध विधा अन्तर्गत पहिलो निबन्धका रूपमा एक प्रसिद्ध हास्यव्यङग्य निबन्धकार भैरव आर्यलद्वारा रचित जय भोली ! निबन्धलाई तेस्रो पाठका रूपमा राखिएको छ । यो निवन्ध विषयवस्तुका दृष्टिले सामाजिक र सास्कृतिक पक्षहरूलाई समेटेको छ । हास्यव्याङ्गयका माध्यमबाट स्वार्थी र बर्बर, सामाजिक कुरिति र कुप्रवृतिलाई मीठो व्यङ्गय प्रहार गरेका छन् । यस निवन्धमा च्वास्स मुटुमा बिभ्ने मीठो शैलीमा शिष्ट भाषा प्रयोग गरेर सामाजिक समस्याप्रति व्यङ्गयको तीखो बाण प्रहार गर्न सक्षम रहेको छ । भाषा सरल, सहज, सरस र तत्सम, तदभव र आगन्तुक शब्दको प्रयोग प्रसस्त रहेका छन् । पाठ्यपुस्तकमा दोस्रो निवन्धका रूपमा मैथिली समुदायको जीवनशैली र लोकपरम्परा बारेमा जानकारी गराउन साथै मैथिलियन लोकचित्रकलाको प्रचार र जीवन्तता दिनको लागि सांस्कृतिक क्षेत्रलाई समेटिएको सामाजिक निबन्ध मिथिला चित्रकला आठौँ पाठमा राखिएको छ । मिथिला चित्रकलामा मैथिली समुदायले चित्रकला निर्माण गर्दा स्थानीय स्रोत र साधनको कलात्मक प्रयोगका साथै चित्रकलामा लौकिक र पारलौकिक विषयलाई एकातिर देखाएको छ भने मिथिला चित्रकलाका सर्जक मैथिल नारीहरूको कलालाई राष्ट्रिय संस्कृतिका माझमा परिचित गराउन सफल रहेको छ । निबन्ध ७ अङ्कमा विभाजन गरिएको छ भने भाषाशैलीका दृष्टिले सरल, सहज र झर्रा शब्दको प्रयोग गरिए पनि शैली वर्णनात्मक रहेको पाइन्छ ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका पाठहरूमध्ये अन्तिम अर्थात तेस्रो निवन्ध वैज्ञानिक तथा प्राविधिक क्षेत्रको विषयलाई विषयवस्तु वनाएर पाठ १४ “यन्त्रमानव ” राखिएको छ । यो निवन्ध वैज्ञानिक युगको उपहारका रूपमा रहेको यन्त्रमानवको उपयोगिता र महत्त्वलाई पुष्टि गरेको छ । मुख्य गरी व्यस्त यस वैज्ञानिक युगमा हाटबजार देखि उद्योग धन्दासम्म प्राविधिक सानाकार्यदेखि

वैज्ञानिक कठिन कार्यहरू सम्मको यन्त्रमानवको गरिमा र महत्त्वलाई पुष्टि गरेको पाइन्छ । निबन्धको संरचना १० अङ्कमा संरचित गरिएको छ । भाषिक स्रोतका दृष्टिले निवन्धमा तत्सम, तदभव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग पाइन्छ भने शैलीका दृष्टिले वस्तुपरक रहेको पाइन्छ । समग्रमा निबन्ध माध्यामिक तहका विद्यार्थीहरूलाई सुहाउदो र स्तरीय रहेको छ ।

यसरी कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निवन्ध विधाका तिन ओटै निवन्धहरू एउटा आत्मपरक र दुईवटा वस्तुपरक शैलीमा रचिएका छन् । विषयवस्तुका दृष्टिले सामाजिक, सास्कृतिक र वैज्ञानिक तथा प्राविधिक क्षेत्रलाई समेटेको पाइन्छ । संरचनाका दृष्टिले ८ देखि १० अङ्क सम्ममा रचना गरिएका छन् । भाषा दृष्टिले तत्सम, तदभव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग भेटिएको पाइन्छ ।

**(ङ) रूपक**

रूपक विधाले मूलतः मौखिक अभिव्यक्तिगत विशेषताहरूको प्रतिनिधित्व गर्दछ । अर्काको व्यवहार आनीवानी, रूपाकृति, स्वभाव एवंम् चारित्रिक विशेषताहरूको दृश्य श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुतिलाई रूपक भनिन्छ । रूपक कथ्य भाषासँगै सम्बन्धित विधा भएकाले मौखिक अभिव्यक्तिका माध्यमले आफ्ना भावना संवेग तथा विचारको प्रभावपूर्ण आत्मपर्दशनमा अभ्यास्त गराउन यो विधा उपयोगी रहेको छ । यस रूपक विधामा पात्र तथा चरित्र र प्रसंगअनुसार भाषा प्रयोगको औचित्यलाई विशेष ख्याल गरिन्छ । रूपक विधामा मानवका विभिन्न किसिमका स्वभावजन्य कार्यकलापको प्रस्तुति मुख्य विषय भएकाले यसमा भाषिक पक्ष मात्र संलग्न नभई भाषिकोत्तर र हाउभाउ, अङ्गसञ्चालन, मुखमुद्रा आदि पक्षको पनि प्रसगै अनुरूप अभिव्यक्ति गर्नु रूपकको महत्त्व वनेको छ । वास्तवमा अर्काको आनिवानी, बोलीवचनको दुरूस्त अनुसरण गर्ने क्षमताको विकासका साथै आफ्नो मनोभावलाई सजीव एवमं प्रभावशाली रूपमा प्रस्तुत गर्न श्रोत वा प्रसंगानुसारको भाषा व्याहार गर्ने क्षमताको विकास गर्न पनि रूपक विद्यालाई उपयोग गर्ने गरिन्छ । कथ्य भाषाको जीवन्तताको वोध र सोअनुरूप जीवन्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्नु रूपक विधाको प्रयोजन हो । यीनै भाषाका सीपहरूको विकास गराउनको लागि कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रूपक विधा अन्तर्गतका एउटा मनोवाद एक बादविबाद र एक एकाङ्की गरेर जम्मा तिनओटा पाठहरू समावेश गरिएका छन् ।

यस कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रूपक विधा अन्तर्गतको पहिलो पाठका रूपमा “काम खोज्दै जाँदा” नामक मनोवादलाई राखिएको छ । पाठ्यपुस्तकभित्र यो विधा पाँचौ पाठका रूपमा समावेश गरिएको छ । संरचनाकै दृष्टिले मनोवाद ५ पाँच अङ्कमा संरचित रहेको छ । हामी जीवनमा अनेकौ भूल गर्दछौं र तिनको पीडा भोग्नु परेपछि पछुताउँछौं । हिजोआज वैदेशिक रोजगारका नाममा कतिपय हाम्रा युवायुवती वत्तीमा पुतली होमीए झै होमिइ ठूलो विपत्ति भोगिरहेका छौं भन्ने सामाजिक समस्यालाई विषयवस्तुका रूपमा उठाएका छन् । सरल वाक्यदेखि लामा संयुक्त र मिश्रवाक्यहरू  पनि प्रयोग गरिएको छ । मनोवादमा आगन्तुक र झर्रा शब्द बढीमात्रामा प्रयोग भएका छन् । यस पाठ्यपुस्तक भित्र रूपक विधा अन्तर्गत दोस्रो पाठकका रूपमा पाठ ११ एघारमा “ भाग्यभन्दा परिश्रम ठूलो ” भन्ने बादबिवाद राखिएको छ । यो पाठ २५ अङ्कमा रचना गरिएको छ । यस पाठमा भाग्य र परिश्रमको विषयमा पक्ष र विपक्ष बनाएर तर्क प्रस्तुत गराएको छ । यस पाठका माध्यममाबाट तार्किक शक्ति विकास गराउने गरी बौद्धिकतालाई बढीभन्दा बढी प्राथमिकता दिएको पाइन्छ । साथै यस तहका विद्यार्थीलाई विवादात्मक अभिव्यक्तिमा सक्षम वनाउन तथा तर्कपूर्ण ढङ्गवाट आफ्ना भनाइलाई अरूसमक्ष राख्नु र सस्वर पठनका साथै स्वभाविक ढङ्गबाट विवादात्मक कार्यलाई सवल बनाउन सफल रहेको छ ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको अन्तिम अर्थात तेस्रो पाठका रूपमा पाठ पन्ध्रमा सामाजिक यर्थार्थवादी साहित्यकार भीमनिधि तिवारीको “घरको माया” नामक एकाङ्की राखिएको छ । यो एकाङ्की ११३ अङ्कमा संरचित रहेको छ । मुख्यगरी सामाजिक यथार्थलाई आत्मसाथ गरेर एकाङ्कीले राष्ट्रियता तथा राष्ट्र प्रेमलाई मूख्य विषयवस्तुका रूपमा संरचित रहेको छ । यस एकाङ्कीको विषय वस्तुले “ जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी” भन्ने उक्तिलाई पुष्टिगर्न सक्षम र सफल रहेको छ । साथै राष्ट्र प्रेमले ओतप्रोत भावनालाई पुष्टि गरेको छ ।

यस एकाङ्कीको विषयवस्तुलाई अगाडि बढाउनमा जमानसिंह र लालबहादुर दुवै मीत र गाँउले कान्छो र वतासेलाई पात्रका रूपमा उभ्याएको छ । जसको कारणले एकाङ्कीको कथावस्तु सजीव बन्न सफल रहेको छ । एकाङ्कीको परिवेश भारतको दरभङगा बिहारलाई स्थानका रूपमा उभ्याएको छ । शीर्षकसार्थकताका दृष्टिले एकाङ्कीको शीर्षक अविधात्मक रहेको छ । द्वन्दका दृष्टिले एकाङ्कीमा लालबहादुर र जमानसिंहका बीचमा, वतासे र कान्छोका बीचमा र मूख्यतः सम्पूर्ण पात्रका बीचमा अन्तर द्वन्द नै भेटिन्छ । भाषाका दृष्टिले एकाङ्कीमा आगन्तुक, तत्सम, तदभव, र झर्रा शब्दहरू प्रसस्त मात्रामा प्रयोग गरिएको छ,  भने

शैलीका दृष्टिले संवादात्मक देखिन्छ । भाषामा छोटा, मीठा र रसिला शब्दको चयनले एकाङ्की सरल र सुवोध्य रहेको छ ।

### (च) चिठी

चिठी लेख्य विधा हो । चिठी विभिन्न शैलिमा लेखिन्छ । मूख्यतः घरायसी, कार्यलयीय र व्यापारिक गरेर चिठीलाई वर्गीकरण गरिन्छ । यीनै चिठीका प्रकार सँग चिठी लेखन शैली तथा ढङ्गढाँचामा परिचित हुन र विद्यार्थीलाई सोही बमोजिम चिठीलेखन सीप विकास गराउन कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा महाप्रबन्धक साझा प्रकाशन पुल्चोक ललतिपुरलाई पञ्चकन्या बुक्स सेन्टर, फुङलिङ ४, ताप्लेजुङले प्रेसित गरेको व्यापारिक चिठीलाई पाठ ९ मा समावेश गरिएको छ । जसमा व्यापारिक चिठीको संरचनालाई प्रस्तुत गरिएको छ जुन ७ सात अंङ्कमा संरचित रहेको छ ।  भाषाको रूपमा प्राविधिक शब्दहरूको प्रयोग गरिएको छ ।

यसरी समग्रमा कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा जम्मा विभिन्न विधाका १६ ओटा पाठहरू समावेश गरिएका छन् ।

## ३.२ कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधाहरू

### (क) कविता

यस पाठ्यपुस्तकमा राखिएका कविताहरू मुख्यतः पाठ्यरूपमा रहेका छन् । हुनत कवितालाई श्रव्य र लेख्य रूपमा पनि उपयोग गर्न सकिन्छ तर कक्षा एघारको तहमा शैक्षिक पाठ्यका अपेक्षा अन्य कुराले कम महत्पुर्ण पाउनु उपयुक्त नै अनुभव हुन्छ अझ कवितालाई शिक्षार्थीहरूका लागि लेख्य विषय बनाउने कुरालाई गौण नै मानिनु आवश्यक छ किनभने कविता लेखनको अभ्यास सामान्य भाषिक अभ्याससंग सम्बन्धित कुरा होइन । त्यस्तो अभ्यास विशिष्ट अथवा साहित्यिक तथा सृजनात्मक खालको हुन्छ जुन शिक्षार्थीहरूलाई सामान्य भाषिक पृष्ठभूमिको विकास नभइसकेका स्थितिमा उपयुक्त ठानिदैन । यसरी हेर्दा कक्षा एघारलाई पनि विद्यालय तहका रूपमानै हेरिने भएकाले यस तहका पाठ्यपुस्तकमा दिइएका कविताहरू मुख्यतः लयवद्ध पठन, शुद्धोच्चारण, भावबोध र छन्दबोधका अभ्यासका लागि उपयोगी रहेका छन् ।

यस पाठ्यपुस्तकभित्र ६ ओटा कविता राखिएको छ । जसमा लेखनाथ पौड्यालको १९ श्लोकीय नीतिप्रधान कविता “नैतिक दृष्टान्त” राखिएको छ । दोस्रो कविता लक्ष्मीप्रसाद

देवकोटाको १७ श्लोकीय प्रकृतिप्रधान “वन” कविता चाहिँ राखिएको छ । गोपालप्रसाद रिमालद्वारा रचित “परिवर्तन” जम्मा ३३ पङ्तिमा सुन्दर मुक्त गद्यलयमा इतिहासप्रधान घटनालाई समेटिएको छ । यस पाठ्यपुस्तकको कविता विधा अन्तर्गत चौथो कविताका रूपमा माधवप्रसाद घिमिरेद्वारा रचित “यही हो मेरो मिथिला” समाज प्रधान कविताका रूपमा राखिएको पाइन्छ । यो कविता १७ पङक्तिको रहेको छ । पाँचौ कविताका रूपमा सिद्धिचरणद्वारा रचित जम्मा ८ श्लोक ३२ पङतिको संस्कृतिप्रधान “माग्नेको गीत” राखिएको छ र अन्त्यमा कविता विधाको छैठौं पाठका रूपमा भूपि शेरचनद्वारा रचित साङगीतिक गद्यलयका छोटा र लामा गरी जम्मा ६३ पङक्तिमा संरचित “मेरो देश” प्रकृतिप्रधान सुन्दर कविताको स्थान दिइएको छ ।

यसरी यस पाठ्यपुस्तकभित्र राखिएका छ ओटै कविताहरूमा जहाँ गद्यालयमा संरचित छन् सो कविताहरूमा लामा र छोटा पङक्तिहरू प्रसस्तै छन् भने पद्यालयमा रचित कविताहरू छन्द लय सुर मिलेका कलात्मकताले भरिएका गीति लयात्मक तथा भाषाशैली साह्रै आकर्षक र मुटु छुने रहेका छन् । भाषाका दृष्टिले कविताहरूमा तत्सम, तद्भव आगन्तुक र झर्रा शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ ।

**(ख) रूपक**

कक्षा एघारका विद्यार्थीहरूलाई रूपक विधाका माध्यमबाट बोलाई सीपको विकासमा सघाउ पुग्दछ । रूपकका माध्यमबाट कुनै पनि भनाई वा अभिव्यक्तिलाई प्रभावकारी तथा सजीव बनाउन सहयोग पुऱ्याउँछ । रूपकमा आफ्ना विचारहरू राख्न प्रसङ्ग अनुकुलको प्रभावपूर्ण भाषाको प्रयोग गरिनुका साथै, मनोरञ्जन प्रदान गर्न हाउभाउ तथा मुखाकृति मिलाएर कुराकानी गर्न, तर्कपूर्ण अभिव्यक्ति दिन र अरूका विचारको खण्डन गरी आफ्ना विचारले अरूलाई जित्न तथा विभिन्न किसिमका अभिनय क्षमतामा पोख्त हुन यस विधाले यस तहमा ठूलो भूमिका खेल्छ। तसर्थ यस तहमा २ (दुई) ओटा रूपकहरू राखिएका छन् ।

यस पाठ्यपुस्तकमा समावेश पहिलो रूपकका रूपमा नाट्यसम्राठ बालकृष्ण सम द्वारा संरचित ऐतिहासिक विषयवस्तुमा आधारित “नालापानीमा” रहेको छ । यो रूपकनाट्य शैलीमा रचना गरिएको छ । । पात्रविधानका दृष्टिकोणले यस नाटकमा प्रकाशमा कर्णेल मबी, मेजर रिचार्डस, गोरा सिपाहीहरू र डाक्टरहरू र नरे कार्की । नेपाली सेनाका सिपाही रहेका छन् भने छाँयामा नरेकी स्वानी, नेपाली सिपाहीहरू महिला लगायतका विभिन्न जोडीहरूको निर्माण गरिएको पाइन्छ । मञ्चनका दृष्टिले नाटक उपयुक्त देखिन्छ । त्यसै गरी नेपाली निम्नवर्गीय समाजको यथार्थ चित्रण उत्तार्नको लागि दोस्रो रूपकका रूपमा विजय

मल्लद्वारा रचित "बहुला काजीको सपना" राखिएको छ जसमा पात्रहरू भक्ते, माने बीरे, बहुला काजी, मास्टर, धनमान, सेकेन्ड पण्डित लगायत विक्रम, राम, वद्री, भरत, हरि र अन्य ठिटाहरू रहेका छन् । पाँचओटा अङ्कमा विभक्त छ । परिवेशका दृष्टिले रूपक सामाजिक सहरीया अवस्थाको चित्रण गरिएको छ ।

समग्रमा यस पाठ्यपुस्तकमा रहेका रूपकहरू सामाजिक र ऐतिहासिक विषयवस्तु, पद्य र गद्य दुवै शैली र भाषाको प्रयोग गरिएको पाइन्छ । मञ्चनीय दृष्टिले सफल छन् कतै कतै प्रतीक र बिम्बको प्रयोग भएको पाइन्छ । शब्द संरचनाका दृष्टिले तत्सम् तदभव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ । उद्देश्यका दृष्टिले राष्ट्रियता, राष्ट्रप्रेम, जनजागरण सामाजिक कुरिति, कुसंस्कारको चिरफार गर्ने खालको रहेका भेटिन्छन्

**(ग) कथा**

कथा मूख्य गरी लोकप्रिय पाठ्यविधा हो । यो सबै तह र स्तरका श्रोता र पाठकका लागि रोचक विधा पनि हो । कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा राखिएका कथा विधाले जीवन र जगत्का बाह्‍य तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनु नै हो । त्यसका साथै साहित्यको आस्वादन र मर्मवोध गराउनु रहेको पाइन्छ । कथाका माध्यमबाट भाषा परिस्कारका साथै स्वस्थ्य मनोरञ्जन, विषयवोध, अभिरूचि सम्बर्धन विश्लेषणात्मक प्रतिभाको विकास गराउनु, अनुशासन कायम, नैतिक उपदेश, चरित्र निमार्ण तथा सृजनाशक्ति बढाउनु रहेको पाइन्छ । तसर्थ यस तहमा ५ वटा कथाहरूलाई समेटेको छ ।

यस पाठ्यपुस्तकमा सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीद्वारा रचित "छिमेकी" कथा पहिलो पङ्तिमा राखिएको छ । जसको विषयवस्तु सामाजिक यथार्थतामा आधारित छ । कथावस्तुलाई सजीवतता प्रदान गर्ने क्रममा गुमाने, धनजिते धर्मानन्द पाध्ये, आशामरू साहू र गुमाने र धनजितेकी स्वास्नीहरूको सुन्दर संयोजन गरिएको पाइन्छ । परिवेशका दृष्टिले विशुद्ध ग्रामीण र भाषाशैलीका दृष्ट्रिले सरल र सहज रहेको छ । दोस्रो कथाका रूपमा मनोवैज्ञानिक साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको यौन मनोविज्ञानमा आधारित सिपाही कथा रहेको छ । यसमा म पात्र सिपाही, होटेलवाली र उसकी छोरी पात्रका रूपमा उभ्याइएको छ । परिवेशका दृष्टिले नेपालको इलाम, गाँउघर, वनपाखालाई उभ्याएको छ । त्यसैगरी मनोविज्ञानलाई नै आधार वनाएर कथालेख्ने कथाकार भवानी भिक्षुको "हारजित" तेस्रो पाठका रूपमा राखिएको छ । जसमा नेपालको पश्चिम तराई क्षेत्रको गोटिहवा गाउँको सामाजिक तथा मानसिक परिवेशलाई विषयवस्तु बनाइएको छ ।

कथामा घुरहु महतो, मनोहर महतो, अलुगुवा रतिया, सोनवा, बढरिया आदि पात्रका माध्यमवाट आन्तरिक मनोभावलाई सुन्दर ढङ्गले उतारेका छन् । भाषा शैली केही जटिल प्रकृतिको छ । अवधि र संस्कृतका कठिन शब्दहरूले भाषा शैली अप्ठ्यारो रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा चौथो कथाका रूपमा आयमेली तथा लिलालेखनका सुत्रपातकर्ता प्रवासी नेपाली इन्द्रबहादुर राईद्वारा रचित प्रवासीहरूले भारतमा झेल्नु परेका समस्याहरूलाई आधार बनाएर "रातभरि हुरी चल्यो" कथालाई राखिएको छ । जसमा जीवनका हरेक पाइलामा समस्याहरू आइपर्दछन । ती समस्याहरूबाट भागेर हैन सामना गरेर अगाडि बढनुपर्दछ भन्ने विषयवस्तुलाई टपक्क टिपिएको छ । कथामा दार्जिलिङको स्थानीय परिवेशलाई अत्यन्त सजीव तरिकाले चित्रण गरिएको छ । प्रवासीका पीडाहरूलाई प्रस्तुत गर्न यस कथामा कालेका बा, आमा काले र उसकी बहिनी बाबुनी दोरङगिनी, बी.बी. गुरूङ तथा गुरूङकी पत्नी पात्रका रूपमा यस कथामा उभिएका छन् । प्रस्तुत कथामा दार्जिलिङको जनजिब्रोमा बोलिने भाषाको प्रयोगले कथा निकै सजीव बनेको छ । कथा तृतीय पुरूष प्रधान शैलीमा रचिएको छ । यसमा प्रयोग भएका शब्दहरू छप्पर (छानो) बछेटा (बछिया तिमारलाई ) (तिमीहरूलाई) छाता मारेर (घाता बन्द गरेर ) आदि प्रयोगमा आएका छन् र पाचौ अर्थात अन्त्य कथाका रूपमा यस पाठ्यपुस्तक भित्र प्रगतिबादी कथाकार रमेश विकलद्वारा रचित लोक कथामा आधारित "मधुमालतीको कथा" राखिएको छ । जसमा तत्कालीन नेपाली समाजका गरिबप्रति गरिने दुर्व्यवहार हेला, घृणा अपमान तिरस्कार, अत्याचार जस्ता सामाजिक भेदभावपूर्ण क्रियाकलापलाई विषयवस्तु बनाइएको छ । जसलाई पुष्टि गर्न एउटा मधुकर र मालतीको दन्त्यकथामा आधारित गरिएको छ । यस कथालाई सान्दर्भिक तुल्याउनका लागि शङ्कर गौरी, शङ्करका आमा बुबा, गौरीको फुपू, बुबा र नोकरचाकरलाई पात्रको रूपमा उभ्याइएको छ । कथामा नेपाली समाजको सजीव चित्रलाई परिवेशका रूपमा उभ्याइएको छ । भने कथाको भावशैली सरल, सरस रोचक रहेको छ । कथामा प्रयुक्त संवाद कुतूहलता, द्वन्द्व, मिथक आदिको संमुचित प्रयोगले पनि यस कथाको भाषशैलीमा गहनता, सरसता र उच्चता थपिएको देखिन्छ ।

**(घ) निबन्ध**

निबन्ध मूलतः लेख्यपाठ्य विधा हो । भाषिक प्रौढताका दृष्टिले निबन्ध सबैभन्दा प्रौढ गद्यात्मक अभिव्यक्ति पनि हो गहनपठन तथा गहन बोधका दृष्टिले निबन्ध उपयोगी ठानिन्छ । त्यसैले लेख्य भाषाको प्रौढतासँग परिचित हुन र तत्सम्बन्धी कुरामा अभ्यास्त हुन कक्षा

एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा निबन्ध विधालाई समेटिएकोछ । यस पाठयपुस्तकमा जम्मा तिन ओटा निबन्ध समावेश गरिएका छन् ।

यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र समाविष्ट निबन्ध विधामा आत्मपरक निवन्धका जन्मदाता लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'वीरहरू' नामक निवन्धलाई प्रथम पाठका रूपमा राखिएको छ । जसमा वि.सं. १९९७ सालको सहिद पर्वको घटनालाई देखाएर राष्ट्र राष्ट्रियताप्रति समर्पित निस्वार्थ त्यागका प्रतिमूर्ति वीरहरूको मुक्तकण्ठले प्रशंसा गरिएको छ । उनले यस निबन्धका माध्यमबाट स्वच्छन्दतावादी भावधाराका माध्यमबाट आफ्नो रमरम बौद्धिकता र छताछुल्ल हार्द्धिकतालाई प्रस्तुत गरेका छन् । व्यक्तिगत इच्छा आकाङक्षहरूलाई तिलाञ्जलि दिएर राष्ट्रिय उत्थानका लागि वीरहरूले आफूलाई मेटाएको महिमागानमा रचिएको छ । शैलीका रूपमा चाँहि आत्मपरक र भाषाका रूपमा तत्सम, तद्भाव आगन्तुक र झर्रा शब्दको प्रयोग गरेको पाइन्छ । दोस्रो निबन्धका रूपमा आधुनिक नेपाली निबन्धको फाँटमा चर्चित प्रगतिवादी एवम प्रगतिशील निबन्धकार श्यामप्रसाद शर्माको "आइमाई साथी" राखिएको छ । यस निबन्धमा एकातिर लैङ्गीक समानताको विषयलाई उठाएको छ । भने अर्कोतिर जवसम्म शिक्षा, स्वास्थ्य, राजनीति, साहित्य, उद्योग, समाज सेवा, प्रशासन आदि क्षेत्रमा महिलाहरूलाई पुरूषसंग सहकार्य गराइदैन तबसम्म राष्ट्रको सर्वाङ्गीण विकास असम्भव हुन्छ भन्ने विषयवस्तुलाई समेटेको छ । साथै राष्ट्रिय उन्नति र प्रगतिको लागि नारीपुरूष दुवैको समान महत्व रहेको कुरालाई पुष्टिगरेका छन् । भाषिक शैलीका दृष्टिले निबन्ध सफल रहेको छ ।

यस पाठ्यपुस्तकको निबन्ध विधाको अन्तिम निबन्ध रूपमा प्रसिद्ध हास्यव्यङ्ग निवन्धकार भैरव अर्यालको चर्चित निवन्ध "महापुरूषको सङ्गत" राखिएको छ । यस निवन्धमा अर्यालले नेपाली धार्मिक आर्थिक, शैक्षिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई हास्य र व्याङ्गयका माध्यमबाट बाहिरी आडम्बरमा बाँच्ने मान्छेहरूप्रति तीव्र व्यङ्गय प्रहार गरिएको छ ।

यो निबन्ध संरचनालाई २५ अनुच्छेदमा रचना गरिएको छ । निबन्धमा सरल, सहज र आकर्षक भाषाशैलीको प्रयोग पाइन्छ भने यस निवन्धका माध्यमबाट खरो व्यङ्गयको दरो झटारो हानी पाठकलाई सोच्न बाध्य पारेका छन् । यो निबन्ध अनुप्रासमय शब्दमा उनेकाले "महापुरूषको सङ्गत" निबन्ध साङगीतिक लयमा हृदयस्पर्शी बन्न पुगेको छ ।

**(ङ) व्याकरण**

व्याकरण भनेको भाषाको त्यस्तो व्यवस्था हो जुन रूपगत तथा वाक्यगत हुन्छ । परम्परित व्याकरणका अनुसार शुद्ध लेख्न सिकाउने शास्त्रलाई व्याकरण भनिन्छ । व्याकरणका माध्यमबाट भाषाको रचना गर्ने क्षमताको विकास र वृद्धि हुन्छ । भाषाको व्यवस्थालाई व्यवस्थित बनाउन व्याकरणको ठूलो भूमिका रहेको हुन्छ । आफूले पढेका, सुनेका शब्दलाई शुद्धसँग हिज्जे मिलाएर लेख्न तथा विषयवस्तु र प्रसङ्गअनुसार ठीक ठीक ठाउँमा चिन्हहरू प्रयोग गरी लेख्न र उचित ठाउँमा उचित शब्द र वाक्य प्रयोगको लागि पनि व्याकरणको अति आवश्यकता देखिन्छ । यिनै विविध व्याकरणिक प्रयोजनलाई मध्य नजर गरी यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा ६ ओटा एकाइलाई समेटेर व्याकरण विधालाई व्यवस्थित गरिएको छ ।

यस पाठ्यपुस्तकमा व्याकरण खण्ड अन्तर्गत पहिलो एकाइमा वर्णहरूको परिचय र वर्गीकरण राखिएको छ । जसमा स्वरवर्णहरूलाई जिब्राको सक्रियता, उचाइका, ओठको गोलाई, मांसपेशीय र कलनासोको अवस्थाका आधारमा बर्गीकरण गएिको छ । भने व्यञ्जन वर्णहरूलाई उच्चारण स्थान प्रयत्न घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गरिएको छ । अक्षर संरचनालाई पनि व्यवस्थित गरेको छ । व्याकरण विधाको दोस्रो एकाई अन्तरगत वर्ण र लेख्यचिन्हहरूलाई व्याकरणिक नियमसङ्गत उपयुक्त तरिकाले प्रयोग गर्न र शब्दकोशीय नियमलाई उचित तरिकाले प्रयोगमा ल्याउन “वर्णविन्यास र चिन्ह परिचय” राखिएको छ । यस एकाइमा ह्रस्व र दीर्घ सम्बन्धी ज्ञान दिन खोजिएको छ । लेख्य चिन्हलाइ पनि व्यवस्थित तरिकाले प्रयोग गर्न चिन्ह सम्बन्धी नियमलाई व्यवस्थित गरेर राखेको छ । जसको कारणले वर्णविन्यास र चिन्ह प्रयोगको उचित व्यवस्था गरिएको छ ।

त्यसैगरी कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको व्याकरण विधा अन्तर्गत तेस्रो एकाइको रूपमा स्रोतका आधारमा, बनोटका माध्यमबाट तत्सम तदभव आगन्तुक र झर्रा शब्दहरूलाई वर्गीकरण गरेको छ । बनोटका आधारमा “मूल शब्द ” र व्युत्पन्न शब्द गरी र कार्यका आधारमा विकारी शब्द अन्तर्गत नाम, सर्वनाम, विशेषण र क्रिया र अविकारी शब्द अन्तर्गत निपात संयोजक, नामयोगी, क्रियायोगी र विस्मयादिवोधक शब्दहरूलाई शब्दवर्ग अन्तर्गत र विकारी शब्दहरूको लिङ्ग, बचन, पुरूष, काल, पक्ष भाव, वाच्य, ध्रुवीयता, आदर, कारक जस्ता व्याकरणात्मक कोटिका आधारमा रूप परिवर्तन गर्ने रूपायन प्रक्रियालाई पनि यस एकाइमा समावेश गरेको छ । यस पाठयपुस्तकमा व्याकरणको चौथो एकाइको रूपमा विद्यार्थीहरूलाई नयाँ शब्द बनाउने वा रचना गर्ने सीप विकासका लागि “शब्द निर्माण ” राखिएको छ । शब्द निर्माण गर्दा आधार शब्दका अगाडि उपसर्ग र

पछाडि प्रत्यय जोडेर शब्द निर्माण गर्ने व्याकरणिक अभ्यास राखिएको छ । यस पाठ्यपुस्तकमा शब्द निर्माण एकाई अन्तर्गत दुई वा दुईभन्दा बढी स्वतन्त्र अर्थ भएका शब्दहरू मिलेर एउटा नयाँ शब्द बनाउने समासका प्रकार सहित अभ्यासहरू राखिएका छन् भने आधार शब्द दोहोरिएर नयाँ शब्द बन्ने द्वित्व प्रक्रियालाई पनि शब्द निर्माण एकाईमा राखिएको छ ।

कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको व्याकरण विधा अर्न्तगत एकाई पाँचमा वाक्यतत्व शीर्षकभित्र क्रियापदको परिचय, धातुका प्रकार कालका प्रकार, पक्ष भाव वा अर्थ, वाच्य, कारक तथा पदसंगति र पदक्रमलाई समेटेर वाक्यका वास्तविक तत्वको ज्ञान दिने उद्देश्यले यो एकाइ राखिएको छ । जसको कारणले विद्यार्थी परिस्थिति, समय, परिवेश, अर्थका आधारमा आफ्ना भनाइहरूलाई प्रस्तुत गर्न सक्ने हुन्छन् । व्याकरण विधाको अन्तिम एकाइको रूपमा यस पाठयपुस्तकमा वाक्यको परिचय, प्रकार, उक्तिको परिचय, वाक्य संश्लेषण, वाक्यान्तरण र वाक्यविश्लेषण जस्ता शीर्षकलाई समेटेर एकाइ ६ “वाक्यका प्रकार र वाक्यन्तरण ” राखिएको छ । जसको लक्ष्य यस तहका विद्यार्थीहरू वर्ण, अक्षर, शब्द, रूप, तथा वाक्यका सामान्य पक्षमा दक्ष वनाइ सकेपछि वाक्य र वाक्यान्तरण गराउने रहेको पाइन्छ । शब्दभण्डार अन्तर्गत पर्यायवाची, अनुकरणात्मक, अनेकार्थक, सिङ्गो शब्द, परिभाषिक शब्द र उखान र टुक्कालाई व्यवस्थित र व्यावहारिक वनाउने कार्यमा व्याकरणिक एकाइहरू सफल रहेको छ ।

**(च) उपन्यास**

उपन्यास साहित्यको लोकप्रिय विधा हो । यो विधा मूख्यगरी विद्यार्थीहरूको मानसिक संवेगात्मक क्षमताको विकास गराउने विद्या भएकोले पनि उपन्यास किशोरहरूदेखि लिएर वृद्ध सम्मका लागि मनपर्ने विद्या हो । उपन्यास विधाले मूख्यगरी जीवन र जगतका बाहृय तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनु हो उपन्यास विधाले मूख्यगरी भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषयवोध, अभिरूचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न र गराउनमा सक्षम विधाको रूपमा रहेको छ । त्यसैगरी उपन्यासका माध्यमबाट अनुशासन कायम गर्न, नैतिक उपदेश दिने, चरित्र निर्माण गराउने साथै सिर्जना शक्तिलाई बढाउनमा उपन्यास विधाले निकै ठूलो मद्दत मिलेको हुन्छ ।

यस दृष्टिले हेर्दा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तक भित्र उपन्यास विधा अन्तर्गत नेपाली सामाजिक उपन्यास लीलबहादुर क्षेत्रीद्वारा संरचित ३० खण्डमा विभक्त र

६२ पृष्ठीय “बँसाई ” लाई समावेश गराइएको छ । यस उपन्यासमा मूख्य गरी सामन्ती र शोषकहरूको अन्याय अत्याचार, थिचोमिचोमा वाचेका निम्न वर्गीय नेपालीहरूको दर्द, पीडा, अभाव, विवशता, अशिक्षाका साथै निश्छल प्रेम र उदारतालाई मार्मिक भावभूमिंमा उद्घाटन गर्नु यस उपन्यासले मूल विषयवस्तु बनाएको छ । आर्कोतिर नेपालीहरू बर्सेनी आफ्नो प्यारो जन्म भूमि किन छोड्छन् भन्ने प्रश्नको सजीव उत्तर यस उपन्यासले प्रस्तुत गराएको छ । गरिबहरू पहिले र आज समेत सामन्तीहरूको अन्यायपूर्ण व्यवहार सहन वाध्य छन भन्ने विषयहरूलाई कथावस्तु बनाइएको छ । यस उपन्यासमा नेपालको पूर्वी पहाडी क्षेत्रको भाषा, संस्कृति र प्रकृतिका साथै सामाजिक, आर्थिक विषयवस्तुलाई टपक्कै टिपी छपक्क छापिएको यो उपन्यास यस तहका विद्यार्थीको मन र मस्तिकलाई धरक्कै रूवाउने खालको विषयवस्तु समेटिएको छ ।

यसरी यस उपन्यासले कक्षा एघारका विद्यार्थीको स्तर, उमेर तथा तहलाई सुहाउने खालको विषयवस्तु समेटिएको छ । उपन्यासले यस तहका विद्यार्थीलाई समाजको सामाजिक र आर्थिक अवस्थाको यथार्थतालाई परिचित गराएको छ ।

**(छ) सारांश**

शिक्षाको संरचना अनुसार कक्षा दश र एघार माध्यामिक तह अन्तर्गत पर्ने कक्षा हुन् । यी दुवै पाठ्यपुस्तकहरूमा सिकाई उपलब्धि हासिल गराउनको लागि कक्षा दशमा आठ ओटा विधाहरू राखिएका छन् । जसमा कविता, कथा, जीवनी, निबन्ध, मनोवाद, बादविवाद, एकाङ्की र चिठी विधाहरू पर्दछन् । जसमा १६ वटा पाठहरू समेटिएका छन् । कक्षा एघारमा सात ओटा विधाहरू राखिएका छन् । जसमा कविता, कथा, निबन्ध, नाटक, उपन्यास बोध र व्याकरण विधाहरू पर्दछन् । यस पाठ्यपुस्तकमा पाठका दृष्टिले २७ ओटा पाठहरू समेटिएका छन् ।

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकको आन्तरिक पक्ष अन्तर्गत पर्ने विषयवस्तुलाई हेर्दा विद्यार्थीमा राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचय गराउने, प्रजातान्त्रिक मूल्यमान्यता, भाषिक व्यवहारमा सक्षम वैज्ञानिक सुझवुझ भएका सृजनशील र सहयोगी जस्ता शिक्षाप्रद जस्ता विभिन्न सीपहरूको विकास गराउने गरी १६ ओटा पाठहरू सम्पादन गरिएको छ भने आठ किसिमका विधाहरूलाई पाठ्यपुस्तकमा समेटिएको छ । यस पाठ्यपुस्तकमा समाविष्ट आठ विधा अन्तर्गत ३ वटा कविता, ३ ओटा कथा, ३ ओटा जीवनी, तिन ओटा निबन्ध मनोवाद एक, बादविवाद एक, एकाङ्की एक र चिठी एक रहेका छन् ।

पाठ्यपुस्तकभित्र रहेका पाठ्यवस्तुसंगै व्याकरणात्मक र अभ्यासात्मक कार्यमूलक व्याकरण र बोध क्षमता विकासका नमूना राखिएका छन् । त्यस्तै यस पाठ्यपुस्तक अन्तर्गत पर्ने बाह्यपक्षमा आवरण पृष्ठ केही मोटो खालको सेतो रङ्गको सामान्य खालको छ भने कागजको स्तर विद्यार्थीको स्तर अनुकूल रहेको छ । आकारका दृष्टिले कक्षा सुहाउँदो र विद्यार्थीले बोक्न सजिलो हुनेखालको छ । त्यसैगरी यस पाठ्यपुस्तकका पृष्ठहरूलाई स्टेपपिनद्वारा दुई ठाउँमा बाधिएको छ र गम प्रयोग गरी आवरण पृष्ठले पाठ्यपुस्तक छोपिएको छ । यसको मूल्य स्पष्ट संग तोकिएको छैन् ।

त्यस्तै कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको आन्तरिक अथवा शैक्षिक पक्ष अन्तर्गत पर्ने विषयवस्तुका दृष्टिले विद्यार्थीमा भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका सृजनशील, सहयोगी उद्दमशील, स्वाबलम्बी एवम आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ राष्ट्रिय परम्परा, संस्कृति एवम सामाजिक वातावरणसँग परिचित, प्रजातान्त्रिक मूल्य र मान्यतासंग परिचित नागरिक तयार गर्ने जस्ता सीपहरू विकास गराउने गरी २७ ओटा पाठहरू पाठ्यपुस्तकमा सम्पादन गरिएको छ  भने ७ ओटा विधाहरू पाठ्यपुस्तकमा समेटिएको छ ।

यस पाठ्यपुस्तकमा समाविष्ट सात विधा अन्तर्गत ६ ओटा कविता ५ ओटा कथा, ३ ओटा निवन्ध, २ ओटा एकाङ्की, १ उपन्यास बोध सम्वन्धी ४ ओटा एकाईहरू व्याकरण सम्वन्धी ६ ओटा रहेका छन् । यसरी समग्रमा कक्षा १० र ११ को पाठ्यपुस्तकको सुन्दर तरिकाले निर्माण गरेको पाइन्छ ।

# अध्याय – चार

## कक्षा दश र एघारको अनिवार्य नेपाली भाषापाठ्यपुस्तकभित्रका अभ्यासात्मक स्तरगत विभाजनको विस्तृत अध्ययन

### ४.१ परिचय

शिक्षण सिकाई कार्यकलाप एक अति नै जटिल प्रक्रिया हो । शिक्षण प्रक्रियालाई सार्थक तुल्याउनको लागि विद्यार्थी र शिक्षकले मात्र शिक्षाका उद्देश्यहरू पूराहुन सक्दैन जसको लागि पाठ्यक्रमले तोकेका पाठ्यपुस्तक र सो भित्र रहेका नमूना अभ्यासले पनि महत्वपूर्ण भूमिका खेल्दछ । जुन सुकै पनि पाठ्यपुस्तकमा अभ्यासहरूको संयोजन गर्दा मूख्यतः बालबालिकाको मानसिक तथा बौद्धिक विकास गराउने किसिमका संज्ञानात्मक क्षेत्रभित्र रहेर विद्यार्थीको योग्यता बुद्धिविवेक, तथ्य घटना पहिचान पुनः स्मरण जस्ता क्षेत्रलाई समेटिएको हुनुपर्दछ । भाषापाठ्यपुस्तकमा राखिएका नमूना अभ्यासहरूमा विद्यार्थीहरूको स्तर अनुसार व्यक्तिको अनुभब ,भावना, अभिरूची र सबेगात्मक पक्षहरूलाई समेटने गरेर भावनात्मक क्षेत्रका अभ्यासहरूलाई समेटनु आवश्यक रहेको हुन्छ भने सिकाईमा बिद्यार्थीको स्नायु सम्बन्धी समन्वयात्मक कार्यसगै सन्बन्धित क्षेत्रलाई पनि पाठ्यपुस्तकको अभ्यासहरूमा राखेर क्रियात्मक वा शारीरिक सीप विकास र सीप पहिचान संग सम्बन्धित मानसिक र शारीरिक क्रियाकलाप विकास गराउने खालका नमूना अभ्यासहरू पाठ्यपुस्तकमा राखिनु नितान्त आवश्यक रहेको हुन्छ । साच्चै भन्ने हो भने भाषा पाठ्यपुस्तकमा मूल पाठभन्दा अभ्यासात्मक क्रियाकलापको आकार ठूलो र बढी हुन्छ । यस्तो हुनु स्वभाविक पनि हो किनकि भाषा सिक्नु र सिकाउनु भनेको यसका ग्रहण (सुनाइ र पढाइ ) र अभिव्यक्तिगत (बोलाइ र लेखाइ) सीप सिक्नु सिकाउनु हो । त्यस्तो सीप अभ्यासबाट नै प्राप्त र परिमार्जित हुन सक्दछ ।

यसरी हेर्दा कक्षा दश र एघारको नेपाली भाषापाठ्यपुस्तक भित्रका अभ्यासहरू के, कति कक्षालाई सुहाउदा र स्तर अनुरूप स्तरीय छन् ? सोको विस्तृत विश्लेषणात्मक अध्ययन यस अध्यायमा गरिएको छ ।

## ४.२ कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रका अभ्यासहरूको विस्तृत अध्ययन

### पाठ एकको अभ्यास

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ एकका रूपमा कविता विधाअन्र्तगत भानुभक्त आचार्यको २८ श्लोकीय नीतिप्रधान कविता "प्रश्नोत्तर" लाई राखिएको छ । कविताको अभ्यास अन्तर्गत प्रश्न एकमा बोधसम्बन्धी पाँच प्रश्न र ज्ञान सम्बन्धी तिन प्रश्नलाई मौखिक उत्तर दिन लगाउने उद्देश्यले जम्मा आठ ओटा प्रश्नहरू समावेश गरिएको छ । प्रश्न नं. दुईमा व्यवहारिक सीप सिकाउने उद्देश्यका साथ कविताको गति, यति र लय मिलाएर वाचन गर्ने अभ्यास समावेश गरिएको छ । प्रश्न नं. तिनमा शुद्ध उच्चारण अन्तर्गत सात शब्दहरूलाई व्यावहारिक सीप विकासको लागि समावेश गराइएको छ । अभ्यास अन्तर्गत चौथौ प्रश्नमा आठओटा शब्दको अर्थ भन्न प्रश्न नं. पाँचमा १३ ओटा शब्दलाई वाक्यमा प्रयोग गर्न र प्रश्न नं. ६ मा हिज्जे सम्बन्धी अभ्यासलाई राखिएको छ जसका माध्यमबाट विद्यार्थीलाई व्यवहारिक सीपको विकास गराउने अपेक्षा राखेको छ । प्रश्न नं. सातमा तिनओटा बोध सम्बन्धी र दुई ओटा ज्ञान सम्बन्धी सङ्क्षिप्त उत्तर आउने अभ्यासलाई पाठ्यपुस्तकमा समावेश गराइएको छ । अभ्यासको प्रश्न नं. आठमा "क" र "ख" गरी दुई ओटा सप्रसङ्ग, व्याख्या, प्रश्न नौं मा "क" र "ख" गरी दुई ओटा विवेचनात्मक उत्तर आउने प्रश्न र प्रश्न १०मा एक प्रश्नलाई उच्च दक्षताको सीप विकास गराउने अभ्यासका रूपमा समावेश गराएको छ । व्याकरणको अभ्यास अन्तर्गत (क) मा नाम, सर्वनाम, विशेषण र क्रियापदको टिपोट गराउन खोजीएको छ । (ख) नम्बर अन्तर्गत २७ ओटा रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउने व्यावहारिक सीप विकास सम्बन्धी अभ्यास राखेको छ ।

यसरी पहिलो पाठको अभ्यासमा विभिन्न ज्ञान, बोध, उच्च- दक्षता र व्यवहारिक सीप विकासको लागि ३८ ओटा अभ्यासका रूपमा राखिएका छन् ।

## पाठ दुईको अभ्यास

यस पाठ्यपुस्तकमा पाठ दुईमा आधुनिक कथाकार गुरूप्रसाद मैनालीद्वारा रचित "कर्तव्य" कथालाई राखिएको छ । सामाजिक कथामा आधारित यस कथालाई ४८ अङ्कमा विभक्त गरि राखिएको यस कथामा अभ्यासको रूपमा प्रश्न नं. एकमा वोध सम्बन्धी ६ ओटा

र ज्ञान सम्बन्धी ४ प्रश्नलाई मौखिक ज्ञान र बोध सम्बन्धी उत्तर दिन लगाउने उद्देश्यले जम्मा १० दश ओटा प्रश्नहरू समावेश गरिएको छ । पाठदुईको अभ्यासका रूपमा प्रश्न दुइमा १३ तेह्र शुद्धसँग उच्चारण गर्ने, प्रश्न नं. ३ मा १८ ओटा शब्दहरूको अर्थ लेख्ने र प्रश्न चारमा १५ ओटा वाक्यमा प्रयोग गर्ने शब्दहरूलाई राखी यी २, ३ र ४ का प्रश्नहरूले वालवालिकाको व्यवहारिक सीप विकास गराउने उद्देश्य रहेको छ । प्रश्न पाँचमा अभ्यासका रूपमा वोध सम्बन्धी चार र एक व्यवहारिक सीप सम्बन्धी गरी जम्मा पाँच ओटा प्रश्नलाई समावेश गरिएको छ । त्यसैगरी  अभ्यासका रूपमा प्रश्न छ मा “इक र इत” प्रत्यका पाँच पाँच ओटा शब्दको निर्माण, प्रश्न नं. ७ मा ६ ओटा समस्त शब्दहरूको विग्रह गराउने र प्रश्न ८ मा अनुकरणात्मक शब्द सम्बन्धी ज्ञानदिने व्यवहारिक सीप विकास गराउने अभ्यास राखिएको छ ।

प्रश्न नं. (९) नौमा जम्मा ६ ओटा सङ्क्षिप्त उत्तर आउने अभ्यासलाई राखिएको छ जस अन्तर्गत २ दुईओटा ज्ञानसम्बन्धी प्रश्न, २ दुईओटा वोधका र दुईओटा उच्च दक्षता युक्त प्रश्नहरूलाई समावेश गराइएको छ । यस पाठ्यपुस्तकको पाठ दुईको प्रश्न नम्बर १० सप्रसङ्ग व्याख्याको एक प्रश्न र प्रश्न नं. ११ एघारमा क र ख गरी दुई ओटा विवेचनात्मक उत्तर आउने खालका प्रश्नहरू राखिएका छन् । यी प्रश्न नं. १० र ११ को अभ्यासले विद्यार्थीहरूलाई भाषामा उच्च दक्षता विकास गराउने लक्ष्य राखिएको छ । व्याकरणको अभ्यास अन्तर्गत “क” मा पाठमा रहेका बहुवचनयुक्त वाक्य टिप्ने उद्देश्य राखिएको छ । प्रश्न ख मा पाँच (५) ओटा लिङ्ग र वचनमा परिवर्तन गराउने लक्ष्य राखिएको छ । प्रश्न “ग” तिन ओटा अभ्यास पुरूषका रूपमा परिवर्तन गराउने साथै प्रश्न “घ” मा १५ ओटा कोष्ठकमा आधारित निर्देशनका आधारमा परिवर्तन गराउने रहेको छ भने प्रश्न ङ, च र छ मा पनि व्याकरणिक अभ्यास राखिएको छ । यसरी समग्रतामा हेर्दा व्याकरणगत अभ्यासमा विद्यार्थीहरूको व्यवहारिक सीपलाई व्यवहारमा ढाल्ने उद्देश्यका साथमा राखिएको छ र यस पाठमा अभ्यासका क्रममा जम्मा १८ ओटा अभ्यासका साथमा प्रश्नहरू समेटिएका छन् ।

## पाठ तिनको अभ्यास

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा सामाजिक हास्यव्यङ्गयमा आधारित दश अङ्कमा विभक्त भैरव अर्यालद्वारा रचित जय भोलि ! निवन्धलाई तेस्रो पाठका रूपमा राखिएको छ । यस पाठको अभ्यास खण्डको पहिलो प्रश्नमा एक वाक्यमा उत्तर आउने खालका क र ङ नम्बरमा ज्ञान सम्बन्धी र ख, ग र घ नम्बरमा बोध सम्बन्धी प्रश्नलाई

समावेश गराएको छ। विद्यार्थीमा व्यवहारिक सीप विकास गराउने उद्देश्यले प्रश्न २ मा १० ओटा शब्दको अर्थ भन्ने, प्रश्न तिनमा १० ओटा शब्दहरूको उच्चारण गर्न, प्रश्न ४ मा १० ओटा मिश्र वाक्यको निर्माण गराउने, प्रश्न ५ मा दश ओटा अशुद्ध शब्दलाई शुद्ध गर्न लगाउने, प्रश्न ६ मा पाठको पहिलो अनुच्छेदको सस्वरवाचन गर्ने, प्रश्न ७ सातमा "स" र "म" वर्णले बनेका पाँच-पाँच शब्द टिप्ने, प्रश्न १० दशमा ईय, इक र आइ, प्रत्यय लगाएर पाँचपाँच ओटा शब्द निर्माण गर्न र प्रश्न ११ मा दशौँ अनुच्छेदमा रहेका अव्यय शब्दहरूको वर्गीकरण गराउने खालका व्यावहारिक सीप विकास गराउने खालका अभ्यासका प्रश्नहरूलाई समेटिएको छ भने बीचमा प्रश्न ८ र ९ सङ्क्षेपीकरण गराउने र बुदाँ टिपोट गराउने खालका बोधसम्बन्धी अभ्यासलाई समावेश गराइएको छ । यस पाठको अभ्यास अन्तर्गत प्रश्न १२ मा (क) मा ज्ञान ख र ग मा बोध सम्बन्धी सीप र "घ" मा उच्च दक्षता सम्बन्धी सीप विकास गराउने अभ्यासका रूपमा क र ख गरी दुई ओटा सप्रसङ्ग व्याख्या गर्ने खालका अभ्यास राखिएका छन् । प्रश्न १४ मा उच्च दक्षता सम्बन्धी एक विवेचनात्मक उत्तर आउने प्रश्नलाई समावेश गराइएको छ। त्यसै गरी प्रश्न १५ मा एउटा अनुच्छेदलाई प्रस्तुत गराएर विद्यार्थीहरूको ज्ञान, बोध र उच्च दक्षता साथै व्यवहारिक सीप विकास गराउने खालको अभ्यास राखिएको छ। व्याकरण खण्ड अन्तर्गत "क" नम्बरमा दश ओटा क्रियापद दिएर धातु पत्ता लगाउने, प्रश्न

ख मा दश ओटा क्रियापदका मूल धातु, नामधातु र प्रेरणार्थक धातु छुट्याउने अभ्यासलाई समावेश गराएको छ। प्रश्न "ग" मा पाठको पाँचौ अनुच्छेदका क्रियापदको धातु पत्ता लगाउने, प्रश्न छ मा "ख" धातुवाट वर्तमानकालको प्रयोग गरेर वर्णन गर्ने र प्रश्न "ङ" मा मूल धातु, नाम धातु र प्रेरणार्थक धातुका वीचको भिन्नतालाई प्रस्तुत गर्ने अभ्यासलाई प्रस्तुत गराएर विद्यार्थीमा व्यवहारिक सीपको विकास गराउने उद्देश्य राखेको छ ।

## पाठ चारको अभ्यास

यसरी हेर्दा यस पाठमा विद्यार्थीको अभ्यासको विकास गराउने जम्मा ३३ ओटा अभ्यासात्मक प्रश्नलाई राखेको छ । नौ ओटा अनुच्छेदमा संरचित राष्ट्रिय राजनीतिक साँस्कृतिक र ऐतिहासिक व्यक्तित्वका धनी जयपृथ्वीबहादुर सिंहको राष्ट्रिय जीवनीलाई चौथो पाठकारूपमा राखिएको छ । यस पाठको अभ्यास अन्तर्गत प्रश्न १ मा पाँचओटा बोध सम्बन्धी र ३ ओटा ज्ञान सम्बन्धी प्रश्नलाई मौखिक ज्ञान र बोधात्मक सीप विकासार्थ ८

ओटा प्रश्न राखिएको छ भने प्रश्न २ मा पनि क र ङ प्रश्न ज्ञान सम्बन्धी र "ख", "ग" र "घ" का प्रश्नहरू बोध क्षमता विकास गराउने उद्देश्यले राखिएका छन । त्यसै गरी प्रश्न ३ मा १० दश ओटा शब्दको शुद्ध उच्चारण गर्ने, प्रश्न ४ मा दशओटा शब्दको अर्थ भन्न लाउने, प्रश्न ५ मा ४ ओटा शब्दको वाक्यमा प्रयोग गराउने, प्रश्न ६ मा वाक्यलाई शुद्धसँग कपीमा सच्चाएर सार्न लगाउने र प्रश्न ७ मा "ई र निर " उपसर्गलगाएर शब्द निर्माण गराएर व्यवहारिक सीप र क्षमता विकास गराउने खालका अभ्यासहरू राखिएका छन् । प्रश्न ८ मा पाठको छैटौँ अनुच्छेदबाट वोध क्षमता विकासका दुई, ज्ञान क्षमता विकासका दुई र व्यवहारिक सीप विकासका एक गरी जम्मा ५ पाँच ओटा प्रश्नलाई समावेश गराएको छ । प्रश्न ९ मा उच्च दक्षता अभिवृति गराउन छलफलको विषयलाई समेटिएको छ भने प्रश्न १० मा सङक्षिप्त उत्तर आउने प्रश्नहरूमा ३ ओटा ज्ञान, एउटा वोध क्षमता र एक उच्च दक्षता विकास गराउने गरी जम्मा पाँच प्रश्नलाई समावेश गराएको छ । प्रश्न ११ मा उच्च दक्षता अभिवृति गराउने उद्देश्यले क र ख गरी दुईओटा सप्रसङ्ग व्याख्या गराउने प्रश्न राखेका छन् । त्यस्तै प्रश्न १२ मा क, ख र ग गरी उच्च दक्षता विकास गराउने तिन ओटा विवेचनात्मक प्रश्नलाई राखिएका छन् ।

व्याकरणको अभ्यास अन्तर्गत यस पाठको अन्त्यमा क नम्बरमा वर्तमान भूत र भविष्यत कालमा वाक्य निर्माण गर्ने प्रश्न "ख" मा रहेका पाँच वाक्यलाई वर्तमान कालका अन्य पक्षमा परिवर्तन गर्नुपर्ने, प्रश्न "ग" मा रहेका पाँच वाक्यलाई भूतकालका अन्य पक्षमा परिवर्तन गर्नुपर्ने, प्रश्न नं. पाँच "घ" मा रहेका पाच वाक्यलाई भविष्यतकालका अन्य पक्षमा परिवर्तन गर्नुपर्ने, प्रश्न नं. "ङ" मा सङ्केतका आधारमा २१ ओटा वाक्यको खाली ठाँउ भर्ने र प्रश्न "च" मा पाँच ओटा सङकेतका आधारमा वाक्य बदल्ने जस्ता प्रश्नहरूलाई समावेश गराएर विद्यार्थीलाई व्यावहारिक सीप विकास गराउने अभ्यास राखिएका छन् । यसरी यस पाठमा अभ्यासका रूपमा विद्यार्थीका विविध ज्ञान, वोध, उच्च दक्षता तथा व्यवहारिक सीप विकास गराउनको लागि जम्मा पँचहत्तर प्रश्नहरूलाई अभ्यासका रूपमा समावेश गराइएका छन् ।

## पाठ पाँचको अभ्यास

यस पाठ्यपुस्तकको पाठ पाँचमा रूपक विधा अन्तर्गतको ५ अनुच्छेद संरचित "काम खोज्दै जाँदा" मनोवादलाई राखिएको छ । पाठ्यपुस्तकमा यस पाठको अभ्यासका रूपमा प्रश्न १ अन्तर्गत क, ख, ग र घ नम्बरमा वोध क्षमताको विकासका लागि वोध प्रश्नहरू र ङ नम्बरमा ज्ञान क्षमताको विकासार्थ प्रश्न राखेको छ । प्रश्न न २ मा १४ ओटा शब्द

उच्चारणार्थ प्रश्न ३ मा "वि" उपसर्ग र "इक र इत" प्रत्ययद्वारा शब्द बनाउने प्रश्न ४ मा "ब र व" द्वारा बनेका शब्दहरू पाठबाट टिप्ने प्रश्न ५ मा १० ओटा शब्दको संयुक्त वाक्यमा प्रयोग गराउने अभ्यासलाई प्राथमिकता दिएर विद्यार्थीहरूमा व्यवहारिक सीप विकास गराउने रहेको देखिन्छ ।

यस पाठको अभ्यासमा सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू जम्मा ५ पाँच ओटा राखिएका छन् । जसमा ज्ञान क्षमताको विकासार्थ २ ओटा र बोध क्षमताको विकासार्थ ३ ओटा प्रश्नलाई समावेश गराइएका छन् । अभ्यासको प्रश्न ९ मा उच्च दक्षताको सीप विकास गराउन मनोवादको सारांश लेखनलाई राखिएको छ भने प्रश्न १० मा उच्च दक्षताको विकास गराउन दुइ ओटा व्याख्या गर्ने प्रश्न समावेश गराइएको छ । उच्च दक्षताको विकास गराउने उद्देश्यले सिर्जनात्मक अभ्यास अन्तर्गत ७ ओटा प्रश्नलाई समेटिएको छ । व्याकरण खण्डको अभ्यास अन्तर्गत भावका आधारमा प्रश्न क मा अ देखि उ सम्मका वाक्यलाई संकेतका आधारमा खालीठाउँ भर्ने, प्रश्न "ग" मा अ देखि उ सम्मका वाक्यलाई कोष्ठकमा दिइएका संकेतकाआधारमा परिवर्तन गराउने र "घ" र "ङ" नम्बरका प्रश्नहरूले इच्छार्थक सम्भावनार्थक र संङकेतार्थमा परिवर्तन गराएर यी अभ्यासका माध्यमवाट विद्यार्थीमा व्याकरणसँग सम्बन्धित व्यवहारिक सीपको विकास गराउनुको लागि जम्मा १७ ओटा प्रश्न राखिएका छन् । यसरी समग्रमा यस पाठ्यपुस्तकभित्र पाठ पाँचको मनोवादको अभ्यासमा अभ्यासार्थ जम्मा वोध क्षमता ज्ञान क्षमता उच्च दक्षता र व्यवहारिक सीपको अभिवृद्धि गराउन ५१ ओटा प्रश्नलाई अभ्यासका रूपमा राखिएका छन् ।

## पाठ ६ को अभ्यास

कक्षा दशको अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ ६ मा सरल र सुमधुर कविताको रूपमा प्रकृतिप्रेमी राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा २८ श्लोकीय सुन्दर ढंङ्गमा संरचित "वैशाख" कवितालाई राखिएको छ । यस कविताको अभ्यास अन्तर्गत मौखिक उत्तर आउने प्रश्नका रूपमा प्रश्न "१" एकमा क र ङ नम्बरमा ज्ञान क्षमताको विकास र ख, ग, घ र च

नम्बरका प्रश्नहरू बोधमा आधारित गरेर जम्मा ६ ओटा प्रश्नहरूलाई राखिएका छन् । व्यवहारिक सीप सम्बन्धी अभ्यासका रूपमा प्रश्न २ मा कविताको वाचन, प्रश्न ३ मा ७ ओटा शब्दको शुद्ध उच्चारण, प्रश्न ४ मा १० ओटा शब्दहरूको अर्थ लेख्नु, प्रश्न ५ मा ८ ओटा शब्दलाई वाक्यमा प्रयोग गर्ने, प्रश्न ६ मा "व र म" वर्णका शब्दहरूलाई वर्णानुक्रमअनुसार राख्ने र प्रश्न ७ मा ८ ओटा शब्दको पर्यायवाची शब्द लेखेर व्यवहारिक सीप विकासमा अभ्यास गराउने रहेको पाइन्छ । यस पाठको अभ्यास अन्तर्गत सङक्षिप्त उत्तर आउने खालका प्रश्न नं. ८ मा क, ख र घ नम्बरका प्रश्नहरूले वोध क्षमताको विकासार्थ त्यसैगरी ग र ङ नम्बरका प्रश्नहरूले ज्ञान क्षमताको वृद्धि गराउन र "च" नम्बरको प्रश्नमा उच्च दक्षतामा आधारित राखिएको छ । प्रश्न नं. ९ मा क र ख मा उच्च दक्षता विकास गराउने उद्देश्यका साथ सप्रसङ्ग व्यख्या राखिएका छन् भने प्रश्न नं. १० मा उच्च दक्षता सम्बन्धी दुई ओटा प्रश्न र प्रश्न ११ मा एउटा उच्च दक्षताको एउटा प्रश्न अभ्यासका रूपमा समावेश गरिएको हो ।

यस कविताको व्याकरणात्मक अभ्यास अन्तर्गत विद्यार्थीको व्यावहारिक सीप क्षमताको अभिवृद्धि गराउन प्रश्न नं. क मा अ देखि ओ सम्मका वाक्यलाई प्रेरणार्थकतामा परिवर्तन गर्ने, प्रश्न ख मा ९ ओटा क्रियाकलापलाई प्रेरणार्थकमा वदल्ने, प्रश्न ग मा ७ ओटा प्रेरणार्थक क्रियापद वनाएर वाक्य वनाउने र प्रश्न न ६ मा रहेका अ देखि ए सम्मका प्रेरणार्थक वाक्यलाई सामान्य वाक्यमा रूपान्तरण गरी व्याकरण सम्बन्धी व्यवहारिक सीप विकासका लागि जम्मा १९ उन्नाइस र पाठको सम्पूर्ण अभ्यास अन्तर्गत ४२ ओटा प्रश्नलाई अभ्यासका रूपमा समावेश गराइएका छन् ।

## पाठ सातको अभ्यास

पाठ ७ मा नेपाली साहित्यका एक प्रसिद्ध मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा २३ अनुच्छेदमा रचित आधुनिक मनोवैज्ञानिक कथा "दोषी चस्मा" लाई राखेको छ । कथाको अभ्यासको रूपमा पाठगत अभ्यास अन्तर्गत प्रश्न एकमा "क", "ख", "ग", "घ" र "ज" नम्बरमा ज्ञान क्षमताको विकास गराउन दुई ओटा प्रश्नहरू समावेश गरीएका छन् । प्रश्न दुईमा विद्यार्थीको शुद्ध उच्चारण गर्ने क्षमता विकास गराउने उद्देश्यले कथाको

दोस्रो र तेस्रो अनुच्छेदको सस्वरवाचनलाई समावेश गराइएको छ । प्रश्न ३ मा १० ओटा शब्दको शुद्ध उच्चारण, प्रश्न ४ मा ९ ओटा शब्दहरूको अर्थ भन्ने, प्रश्न ५ मा ६ ओटा शब्दहरूको प्रकृति प्रत्यय छुटयाएर शब्द निर्माण गराउने, प्रश्न ६ मा ८ ओटा शब्द जोडीहरूको अर्थ लेखेर वाक्यमा प्रयोग गर्ने, प्रश्न ७ मा कथाको चौथो र पाँचौं अनुच्छेदको "अ" वर्णका शब्दहरूको नाम, सर्वनाम, विशेषण के हुन छुट्याउने र प्रश्न ८ मा १० ओटा शब्दहरूलाई मिश्र वा संयुक्त वाक्यमा प्रयोग गराएर विद्यार्थीका व्यावहारिक सीपको वृद्धि र विकास गराउने खालका अभ्यासहरू रहेका छन् । अभ्यासकै क्रममा प्रश्न ९ मा ज्ञान सम्बन्धी ३ प्रश्नहरू बोधसम्बन्धी एक प्रश्न र विद्यार्थीको उच्च दक्षता अभिवृद्धि गराउने खालका ३ प्रश्नलाई समेटिएको छ ।

अभ्यासकै क्रममा २ वटा उच्च दक्षता सम्बन्धी सप्रसङ्ग व्याख्याका प्रश्नहरू प्रश्न नं. १० मा र प्रश्न नं. ११ मा उच्च दक्षता अभिवृद्धि गराउने उद्देश्यका साथ "क" र "ख" गरी दुई ओटा विवेचनात्मक उत्तर आउने खालका प्रश्नहरूलाई अभ्यासमा समेटिएका छन् । प्रश्न १२ र १३ मा विद्यार्थीको वोध क्षमतालाई विकास गराउने लक्ष्यका साथमा बोध प्रश्नलाई समेटिएका छन् । यसपाठको व्याकरण अभ्यास अन्तर्गत क नम्बरमा कथाको आठौं अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण बनाउने, "ख" नम्बरमा ९ ओटाप्रश्नहरूलाई अकरण वनाउने र ७ ओटा वाक्यलाई करणमा परिवर्तन गराउने अभ्यासलाई समावेश गराएको छ । ग नम्बरमा ११ ओटा क्रियापदलाई करण भए अकरण र अकरण भए करण वनाउने रहेका छन् । जसका माध्यमबाट व्यावहारिक सीप-विकासको आशा राखिएको छ ।

यसरी यस पाठको अभ्यास अन्तर्गत पाठगत अभ्यासमा २७ ओटा र व्याकरण अभ्यास अन्तर्गत १८ ओटा गरी जम्मा अभ्यास अन्तर्गत ४५ ओटा अभ्यासहरू समावेश गरिएका छन् ।

## पाठ आठको अभ्यास

कक्षा १० को अनिवार्य नेपाली पाठयपुस्तक अन्तर्गत पाठ ८ सास्कृतिक तथा ऐतिहासिक विषयवस्तु आधारित ७ ओटा अनुच्छेदमा निबन्ध बिधाको रूपमा "मिथिला चित्रकला" लाई राखिएको छ । सास्कृतिक, ऐतिहासिक र पौराणिक विषयवस्तुलाई समेटिएको यस निबन्धको पहिलो अभ्यासमा ५ ओटा बोध प्रश्न र तिन ओटा ज्ञानको विकास गराउने खालका प्रश्नहरूलाई राखिएको छ । विद्यार्थीका भाषिक व्यवहारिक सीप विकास गराउने उद्देश्यले १० ओटा शब्दको शुद्ध लेखनलाई प्रश्न नं. २ मा, प्रश्न नं. ९ मा एउटा वाक्यलाई

सच्याएर पुर्नलेखन गर्ने प्रश्न नं. ४ मा १० ओटा शब्दको शुद्ध उच्चारण, ५ नम्बर प्रश्नमा ९ ओटा शब्दको अर्थ भन्ने, प्रश्न ६ मा १० ओटा शब्दको मूल शब्द र प्रत्यय छुटयाउनु, प्रश्न ७ मा १० ओटा शब्दको वाक्य प्रयोग गर्ने, र प्रश्न ८, ९ र १० मा पनि विद्यार्थीका व्यावहारिक सीपलाई उजागर गराउने खालका प्रश्नहरू समुहलाई समावेश गराएको छ भने प्रश्न ११ मा ५ ओटा प्रश्नहरूलाई विद्यार्थीको वोध क्षमता विकासार्थ वोधप्रश्नहरूलाई राखिएका छन् ।

पाठको प्रश्न नं. १२ मा पाँच ओटा वोध सम्बन्धी र दुइ ओटा ज्ञान सम्बन्धी सङक्षिप्त उत्तर आउने प्रश्नहरूलाई अभ्यासका रूपमा समावेश गराइएको छ । त्यसैगरी विद्यार्थीको भाषिक उच्च दक्षता अभिवृति गराउने उद्देश्यका साथमा प्रश्न १३ मा बुँदा टिपोट, प्रश्न १४ मा २ ओटा सप्रसङ्ग व्याख्या र प्रश्न नं. १५ मा ३ ओटा विवेचनात्मक उत्तर आउने खालका प्रश्नलाई यस पाठको अभ्यासका रूपमा समेटेको छ । व्याकरण खण्डको अभ्यास अन्तर्गत क नम्बरमा निर्देशनका आधारमा २३ ओटा वाक्यको वाच्यपरिवर्तन साथै ख, ग, घ र ङ नम्बरका प्रश्नहरूमा पनि वाच्य सम्बन्धी व्याकरणिक सीप तथा ज्ञान दिलाउने प्रश्नहरूलाई समावेश गराइएको छ । यी सम्पूर्ण व्याकरणिक अभ्यासका माध्यमबाट यस तहका विद्यार्थीहरूलाई व्यावहारिक भाषिक क्षमता विकास गराउने लक्ष्य राखिएको छ । यसरी हेर्दा यस पाठको अभ्यासमा विद्यार्थीको अभ्यासार्थ जम्मा ६२ ओटा अभ्यासका नमूना अभ्यासलाई यस पाठको अभ्यासमा समेटिएको छ ।

## पाठ नौको अभ्यास

यस पाठ्यपुस्तकको पाठ नौ मा चिठी विधा अन्तर्गतको एउटा पञ्चकन्या बुक्स सेन्टर ताप्लेजुङवाट प्रो. भरतबहादुर थेवे साझा प्रकाशन, पुल्चोक, ललितपुरलाई पठाएको सात अंङ्कमा रचना गरिएको व्यापारिक चिठीलाई राखेको छ । यस पाठको अभ्यास अन्तरगत पहिलो प्रश्नमा क नम्बरमा ज्ञान सम्बन्धी र ख नम्बरमा बोध सम्बन्धी प्रश्नलाई समावेश गराइएको छ । प्रश्न न २ को क, ख, ग, घ र ङ नम्बरमा विद्यार्थीको उच्च दक्षताको वृद्धि विकासको लागि उच्च दक्षतामा आधारित प्रश्नहरूलाई अभ्यासमा समावेश गरिएको छ ।

विद्यार्थीलाई यस तहका भाषिक सीप विकास गराएर व्यावहारिक ज्ञान र क्षमता अभिवृद्धि गराउने लक्ष्यका साथमा प्रश्न ३ मा ५ ओटा शब्दलाई वाक्यमा प्रयोग गर्ने, प्रश्न नं. ४ मा ७ सात ओटा संयोजक र १० ओटा नामयोगी शब्दको प्रयोग गरेर वाक्यको निर्माण गर्ने, साथै प्रश्न ५ मा २० ओटा शब्दबाट क्रियायोगी, निपात र विस्मयादिबोधक शब्दलाई छुट्याएर लेख्ने राखिएको छ । त्यसै गरी सिर्जनात्मक अभ्यास अन्तर्गत रहेर निमन्त्रणा पत्र बनाउने, शुभकामना पत्र बनाउने लगायत निमन्त्रणा सम्बन्धी सीप सिकाउने उच्च दक्षताका सीपहरू विद्यार्थीलाई सिकाउने रहेको छ । यसरी समग्रमा यस पाठ नौ भित्र मा जम्मा १३ ओटा प्रश्नहरूलाई समावेश गराएको छ ।

## पाठ दशको अभ्यास

यसैगरी यस पाठ्यपुस्तकको पाठ दशमा ७ ओटा अनुच्छेदमा रचित राष्ट्रिय साँस्कृतिक तथा किराती सँस्कृति, सभ्यता र वाङमयका ऐतिहासिक व्यक्तित्त्वका धनी “इमानसिंह चेमजोङ” को जीवनीलाई राखिएको छ । यस पाठको अभ्यास अन्तर्गत प्रश्न १ मा ५ ओटा बोध सम्बन्धी र ३ ओटा ज्ञान सम्बन्धी मौखिक ज्ञान र बोधात्मक सीप विकासार्थ जम्मा ८ ओटा प्रश्नहरूलाई समेटिएको छ । त्यसै गरी अभ्यासका रूपमा प्रश्न २ मा ११ ओटा शब्दको शुद्ध उच्चारण गर्ने, प्रश्न ३ मा १० ओटा शब्दको अर्थ भन्ने, प्रश्न ४ मा १५ ओटा व्युत्पादित शब्दहरूको उपसर्ग र प्रत्यय छुटयाउनु रहेको छ, भने, प्रश्न न ५ मा ८ ओटा शब्दहरूलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्ने र प्रश्न ६ मा पाठको दोस्रो अनुच्छेदबाट अज्ञात भूतकालका वाक्यहरू खोज्ने अभ्यासलाई समेटिएको छ । यसरी हेर्दा विद्यार्थीका व्यवहारिक सीपको विकासमा टेवा पु¥याउने लक्ष्यका साथमा अभ्यासमा राखिएको छ ।

यस पाठ्यपुस्तकको पाठ दशमा प्रश्न नं. ७ मा विद्यार्थीको बोध तथा ज्ञान सम्बन्धी अभ्यास गराउने उद्देश्यले पाठको सातौँ अनुच्छेद पढेर मौखिक रूपमा उत्तर दिनेखालका “क” र “ख” नम्बरमा ज्ञान सम्बन्धी प्रश्न, प्रश्नको ग नम्बरमा बोधसम्बन्धी प्रश्न र घ र ङ नम्बरमा व्यवहारिक सीप विकासार्थ प्रश्नलाई समावेश गराइएको छ । यसै गरी यस पाठको अभ्यास अन्तर्गत प्रश्न नम्बर ८ मा सङक्षिप्त उत्तर आउने खालका ५ ओटा प्रश्नहरूलाई राखेको छ । जस अन्तर्गत ३ ओटा बोधका प्रश्न, एउटा ज्ञान सम्बन्धी प्रश्न र

एउटा उच्च दक्षतामा आधारित प्रश्न राखिएको छ । अभ्यासभित्र प्रश्न ९ मा २ ओटा सप्रसङ्ग व्याख्या, प्रश्न १० मा एउटा व्याख्या गर्ने र प्रश्न नं. ११ मा एउटा विवेचनात्मक उत्तरआउने प्रश्नलाई समावेश गराएर विद्यार्थीहरूको उच्च दक्षताको वृद्धि र विकास गराउने उद्देश्य राखिएको छ ।

यस पाठको व्याकरणात्मक अभ्यास अन्तर्गत कारक र विभक्ति सम्बन्धी अभ्यासलाई समावेश गरिएको छ । जस अन्तर्गत प्रश्न 'क' मा कारक विभक्ति लागेका शब्दहरूको छनोट गर्ने र प्रश्न ख मा ६ ओटा रेखाङ्कन गरिएका वाक्यहरूका पदहरूमा रहेका कारकलाई राखेको छ । प्रश्न "ग" मा पनि ५ ओटा रेखाङ्कित गरिएका वाक्यमा रहेका विभक्तिको पहिचान गराएर विद्यार्थीको एक व्याकरणका व्यावहारिक सीप विकास गराउने उद्देश्य राखिएको छ । यसरी हेर्दा यस पाठको अभ्यासमा जम्मा ३६ ओटा अभ्यासलाई समावेश गरिएको छ ।

यसरी हेर्दा पाठ नौ र दश मुख्यतः चिठी विधा र जीवनीलाई समेटेर यस पाठ्यपुस्तकको अभ्यासमा विद्यार्थीको बोध क्षमता, ज्ञान क्षमता तथा व्यवहारिक सीप र उच्च दक्षताको विकास गराउनमा सक्षम रहेका छन् ।

## पाठ एघारको अभ्यास

यस पाठ्यपुस्तकभित्र पाठ ११ मा २५ ओटा अंङ्कमा विभाजित "भाग्य भन्दा परिश्रम ठूलो " नामक बादविबादलाई राखेको छ । यस पाठका माध्यमबाट कक्षा १० का विद्यार्थीहरूमा तार्किक अभिव्यक्तिको विकास गराउनुका साथै विवादात्मक अभिव्यक्तिको उपयुक्त भिन्न विशेषतामा विद्यार्थीहरूलाई परिचित गराउने र अभ्यस्त बनाउने कार्यमा सहयोग पुऱ्याउने रहेको छ । यस पाठको पहिलो अभ्यासमा पाठलाई सस्वरवाचन कक्षामा प्रस्तुत गराउने, दोस्रो प्रश्नमा ६ ओटा शब्दहरूको शुद्ध उच्चारण गराउने रहेको छ । त्यसै गरी प्रश्न नं. ३ मा १४ ओटा शब्दहरूको अर्थ लेख्न लगाउने, प्रश्न ४ र ५ मा ८ ओटा शब्दको वाक्य र १९ ओटा शब्दहरूका विपरित अर्थ लेख्न लगाउने र प्रश्न ६ मा सर्वनाम

शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्ने रहेको छ । जसका माध्यमबाट विद्यार्थीको व्यवहारिक सीपविकासमा अभ्यासले महत्वपूर्ण भूमिका खेल्ने रहेको छ ।

अभ्यासकै क्रममा प्रश्न ७ मा विद्यार्थीको उच्च तार्किक क्षमतालाई विकास गराउने लक्ष्यका साथमा ६ ओटा उच्च दक्षताका प्रश्नहरू राखिएका छन् । त्यसै गरी प्रश्न ८ मा एउटा क नम्बर ज्ञान सम्बन्धी र ख र ग नम्बर वोध सम्बन्धी क्षमता अभिवृद्धि गराउने खालका प्रश्नहरू राखिएका छन् साथै विद्यार्थीको उच्च तार्किक र अभिव्यक्ति सीप विकास गराउने उद्देश्यले कक्षा कोठामै चार ओटा शीर्षकमा वादविवाद कार्यक्रमको आयोजना गराउनुपर्ने राखिएको छ । शब्दभण्डारको अभ्यासमा प्रश्न (क) मा पाठमा प्रयोग भएका पारिभाषिक शब्द टिप्ने र प्रश्न नं. “ख” मा २७ ओटा पारिभाषिक शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गराएर विद्यार्थीका विविध व्यवहारिक सीप क्षमताको विकासमा टेवा पुऱ्याउने लक्ष्य राखिएको छ । यसरी यस पाठमा विभिन्न खाले २० ओटा अभ्यासात्मक प्रश्नहरू समावेश गराइएका छन् ।

मुख्यतः यस पाठका अभ्यासहरूले विद्यार्थीको अभिव्यक्ति सीपको विकास गर्नु, आत्मविश्वासको भावना बढाउनु, तार्किक क्षमताको विकास गराउनु, बौद्धिक एवम् सिर्जनशील क्षमताको विकास गर्नु, अरूका तर्कलाई खण्डन गर्दै आफ्ना भनाइलाई ओजपूर्ण ढङ्गले व्यक्त गर्ने बानीको विकास गर्नु जस्ता उद्देश्यलाई यस पाठले समेटेको छ । साथ साथै विद्यार्थीका बोध, ज्ञान र व्यावहारिक सीपहरूको बृद्धि विकासमा टेवापुऱ्याउने खालका अभ्यासहरू पनि राखिएका छन् । यस पाठले रूपक विधाको उपविधा अर्न्तगतको पाटोलाई समेटन सफल रहेको छ ।

## पाठ बाह्रको अभ्यास

कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकको पाठ १२ मा राष्ट्रिय चेतनालाई जगाउने भावका साथै सहिदहरूका त्याग र बलिदानलाई राष्ट्रिय सन्दर्भमा मूल्याङ्कन गराउने भूपी शेरचन द्वारा संरचित १८ श्लोकीय “सहिदहरूको सम्झनामा” नामक शीर्षकको एक उत्कृष्ट झ्याउरे लयको कवितालाई राखिएको छ । यस पाठको अभ्यास अन्तर्गत यस तहका विद्यार्थीहरूलाई मौखिक उत्तर आउने प्रश्नका रूपमा प्रश्न न १ मा “क” र “ग” नम्बरमा ज्ञान सम्बन्धी सीप उजागर गर्ने प्रश्न राखिएको छ भने “ख”, “घ” , “ङ” र “च” नम्बरमा वोध सम्बन्धी सीप उठान गर्ने प्रश्नलाई पहिलो अभ्यासका रूपमा राखिएको छ । प्रश्न २ मा सहिदहरूको सम्झनामा नामक कविताको लय हालेर वाचन गर्ने सीप विकास गराउने व्यवहारिक सीप विकास सम्बन्धी प्रश्नलाई समावेश गरिएको छ । प्रश्न ३ मा ७ ओटा

शब्दहरूको शुद्ध उच्चारणको अभ्यास, प्रश्न नं. ४ मा ५ ओटा शब्दको अर्थ लेखन प्रश्न नं. ५ मा १० ओटा शब्दहरूको पर्यायवाची शब्द लेख्ने प्रश्नलाई समावेश गरिएको छ । त्यसैगरी यस पाठको अभ्यास अन्तर्गत प्रश्न नं. ६ मा १० ओटा शब्दको विपरीत अर्थ लेख्ने अभ्यास, प्रश्न नं. ७ मा ५ ओटा शब्दको वाक्यमा प्रयोग गराउने, प्रश्न नं. ८ मा कविताबाट "ता र ई" प्रत्यय लागेका शब्दहरू खोजी गरेर ती शब्दहरूको प्रकृति र प्रत्यय छुटयाउनु पर्ने अभ्यासलाई समेटेको छ भने प्रश्न नं. ९ मा ८ ओटा क्रियापदलाई अकरणमा वदल्ने अभ्यास गराएर विद्यार्थीका व्यावहारिक सीप विकास गराएर व्यवहारिक परिवर्तन गराउने खालका प्रश्नहरू रहेका छन् ।

यस पाठको अभ्यास अन्तर्गत सङ्क्षिप्त उत्तर आउने खालका प्रश्नहरू प्रश्न नं. १०. मा क, ख र ग मा वोध क्षमताको विकासार्थ र घ नम्बरमा उच्च दक्षतामा आधारित प्रश्नलाई राखिएको छ । प्रश्न नं. ११ मा दुई ओटा श्लोकलाई क र ख नम्बरका दुई ओटा उच्च दक्षताका सीप विकास गराउने सप्रसङ्ग व्यख्या गर्ने प्रश्नको अभ्यास एउटा प्रश्न नं. १२ मा व्याख्या गर्ने र प्रश्न १३ मा एउटा उच्च दक्षतामा आधारित विवेचनात्मक उत्तर आउने खालको उच्च दक्षता वृद्धि गर्ने अभ्यासलाई समावेश गरिएको छ ।

व्यवहारिक सीप र क्षमता अभिवृद्धि गराउने उद्देश्यले व्याकरण खण्डको अभ्यास अन्तर्गत क नम्बरमा ९ ओटा वाक्यलाई पदयोग र पदवियोगका दृष्टिले वाक्य सच्याउने अभ्यासलाई राखेको छ । ख नम्बरको प्रश्नमा ४ ओटा वाक्यहरूका गल्ति सच्याउने घ नम्बरमा लेख्य चिन्ह प्रयोगगरी अनुच्छेद बनाउने "ङ" मा शुद्ध गरी वाक्य वनाउने जस्ता वाक्यहरूलाई समावेश गराइएका छन् । यसरी हेर्दा यस पाठभित्र विद्यार्थीका विविध क्षमता विकासार्थ जम्मा ३७ ओटा प्रश्नहरूलाई समावेश गराइएको छ ।

## पाठ तेह्रको अभ्यास

विद्यार्थीलाई संवेगाात्मक अनुभूति र कल्पनाशक्तिको विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न साथै स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने उद्देश्यलाई आत्मसाथ गरी ३१ अङ्कमा संरचित बद्रीनाथ भट्टराईद्वारा संरचित एक उत्कृष्ट पौराणिक कथा "न्यायको पक्ष" लाई पाठ १३ मा समावेश गरिएको छ । यस पाठको अभ्यासमा पहिलो प्रश्नका रूपमा विद्यार्थीलाई मौखिक उत्तर आउने खालका ७ ओटा बोध सम्बन्धी प्रश्न र ज्ञान सम्बन्धी ५ ओटा प्रश्न गरी जम्मा १२ ओटा प्रश्नलाई समावेश गरिएको छ । व्यावहारिक सीप र क्षमता विकास गराउने उद्देश्यका साथमा प्रश्न २ मा ९ ओटा शब्दको शुद्ध उच्चारण, प्रश्न नं. ३ मा १० ओटा शब्दको अर्थ लेख्ने, प्रश्न ४ मा ९

ओटा अनेकार्थ लेख्ने शब्दहरूको वाक्यमा प्रयोग गर्ने, प्रश्न नं. ५ मा २० ओटा शब्दको वाक्य प्रयोग गर्ने, प्रश्न ६ मा एउटा वाक्यलाई सच्याएर सार्ने, र प्रश्न ७ मा १३ ओटा रेखाङ्कित शब्दवर्ग छुट्याउने वाक्यलाई समावेश गराइएको छ ।

प्रश्न नं. ८ मा २ ओटा ज्ञान सम्बन्धी, ३ ओटा बोध र एउटा उच्च दक्षता सम्बन्धी सीप विकास गराउने उद्देश्यले सङ्क्षिप्त उत्तर आउने खालका ६ ओटा प्रश्नहरू समावेश गरिएको छ । विद्यार्थीको उच्च दक्षता विकास गराउने उद्देश्यका साथमा प्रश्न ९ मा दुई ओटा सप्रसङ्ग व्याख्या, प्रश्न नं. १० मा २ ओटा व्याख्या गराउने र प्रश्न नम्बर १२ मा २ ओटा विवेचनात्मक उत्तर आउने खालका प्रश्नलाई समावेश गराईएको छ । भने व्याकरण खण्डको अभ्यास अन्तर्गत (क) नम्बरमा पाठबाट सरल, संयुक्त र मिश्र वाक्य छुट्याउने रहेको छ । नम्बर (ख) मा ५ ओटा वाक्यलाई सरल वाक्यमा प्रयोग गर्ने 'ग' नम्बरमा ५ ओटा संयुक्त वाक्यमा परिवर्तन गराउने, 'घ' नम्बरमा ५ ओटा वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गराउने र ङ र च नम्बरमा व्याकरण सम्बन्धी अभ्यासलाई समावेश गरिएको छ ।

यसरी यस "न्यायको पक्ष" नामक १३ औं पाठमा जम्मा ४८ ओटा प्रश्नहरू समावेश गराएर विद्यार्थीका वोध, ज्ञान, क्षमताको विकास गराउने र साथै व्याकरण सम्बन्धी अभ्यास गराउने व्यावहारिक सीप र क्षमताको विकास गराउने उद्देश्यका साथमा अभ्यासलाई समेटिएको पाइन्छ ।

## पाठ चौधको अभ्यास

विद्यार्थीहरूका विचार र भावनालाई सङ्गठित रूपमा व्यक्त गर्न र व्यक्तिगत भाषागत तथा प्रस्तुतीकरणमा विविधता ल्याउदै वस्तुतथ्यको सूचना, जानकारी विवरण र चिन्तन प्रस्तुत गराउने उद्देश्यले कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकको १४ औं पाठमा १० अनुच्छेदमा संरचित "यन्त्रमानव" नामक एक उत्कृष्ट निबन्धलाई राखिएको छ । यस निबन्धको प्रथम अभ्यासका रूपमा जम्मा ८ ओटा प्रश्नलाई समावेश गरिएको छ । जसमा विद्यार्थीको बोध क्षमता वृद्धि र विकासार्थ ५ ओटा प्रश्न र ज्ञान क्षमता विकासार्थ ३ ओटा प्रश्नहरूलाई समावेश गरिएको छ । विद्यार्थीको शब्दभण्डार र व्याकरणिक सीप विकासार्थ प्रश्न नं. २ मा पाठभित्र रहेको पहिलो अनुच्छेदबाट १० ओटा शब्द वर्ग छान्ने, प्रश्न नं. ३ मा पाठको छैटौं अनुच्छेदको शिक्षकको सहयोगमा श्रुतिलेखन गर्ने, प्रश्न नं. ४

मा 'इक' प्रत्यय लागेका शब्दहरूलाई पाठको दोस्रो र तेस्रो अनुच्छेदबाट सङ्कलन गरी प्रकृति प्रत्यय छुट्याउने, साथै प्रश्न नं. ५ मा १० ओटा निर्दिष्ट शब्दहरूको शुद्ध उच्चारण गर्ने, प्रश्न नं. ६ मा पनि १० ओटा तोकिएका शब्दहरूको अर्थ भन्न लगाउने, प्रश्न नं. ७ मा १० ओटा शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने र प्रश्न नं. ८, ९ र १० मा क्रमशः पाठको आठौँ अनुच्छेदको सस्वरवाचन, सातौँ अनुच्छेदबाट मूख्यमूख्य पाँचवुदा टिप्ने र पाठको छैटौं अनुच्छेदको मिल्दो शीर्षक चयन गराएर एक तृतीयांश लेख्न लगाउने जस्ता अभ्यासहरूलाई समावेश गराइएको छ ।

पाठ्यपुस्तकमा अभ्यासका रूपमा विद्यार्थीबाट सङ्क्षिप्त उत्तर आउने किसिमका ३ ओटा वोध क्षमता विकासका, २ ओटा ज्ञान क्षमता अभिवृद्धि गराउने खालका र एउटा चाँहि उच्च दक्षतामा आधारित प्रश्नलाई प्रश्न नम्वर ११ मा राखिएको छ । त्यसैगरी क र ख गरी दुईओटा सप्रसङ्ग व्यख्या, एउटा बिवेचनात्मक उत्तर आउने प्रश्न र एउटा बुदाँ टिपोट गर्ने र गराउने उच्च दक्षतामा आधारित प्रश्नलाई १२, १३ र १४ मा समावेश गरिएको छ । त्यसै गरी व्याकरणात्मक अभ्यास भित्र ७ ओटा प्रश्नलाई समावेश गराएर प्रश्न नम्बर (क) मा दिएका वाक्यहरूलाई संश्लेषण गराउने र ख र ग नम्बरका प्रश्नहरूमा संयुक्त र मिश्र वाक्यलाई पाठबाट सङ्कलन गर्ने अभ्यासहरू समावेश भएका छन् ।

यसरी यस पाठको अन्त्यमा अभ्यासभित्र विद्यार्थीको चौतर्फी भाषिक सीप र क्षमता अभिवृद्धि र विकास गराउने उद्देश्यका साथमा जम्मा पाठगत अभ्यास ३० र व्याकरण गत अभ्यास ९ ओटा प्रश्नहरूलाई समावेश गराएर जम्मा ३९ ओटा प्रश्नहरूलाई अभ्यासका रूपमा समेटिएका छन् ।

## पाठ पन्ध्रको अभ्यास

विद्यार्थीलाई अभिव्यक्ति पक्षमा अभ्यस्त बनाउने, मौखिक भाषाको अभिव्यक्ति पक्षलाई सबल पार्न, चारित्रिक भूमिका निर्वाह गर्ने, ज्ञान प्राप्त गर्ने, तथा व्यक्तिको स्वभाव बानीबेहोरा, हाउभाउ, रूपाकृति जस्ता विविध पक्षको श्रव्यदृश्यात्मक अभिनयका माध्यमबाट चौतर्फी विद्यार्थीका सीपहरूको विकास गराउने उद्देश्यले रूपक विधा अन्तर्गत पर्ने साहित्यकार भीमनिधि तिवारीद्वारा ११३ अङ्कहरूमा संरचित एउटा राष्ट्रप्रेमी भावनाले ओतप्रोत एकाङ्की "घरको माया" नामक एकाङकीलाई पाठ्यपुस्तकको पाठ १५ पन्ध्रमा समावेश गराएको छ । यस एकाङ्कीको अभ्यास अन्तर्गत पहिलो नम्वरमा क ङ र च नम्बरमा विद्यार्थीका ज्ञान पक्षलाई समेटने खालका प्रश्न र "ख", "ग", "घ", र "छ"

नम्बरमा बोधात्मक प्रश्नलाई समेटिएका छन् । प्रश्न नम्बर २ मा १० ओटा शब्दहरूको शुद्ध उच्चारण, प्रश्न नं. ३ मा १० ओटा शब्दहरूको अर्थ लेखन, प्रश्न नं. ४ मा ११ ओटा टुक्काहरूको प्रयोग गरेर संयुक्त वाक्य बनाउने साथै १० ओटा शब्दहरूलाई समास भए विग्रह र विग्रह भए समास शब्द बनाउने अभ्यासलाई प्रश्न नं. ५ मा राखिएको छ । प्रश्न नं. ६ मा एकाङकीको अठारौँ र चौवन्नौँ अनुच्छेदबाट अनुकरणात्मक शब्द टिप्ने र प्रश्न नं. ८ मा "घरको माया" एकाङ्कीको हाउभाउ सहितको अभिनय गर्ने अभ्यासलाई समेटिएको छ ।

अभ्यासको ९ औं प्रश्नमा ३ ओटा संक्षिप्त ज्ञान सम्वन्धी र २ ओटा वोध सम्वन्धी संक्षिप्त उत्तर दिलाउने खालका प्रश्नहरूलाई समेटिएका छन् । त्यसैगरी ३ ओटा उच्च दक्षतामा आधारित सप्रसँग व्याख्याका प्रश्नहरू प्रश्न नं. १० मा समावेश गरिएको छ । व्याकरण अभ्यास अन्तर्गत (क) नम्बरमा पाठबाट उपसर्ग प्रत्यय र समास प्रक्रियाद्वारा बनेका पाँच पाँच ओटा शब्द संकलन गर्ने "ख" नम्वरमा ३६ ओटा प्रत्यय लगाएर शब्द बनाउने "ग" नम्वरमा २० ओटा उपसर्ग लगाएर नयाँ शब्द निर्माण गर्ने "घ" नम्वरमा १५ ओटा शब्दहरूलाई समास भए विग्रह र विग्रह भए समास बनाउने र "ङ" नम्वरमा २० ओटा शब्दको मुलरूप पहिचान गरी ती शब्दको उपसर्ग र प्रत्यय छुट्याउने अभ्यासलाई समावेश गरी विद्यार्थीको व्याकरण सम्वन्धी व्यवहारिक सीप विकास गराउने लक्ष्य राखेको छ । यसरी यस पाठमा विविध लक्ष्य र भाषिक सीप विकासार्थ जम्मा २७ ओटा प्रश्नहरूलाई अभ्यासमा समावेश गरिएको छ ।

## पाठ सोह्रको अभ्यास

कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र समावेश गरिएका विभिन्न विधाका पाठहरू मध्ये पाठ्यपुस्तकको अन्तिम पाठ अर्थात पाठ १६ का रूपमा विश्वमा बिशिष्ट योगदान पुऱ्याउन सफल अन्तर्राष्ट्रिय राजनीतिक व्यक्तित्त्व "नेल्सन मण्डेला" को जीवनीलाई समावेश गरिएको छ । जीवनी विधा मूलतः पाठ्य विधा भएकोले पढाई सीपको साथै सुनाई, बोलाई र लेखाई सीप विकासका लागि पनि उत्तिकै उपयोगी बनाउन सकिन्छ । साथै विद्यार्थीलाई विभिन्न व्यक्तिको व्यक्तित्त्व र जीवन चरित्रसँग परिचित गराउने उद्देश्य राखिएको पाइन्छ । तसर्थ यस पाठको पहिलो अभ्यासका रूपमा विद्यार्थीको बोध र ज्ञान क्षमताको अभिवृद्धी र विकास गराउनका लागि १२ ओटा प्रश्नलाई मौखिक उत्तर दिलाउने

अभ्यासका रूपमा राखेको छ । जस अन्तर्गत ८ ओटा बोधात्मक प्रश्न र ४ ओटा ज्ञान क्षमताको अभिवृद्धी गराउने प्रश्नलाई समावेश गराइएको छ ।

विद्यार्थीका व्यवहारिक सीप र क्षमता अभिवृद्धी गराउन प्रश्न २ मा ११ ओटा निर्देशित शब्दको शुद्ध उच्चारण गर्ने अभ्यास, प्रश्न नं. ३ मा अर्थ लेख्न लगाउने अभ्यास, प्रश्न नं. ५ मा अर्थ स्पष्ट पारी वाक्यमा प्रयोग गराउने १२ ओटा शब्दहरूलाई राखिएको छ । भने “इ” र “इक” प्रत्यय लागेका पाठको आठौँ अनुच्छेद भित्रका शब्दहरूलाई टिपेर लेख्ने अभ्यासलाई प्रश्न नं. ६ मा समावेश गरिएको छ र प्रश्न नं. ७ मा १५ ओटा शुद्ध उच्चारण गराउने शब्दलाई समेटिएको छ । अभ्यासकै क्रममा पाठको सातौँ अनुच्छेदबाट ५ ओटा प्रश्नहरूका मौखिक उत्तर आउने खालका वोध क्षमता संग सम्वन्धित प्रश्नहरूलाई राखेको छ  ८ नम्बरको प्रश्नमा । त्यसैगरी अभ्यासकै शीलशीलामा ९ नं. को अभ्यासमा संक्षिप्त उत्तर आउने खालका ४ ओटा वोधात्मक प्रश्न एउटा ज्ञान क्षमताको विकास गराउने र एउटा उच्च दक्षतामा आधारित प्रश्नलाई समावेश गराइएको छ । प्रश्न नं. १० मा ३ ओटा सप्रसंग व्याख्या गराउने , त्यसै प्रश्न नं. ११ मा २ ओटा व्याख्याका अभ्यास र प्रश्न नं. १२ मा २ ओटा उच्च दक्षतामा आधारीत विवेचनात्मक उत्तर आउने खालका प्रश्नहरूलाई अभ्यासमा समावेश गरिएको छ । व्यवहारिक सीप विकासार्थ व्याकरण खण्डको अभ्यास अन्तर्गत “क” नम्वरमा पाठबाट दुई-दुई प्रयायवाची, अनेकार्थ, अनुकरणात्मक, विपरीतार्थक र श्रुतिसम भिन्नार्थक शब्दको खोजी सम्वन्धी अभ्यासलाई समेटिएको छ । अभ्यासको “ख” नम्वरमा पर्यायवाची लेख्नुपर्ने २६ ओटा शब्दहरू राखिएको छ । त्यसैगरी “ग” नम्वरमा ३० ओटा अनुकरणात्मक शब्दहरूको वाक्यमा प्रयोग गर्नुपर्ने अभ्यास राखिएको छ ।

व्याकरणको अभ्यास अन्तर्गत "घ" नम्वरमा अनेक अर्थ लेखी वाक्यमा प्रयोग गर्ने २६ ओटा शब्दलाई निर्देशित गरिएको छ । त्यसैगरी "ङ" नम्वरमा २४ ओटा शब्दलाई विपरीतार्थी शब्द लेख्ने साथै "च" नम्वरको प्रश्नमा २५ ओटा शब्दको वाक्य प्रयोग गर्ने, "छ" नम्वरमा कोष्ठकबाट मिल्ने शब्द छान्नुपर्ने खालका ५ ओटा प्रश्नहरू रहेका छन् र अन्त्यमा "ज" नम्वरमा ६ ओटा शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गराउने अभ्यासलाई पाठको अन्तिम अभ्यासका रूपमा समावेश गराएको छ ।

यसरी विद्यार्थीका विविध पक्षको विकास र अभिवृद्धिको लागि यस पाठमा जम्मा ४८ ओटा प्रश्नहरूलाई अभ्यासका रूपमा समावेश गराइएको छ ।

## ४.३. कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रका अभ्यासहरूको तुलनात्मक विस्तृत अध्ययन

हाल शिक्षाको संरचना अन्तर्गत कक्षा ११ लाई उच्च माध्यमिक तहमा राखिएको छ । यस तहको मूख्य उद्देश्य ज्ञान र सीपको विशिष्टीकरणतिर जाने पहिलो चरणका रूपमा रहेको छ । यस तहका विद्यार्थीहरूमा अनिवार्य नेपाली पाठ्यपुस्तकले मध्यमस्तरको जनशक्ति उत्पादन गर्नमा लागिपरेको देखिन्छ । मुख्यतः नेपाली पाठ्यपुस्तक भाषापाठ्यपुस्तक भएकाले यस पाठ्यपुस्तकभित्र विद्यार्थीका भाषिक सीप विकासमानै पूर्णतः केन्द्रित रहेको छ । पाठ्यपुस्तक मुख्य गरी भाषाका बोलाई सुनाइ, पढाइ र लेखाइ सीपमा नै केन्द्रित रहेको पाइन्छ । यो पाठ्यपुस्तक मूख्यगरी विद्यार्थीको बोध क्षमताको विकासका साथै ज्ञान र व्याकरणसँग सम्वन्धित व्यवहारिक सीप विकास गराउनमा पूर्णतः सफल रहेको पाइन्छ ।

### एकाइ एकको अभ्यास

यसरी हेर्दा कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रका अभ्यास अन्तर्गत व्याकरण खण्ड "क" भित्र वर्ण र अक्षरको संरचनाको पहिँचान एकाइसंग सम्वन्धित पहिलो अभ्यासमा वर्णहरूको उच्चारण स्थानका आधारमा ९ ओटा वर्णहरूलाई राखेर उच्चारण स्थान खोट्याउने ३ ओटा प्रश्नलाई समावेश गरिएको छ । त्यसैगरी व्याकरणिक अभ्यासका माध्यमबाट व्यवहारिक सीप र क्षमता अभिवृद्धी गराउने उद्देश्यले अभ्यासका रूपमा प्रयत्नका आधारमा छुट्याउने ६ ओटा वर्णलाई समेटेको छ । वर्णहरूलाई प्राणत्त्वका आधारमा वर्णहरूलाई छुट्याउने अभ्यासका रूपमा ९ ओटा वर्णलाई प्रश्नका रूपमा राखेको छ ।

शब्दहरूको अक्षर संरचना र ती शब्दहरूको अक्षर संङ्ख्या छुट्याउने अभ्यासका रूपमा २० ओटा शब्दहरूलाई यस एकाइको अभ्यासका रूपमा राखिएको छ । यसरी हेर्दा यस एकाइको वर्ण र अक्षरको संरचनाको पहिचान अन्तर्गतको अभ्यासमा जम्मा १२ ओटा अभ्यासहरूलाई यस पाठ्यपुस्तकको पहिलो एकाईका रूपमा समावेश गराएको छ ।

समग्रमा यस एकाइभित्रका अभ्यासले व्याकरण सम्वन्धी सीप क्षमता र ज्ञान विकास गराउने उद्देश्यमा केन्द्रित रहेको पाइन्छ । जसको कारणले वर्ण र अक्षरको संरचनाको पहिचान गराउनमा पाठ जसरी केन्द्रित रहेको पाठ्यपुस्तकमा पाइन्छ । त्यसै प्रकारले यस एकाइको अभ्यासको नमूना पनि पाठ्यपुस्तकभित्र व्यवस्थित ढंगले समेटने प्रयास गरिएको पाइन्छ । जसमा जम्मा १२ ओटा प्रश्नहरूलाई समेटिएको छ ।

## एकाइ दुईको अभ्यास

कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको व्याकरण खण्ड "क" अन्तर्गत एकाइ २ मा वर्णविन्यास र चिन्ह परिचय नामक पाठलाई समवेश गरिएको छ । वर्णविन्यास मुख्यगरी लेख्य भाषासँग सम्वन्धित रहेको छ । तसर्थ यस एकाईमा वर्णहरूको व्यवस्थित र नियमवद्ध रखाइ गराएर नेपाली लेखनमा वर्णविन्यासीय अनुशासन कायम राख्ने प्रयास गरिएको छ । यस एकाइको उप एकाइ अन्तर्गत पहिलो एकाइमा वर्णविन्यास सम्वन्धी र दोस्रो उप एकाई अन्तर्गत चिन्ह परिचयलाई समेटिएको छ । यसरी दुई उप एकाइमा विभक्त यस पाठको अभ्यासमा पहिलो र दोस्रो प्रश्नमा एक एक विन्यास नमिलेका अनुच्छेद दिएर सो अनुच्छेदको वर्णविन्यास शुद्धसंग मिलाएर राखिएको छ । प्रश्न ३ र ४ मा वर्ण विन्यास नमिलाएर लेखिएका दुइओटा अनुच्छेद दिएर सो अनुच्छेदहरूलाई शुद्धसंग वर्णविन्यास मिलाएर शुद्ध पार्ने अभ्यासलाई समावेश गराइएको छ ।

यस एकाइको अभ्यासभित्र प्रश्न नं. ५ मा एउटा अनुच्छेद राखिको छ जसलाई वर्णविन्यास र लेख्य चिन्ह मिलाएर पुनर्लेखन गर्नु रहेको छ र त्यसै गरी अभ्यासकै क्रममा प्रश्नहरूमा एउटा वाक्यलाई शुद्ध लेख्ने र प्रश्न नं. ७ को अभ्यासमा अशुद्ध रहेको प्रश्नलाई शुद्ध गरी पुनर्लेखन गर्नु रहेको छ । यसै गरी अभ्यास अन्तर्गत प्रश्न ८ मा एउटा वाक्यलाई वर्णविन्यास मिलाएर सार्ने साथै प्रश्न नं. ९ र १० मा अशुद्ध अनुच्छेदको अभ्यास दिएर शुद्ध गरी सार्ने अभ्यासमा अभ्यस्त गराउने अभ्यासलाई समावेश गराएको छ । साथै अभ्यासको अन्त्यतिर प्रश्न नं. ११ र १२ मा वर्णविन्यास नमिलेका वर्णहरूद्वारा निर्मित भएका

अनुच्छेदलाई वर्णविन्यास मिलाएर सो अनुच्छेदहरूलाई पुर्नलेखन गराउने अभ्यासलाई पाठ्यपुस्तकको दोस्रो एकाइको अभ्यासमा समावेश गराइएको छ ।

यसरी हेर्दा लेख्य भाषिक सीपलाई स्तरीय र ठीक ठीक वर्णहरूको रखाइको व्यवस्थामा अभ्यस्त गराउन यस एकाइले विद्यार्थीलाई एकातिर टेवा पुऱ्याएको पाइन्छ भने अर्कोतिर शुद्ध र स्वीकार्य लेख्यभाषालाई विन्यासीकरण गराउने रहेको छ । यस एकाइले विद्यार्थीमा नेपाली भाषा सिक्दा देखिने त्रुटिहरूको निराकरण र लेख्य भाषालाई शुद्धसंग कसिलो र कमी कमजोरी निराकरण गर्नमा यो पाठ पाठ्यपुस्तकमा केन्द्रित रहेको छ । समग्रमा यस एकाइको अभ्यासमा विविध खालका जम्मा १२ ओटा प्रश्नहरूलाई समावेश गरिएको छ ।

## एकाइ तिनको अभ्यास

शरीरमा नसाको महत्त्व भएझै भाषाका लागि व्याकरणको महत्त्व पनि त्यत्तिकै रहन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध भाषाको प्रयोगमा अभ्यस्त गराउने उद्देश्यका साथ यस पाठ्यपुस्तकको एकाइ ३ का रूपमा भाषामा स्वतन्त्र रूपमा प्रयोगमा आउन सक्ने अर्थयुक्त भाषाको सानो एकाइका रूपमा “शब्दवर्ग र शब्दरूपायन” नामक शीर्षकलाई तेस्रो पाठका रूपमा पाठ्यपुस्तकमा समावेश गरिएको छ । यस एकाइमा पहिलो उप एकाइको रूपमा शब्दवर्गको पाठलाई र क्रमशः दोस्रो उप एकाइको रूपमा शब्दव्युत्पायन प्रक्रियालाई चाहि प्रस्तुत गराइएको छ ।

यस एकाइको अभ्यास अन्तर्गत प्रश्न १, २, ३, ४ र ५ को “ख” नं. अनि प्रश्न ६, ७, ९, १०, ११ का अनुच्छेद र प्रश्न १२ र १३ को “क” नं. गरी जम्मा १२ ओटा प्रश्नहरूमा रेखाङ्कित पदहरूको शब्दवर्गलाई छुट्याएर लेख्नुपर्ने अभ्यासलाई राखिएको छ । जस अन्तर्गत विकारी र अविकारी पदलाई छुट्याउनुमा केन्द्रित रहेको छ । व्याकरणको व्यवहारिक सीपको साथ साथै प्रश्न १ को क नं. मा कृदन्त र तद्दितान्त शब्दको चिनारी प्रश्न २ को क मा शब्दरूपायन र शब्दव्युत्पादनको अन्तर्गत प्रश्न नं. ३ को (क) मा विभक्ति चिन्हको काम, प्रश्न नं. ५ क्रियाका प्रकार र सर्वनामका वाक्यात्मक कार्यहरू र प्रश्न १३ मा स्रोतका आधारमा नेपाली शब्दहरूको चिनारी दिलाउने खालका बोध र ज्ञान सम्वन्धी प्रश्नहरूलाई

अभ्यासका रूपमा समेटिएको छ । जसका माध्यमबाट यस तहका विद्यार्थीको वोध क्षमता र ज्ञान क्षमताको अभिवृद्धि विकासमा सघाउने खालका प्रश्नहरू रहेका छन् ।

यस पाठ्यपुस्तकको एकाइ तिनको अभ्यास अन्तर्गत प्रश्न नं. १,२,३ को ग नं. मा लिङ्ग, वचन, पुरूषका आधारमा विभिन्न धातुबाट बन्ने काल र कालका पक्षमा विभाजन गराउने अभ्यासलाई समावेश गरी व्याकरणको रूपायन प्रक्रियालाई टेवा पुऱ्याउने अभ्यासलाई समेटिएको छ । यसरी हेर्दा विद्यार्थीलाई शब्दवर्ग अन्तर्गत शब्दको वर्गीकरण र ती शब्दहरूको ब्याकरणिक प्रयोग सम्वन्धी विषयवस्तुलाई यस एकाइको अभ्यासले समेटन सफल रहेको छ । अभ्यासमा मुख्यतः शब्दको वर्गिकरण स्रोत, वनोट र कार्यका आधारमा गरिएको छ । त्यसैगरी शब्दको रूपायन अन्तर्गत लिङ्ग, वचन, पुरूष, काल, पक्ष, भाववाच्य आदर र धुर्वीयताको रूपमा १२ नम्वर सम्मका अभ्यासमा जम्मा २८ ओटा प्रश्नहरूलाई समेटिएका छन् ।

## एकाइ चारको अभ्यास

उच्च माध्यमिक तह मुख्य गरी उच्च शिक्षाको आधार पृष्ठभूमिका रूपमा रहने भएकोले यस तहका विद्यार्थीहरूलाई नेपाली भाषाको व्याकरण सम्वन्धी पाठहरूमा उच्चस्तरीय भाषिक सीप विकासको आधारशीला तयार गराउन, त्रुटिरहित, नियम सम्म शिष्ट र सान्दर्भिक संरचना प्रयोग गरेर अभिव्यक्तिगत सामर्थ्य र साम्पादनीय क्षमता विकासको आधार तयार गराउन यस तहमा व्याकरणको अध्ययनलाई महत्वपुर्ण स्थानका रूपमा पाठ्यपुस्तकमा राखेको छ जस अन्तर्गत यस कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र एकाइ ४ मा व्याकरण सम्वन्धी शब्द निर्माण शीर्षकलाई पाठका रूपमा समावेश गरिएको छ । यस एकाइको अभ्यासका रूपमा प्रश्न नं. १ को ख, २ को ख ३ को क साथै प्रश्न ४, ५, ८ को क नं. त्यसैगरी प्रश्न नं. ११, १६, २०, २४, २६, र २९ नं. को प्रश्नहरूमा १२० ओटा प्रत्यय र उपसर्ग लगाएर एक एक शब्द निर्माण गर्ने अभ्यासलाई राखिएको छ । जसको माध्यमबाट विद्यार्थीहरू उपसर्ग र प्रत्यय लगाएर नयाँ नयाँ शब्द निर्माण गर्न सक्षम रहने उद्देश्य रहेको छ ।

अभ्यासकै क्रममा प्रश्न नं. १ र २ मा क नं. प्रश्न नं. ३ र ४ मा “ख” नम्बर अनि क्रमश प्रश्न नं. ७, १२, १५, १९, २३, २७, र ३० नं. को प्रश्नहरूमा निर्दिष्ट ११० ओटा

शब्दहरूको आधारपद छुट्याउने खालका व्याकरणात्मक अभ्यासलाई अगाडि बढाएको छ । त्यसै गरी प्रश्न नं. १ को ग २ को ग ३ को ग ४ र ५ को ग प्रश्न नं. ९, १३, १७, २१, २५, ३८ र ३१ नं. का प्रश्नहरूमा जम्मा ६३ निर्दिष्ट शब्दहरूको समास भए विग्रह र विग्रह भए समास बनाएर त्यसको नाम समेत लेख्नु पर्ने अभ्यासलाई समेटिएको छ । प्रश्न नं ५ कोृ ख मा नाम भए विशेषण र विशेषण भए नाम बनाउन १० ओटा शब्दहरूलाई राखिएको छ । त्यसै गरी अभ्यासको क्रममा व्याकरणात्मक बोध क्षमता सम्वन्धी प्रश्न १०, १४, १८ र २३ मा समावेश गराइएको छ । यसरी समग्रमा यस एकाइको अभ्यास अन्तर्गत मुख्य ३१ ओटा र सहायक गरेर जम्मा ४३ ओटा अभ्यासात्मक प्रश्नलाई अभ्यासमा समेटिएको छ ।

यसरी यस एकाइका माध्यमबाट कक्षा ११ एघारका विद्यार्थीहरूलाई उपसर्ग, र प्रत्यय, समास, दित्व तथा सन्धि द्वारा शब्द निर्माण गराउने प्रक्रिया र पद्धतिलाई मध्य नजर गराएर विद्यार्थीका व्याकरणमा व्यवहारिक सीप विकासमा टेवा पुऱ्याउने खालका प्रश्नहरू रहेका छन् ।

## एकाइ पाँच र छ को अभ्यास

यस कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको खण्ड (क) अन्तर्गत पाठ्पुस्तकभित्र पाठका रूपमा एकाइ ५ मा वाक्यतत्व र एकाइ ६ मा वाक्यका प्रकार र वाक्यान्तरणको पाठलाई समावेश गरिएको छ । नेपाली भाषामा वाक्य रचनाका दृष्टिले स्तरीय भाषाको प्रयोगमा अशुद्ध बोल्ने र लेख्ने प्रवृति प्रसस्त पाइन्छ । ती समस्याहरू मातृभाषाको प्रभाव वातावरणीय प्रभाव, द्विभाषिक आदान प्रदान आदिका कारणले त्रुटिहरू रहन्छन । यस परिप्रेक्षमा नेपाली भाषाको शुद्ध एवंम स्तरीय मानक प्रयोग क्षमतालाई यस तहका विद्यार्थीमा अभिवृद्धि गराउने उद्देश्यमा यी सबै पाठ र पाठका अभ्यासहरू सक्षम रहेका छन् । एकाइ ५ र ६ को परीक्षागत प्रश्नहरू एउटै खण्डमा आउने हुनाले यी दुवै एकाइका मुख्य अभ्यासहरू एकाइ ६ को अभ्यासमा समावेश गरिएका छन् ।

यसरी यस पाठ्यपुस्तकको विश्लेषण गर्दा यस पाठ्पुस्तकभित्र रहेको एकाइ ५ को अभ्यास अन्तर्गत ६ ओटा व्याकरणको वाक्यतत्वसँग सम्वन्धित बोधात्मक र ज्ञानात्मक सीप र क्षमता अभिवृद्धि गराउनमा केन्द्रित रहेका छन् । एकाइ ६ को वाक्यका प्रकार र वाक्यान्तरण नामक पाठको शीर्षक अन्तर्गत नै एकाइ ५ र ६ का अभ्यासलाई बढी केन्द्रित

गरिएको छ । यस एकाइको प्रश्न नं. १, २, ३, ४ र ५ क नं. मा अनि प्रश्न नं. १०, १४, १६, २०, २४, २७ र ३० गरी जम्मा १२ प्रश्नभित्र कोष्ठकभित्र दिएका सङ्केतका आधारमा ६० ओटा कालका पक्षभित्र रहेका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात, र अभ्यस्त पक्षमा वदलेर कालको मसिनो अध्ययन विद्यार्थीलाई गराउने उद्देश्य अभ्यासमा बोकेकोछ । जुन अभ्यासका माध्यमबाट विद्यार्थी समय र परिस्थिति अनुसार मानक एवंम स्तरयुक्त काल वा क्रियाकलापगत अभिव्यक्ति दिनमा अभ्यस्त तुल्याएको छ । त्यसैगरी प्रश्न १,२,३,४ र ५ को ख नं. मा दिएका वाक्यहरूलाई कोष्ठकमा दिएका सङ्केतका आधारमा वाक्यहरू परिवर्तन गराउने खालका रहेका छन् । जसमा २५ ओटा निर्देशित वाक्यहरू छन् जसले वाच्य, कथन, भाव तथा धुर्वीयता सम्वन्धी ब्याकरणको सैद्धान्तिक र व्यवहारिक ज्ञान, क्षमता, र वाक्यहरूलाई परिवर्तन गराउने सीप विकासमा टेवा पुऱ्याएको पाइन्छ । यस एकाइको अभ्यास अन्तर्गत प्रश्न नं. १ र २ को “ग” नं. प्रश्न नं. ११, १५, १७, २१, २५, २९ र ३२ मा रेखाङ्कित पदहरूको कारकको पहिचान गराउने र विभिन्न विभक्तिहरूको सन्दर्भ र प्रसंङ्ग अनुसारको वाक्यमा प्रयोग गर्न सिकाउने अभ्यासलाई समावेश गरिएको छ । जसको माध्यमबाट यस तहका विद्यार्थीहरू पूर्णतः कारक सम्वन्धी जानकार तथा विभक्ति सम्वन्धी पूर्णतः प्रयोगमा सक्षमता ल्याउने खालका प्रश्नहरूलाई समेटिएका छन् ।

अभ्यासकै क्रममा यस कक्षा ११ को अनिवार्य नेपालीको पाठ्यपुस्तकभित्र रहेका पाँचौं र छैठौं एकाइका अभ्यास अन्तर्गत प्रश्न नं. १ को ङ , २ को च नं. ३ को छ , ४ को घ, ५ को घ नंम्वरमा दिएको एउटा अनुच्छेदको वाक्य संश्लेषण गराउने अभ्यासलाई ५ अनुच्छेदमा समेटेको छ । जसका माध्यमबाट विद्यार्थीले छोटो र छरितो तरिकाले आफ्ना अभिव्यक्ति दिने सीपको वृद्धि र विकास गराउन अभ्यासले मुख्य भूमिका खेलेको छ । अभ्यासकै क्रममा प्रश्न १ को घ , २ को घ र ङ प्रश्न नं. ३ को ग र ङ , प्रश्न नं. ४ को ग र प्रश्न ५ को ग साथै प्रश्न ६, ७, ८, ९, १२, १८, २२, २६, २८, र ३१ नं. का प्रश्नहरूमा कालका विभिन्न पक्षहरूमा निर्दिष्ट खाले धातुहरू र त्यसै गरी अनिर्दिष्ट धातुहरूको प्रयोग गराउने अभ्यासहरू रहेका छन् । त्यसै गरी यस एकाइको अभ्यासका रूपमा यिनै प्रश्नहरूमा समावेश गराएर लिङ्ग, वचन, पुरूष, काल, पक्ष तथा भाव र धुर्वीयताको आधारमा वाक्यहरूलाई परिवर्तन गराउने अभ्यासलाई समावेश गरिएको छ । अभ्यासकै विभिन्न प्रश्नहरू मध्ये प्रश्न नं. १३ अलङ्कारिक पदक्रम सम्वन्धी वोधात्मक प्रश्न नं. १९ मा सङगति सम्वन्धी ज्ञानात्मक प्रश्न र प्रश्न नं. २३ मा व्याकरणिक पदक्रम सम्वन्धी बोध प्रश्नलाई अभ्यासका माध्यमबाट विद्यार्थीलाई एकातिर व्याकरणिक व्यवहारिक

ज्ञान, सीप विकास गराउनमा सफल रहेको पाइन्छ । भने अर्कोतिर भाषाको प्रयोगमा शब्द स्पष्ट र त्रुटीरहित वाक्यहरू निर्माणमा सघाउ पुऱ्याउने खालका प्रश्नहरूलाई अभ्यासका रूपमा समावेश गरिएको छ । त्यसै गरी यस तहका विद्यार्थीहरूलाई व्याकरणका काल, पक्ष, भाव, सङ्गति, पदक्रम, वाच्य, वाक्य, विश्लेषण तथा संश्लेषणका साथै वाक्यात्मक धुर्वीयताको ज्ञान, वोध, र क्षमता अभिवृद्धि गराएर आंसिक रूपमा सक्षम र सवल वनाउने पक्षमा अभ्यासका प्रश्नहरू सफल रहेका छन् । यसरी यी सम्पूर्ण पक्षको विकास र अभ्यास साथै जम्मा यी दुइओटै एकाइ भित्र १२१ ओटा अभ्यासात्मक प्रश्नहरूलाई समावेश गरिएको छ ।

## बोध र अभिव्यक्ति खण्ड “ख”

## एकाइ एकको अभ्यास

यस कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र खण्ड ख अन्तर्गत बोध र अभिव्यक्ति विधालाई समावेश गरिएको छ । यस बोध र अभिव्यक्ति खण्ड भित्र एकाइ १ मा बोध र शब्दभण्डार तथा बुँदा टिपोट र संक्षेपीकरण विधालाई राखिएको छ । जस अन्तर्गत ज्ञान, विज्ञान, प्रविधि, संञ्चार, साहित्य, सँस्कृति आदि विभिन्न बौद्धिक सामग्रीहरूमा अन्तर्निहित गहिरो अर्थको छोटो समयमानै मूल मर्म पहिल्याइ सटीक र स्वादिलो रूपमा विद्यार्थीहरूलाई उत्तर दिने बोधात्मक क्षमता तथा लिखित रचनाको मूलभूत कुरा ठम्याई त्यसलाई राम्ररी अभिव्यक्त गर्ने सीपको विकास गराउने उद्देश्यले (क) नं. मा बोधसंग सम्वन्धित पाठलाई समेटिएको छ । भाषालाई ग्रहण र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण बनाउन, आशय पूर्ण बनाउन, प्रभावकारी बनाउन, र सोही अनुरूप शब्दको उपयोग गर्ने सीप हासील गराएर विद्यार्थीमा शब्दभण्डार क्षमताको वृद्धि गराउने उद्देश्यका साथ यस तहमा प्राज्ञिक एवंम प्राविधिक उच्चस्तरीय शब्दभण्डार क्षमताको वृद्धि गराउने उद्देश्यका साथ यस पाठ्यपुस्तकको बोध तथा अभिव्यक्ति खण्ड (ख) नम्वरमा शब्दभण्डार विधाका पाठहरूलाई समावेश गराइएको छ । भने (ग) नंम्वरमा सुनेका वा पढेका सबै लामा कुरालाई सम्झन नसकिने हुदा तिनीहरूको सार खिचेर बुँदागत रूपमा टिपेर सुत्रवद्ध गर्दा स्मरण गर्न सजिलो भई विद्यार्थीलाई विस्तृत समसामयिक जानकारीमा सहयोग पुऱ्याउने उद्देश्यले नै यस पाठ्यपुस्तकभित्र बुँदाटिपोट विधालाई समावेश गराइएको छ । त्यसैगरी यस बोध तथा अभिव्यक्ति खण्डको घ नम्वरमा सडक्षेपीकरण विधालाई राखिको छ । जसको अध्ययनबाट विद्यार्थीहरू कुनै पनि लामो पाठलाई राम्ररी पढी त्यसको महत्वपूर्ण कुरा वा मूल मर्मलाई

नछाडि एक तृतीयांश शब्दमा छोटो बनाई पुनर्लेखन गर्ने प्रकृयालाई पूरा गराउने उद्देश्यका साथमा यस पाठ्यपुस्तकभित्र समावेश गराइएको छ ।

यसरी यस बोध तथा अभिव्यक्ति खण्डको पहिलो एकाइको अभ्यास अन्तर्गत प्रश्न नम्वर १, २ र ३ मा निर्दिष्ट अनुच्छेद राखिएको छ । जसका माध्यमबाट बोध सम्वन्धी १८ ओटा प्रश्नहरूलाई समावेश गराइएको छ जसमा ६ ओटा व्यवहारिक सीप समावेश गराइएको छ । त्यसैगरी प्रश्न नम्वर ४ मा उक्त माथिका १, २ र ३ नम्वरका प्रश्नभित्र रहेको बोधको पाठभित्रबाट मूख्य - मूख्य बुँदा टिपोट गर्ने र उक्त १ २ र ३ नम्वरका प्रश्न दिएका अनुच्छेदहरूको संक्षेपीकरण गराउने अभ्यासलाई समेटिएको छ । यसरी यस कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र रहेको खण्ड ख को एकाइ १ को अभ्यास अन्तर्गत विद्यार्थीको क्षमता अभिवृद्धि गराउन जम्मा ५ ओटा प्रश्नहरूलाई समावेश गराइएको छ ।

## एकाइ दुईको अभ्यास

खण्ड ख को वोध तथा अभिव्यक्ति खण्ड अनतर्गत यस कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र एकाइ २ मा अनुच्छेदलेखन र पत्ररचना विधालाई समावेश गराइएको छ । यस एकाइ २ अन्तर्गत क नम्वरमा एक वा एक भन्दा धेरै वाक्यहरू मिलाएर बनाइने भाषिक अभिव्यक्ति जुन निश्चित विषयलाई तोकिएको शैलीमा शीलशीला मिलाएर आदिभाग, मध्यभाग र अन्त्यभागको संरचनामा रचना गरिन्छ । सोही अनुच्छेद लेखन विधालाई समावेश गराइएको छ । त्यसै गरी यसै एकाइको ख नम्वरमा विद्यार्थीलाई पत्ररचना सम्वन्धी विधा समावेश गराइएको छ । विद्यार्थीहरूलाई साथीभाई, इष्टमित्रसँग सम्पर्क कायम गर्ने सीप, औपचारिक संघ, संगठन तथा कार्यालयमा व्यवहार गर्न एवंम उद्योगव्यवसाय सञ्चालन गर्न लगायत आफ्ना कुराको जानकारी अरूलाई दिलाउने जस्ता व्यवहारिक सीप विकास गराउनको लागि पत्ररचना विधा समावेश गराइएको छ । त्यसैगरी व्यापारिक पत्र आदान प्रदान गराउने, कसैलाई निमन्त्रणा गरी बोलाउने, शुभकामना दिन, विज्ञापन तथा पदपूर्ति गराउने, र विविध सूचना गराउने सीप विकासार्थ यो पत्ररचना विधालाई यस एकाइमा समावेश गरिएको छ ।

यस एकाइको अभ्यास अन्तर्गत जम्मा १२ ओटा प्रश्नहरू समावेश गरिएका छन् । मुख्य गरी यस अभ्यासमा १० ओटा प्रश्नहरू पत्ररचना सम्वन्धी समवन्धित रहेका छन् । जसमा विद्यार्थीको घरायसी र कार्यालयीय व्यवहारिक पत्रलेखन तथा शुभकामना, निमन्त्रणा पत्र जस्ता पत्र रचनाका अभ्यासलाई समावेश गरिएको छ । त्यसैगरी शान्ति नै प्रगतिको

मुहान हो । "नेपालमा विज्ञान शिक्षा" जस्ता प्रश्न नं. ४ र ६ मा अनुच्छेद लेखन सम्वन्धी अभ्यासलाई समावेश गरिएको छ । जसको मुख्य लक्ष्य भनेकै विद्यार्थीमा पत्रलेखन र अनुच्छेद लेखन सम्वन्धी सीप, क्षमता र अभिवृद्धिको विकास गराउनु रहेको छ । यसरी समग्रमा यस एकाइ २ मा विद्यार्थीलाई पत्ररचना र अनुच्छेद कसरी लेखाउने भन्ने सीप, विकास पाउनमा नै अभ्यासका प्रश्नहरू केन्द्रित रहेका छन् ।

## एकाइ तिनको अभ्यास

एकाइ ३ अन्तर्गत यस कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको खण्ड ख मा निबन्ध टिप्पणी र "प्रतिवेदन लेखन" शीर्षकलाई राखिएको छ । यस एकाइ अन्तर्गत क नं. मा निबन्धको परिचय र संरचनालाई समावेश गरिएको छ भने ख नम्बरमा टिप्पणीको पाठ र ग नम्बरमा प्रतिवेदन लेखन शीर्षकलाई पाठका रूपमा समावेश गराइएको छ । यी विधा अन्तर्गत रहेर विद्यार्थीलाई निबन्ध लेखन, टिप्पणी र प्रतिवदेन कलामा निर्पूण बनाउने उद्देश्य रहेको छ । यस एकाईको अभ्यास अन्तर्गत जम्मा २६ वटा प्रश्नहरू राखिएका छन् ।

यस एकाईको अभ्यासमा प्रश्न नम्बर १,२,३,४,५,६,९,१२, १५,१८, २१ र २४ मा तोकिएका जम्मा ३० ओटा निवन्धका शीर्षकहरू राखिएका छन् । जसका माध्यमबाट विद्यार्थीलाई तोकिएका विषयमा विचार, तर्क र कल्पनालाई उठाएर वस्तुगत एव्म भावगत रूपमा निश्चित आयाममा विचारको अभिव्यक्ति गराउने खालका अभ्यासात्मक प्रश्नहरूलाई समावेश गराइएका छन् । त्यसैगरी विद्यार्थीले देखेका वा सुनेका कुनै पनि घटना वा विषय बारे गद्यात्मक अभिव्यक्ति प्रकटीकरण गराउने उद्देश्यले अभ्यासका रूपमा टिप्पणी सम्वन्धी विभिन्न शीर्षकका १० ओटा प्रश्नहरूलाई राखिएको छ । उक्त टिप्पणीका शीर्षकका माध्यमबाट विद्यार्थीहरूलाई टिप्पणी सम्वन्धी ज्ञान, सिप क्षमता र अभ्यास गराउन निर्पूण बनाउने उद्देश्यका साथमा प्रश्नहरू समावेश गरिएका छन् । साथै अभ्यासकै क्रममा विद्यार्थीलाई प्रतिवेदन लेखन, क्षमता, सीप र दक्षता अभिवृद्धि गराउने उद्देश्यका साथमा पाठको अभ्यास अन्तर्गत जम्मा प्रतिवेदन लेखनका १२ ओटा विभिन्न खाले शीर्षकका अभ्यासात्मक प्रश्नहरू राखिएका छन् ।

यसरी वोध तथा अभिव्यक्ति खण्ड ख अन्तर्गत एकाई तीनका अभ्यासमा जम्मा प्रमुख र सहायक प्रश्नहरू गरेर ५२ ओटा तिन ओटै विधालाई समेटेर विद्यार्थीको ज्ञान, क्षमता, बोध र अभिव्यक्ति क्षमता साथै व्यवहारिक सीप विकास गराउनमा अभ्यासका

सम्पूर्ण प्रश्नहरू केन्द्रित गराइएका छन् । जसको माध्यमबाट विद्यार्थीलाई पूर्णतः निवन्ध, टिप्पणी र प्रतिवेदन लेखन कलामा निपूर्णता पाइयोस र विद्यार्थी सक्षम र दक्ष बनुन भन्ने उद्देश्यमा पूर्णतः अभ्यासका प्रश्नहरू आधारित बनाएर राखिएका छन् ।

## एकाइ चार कृर्तिसमीक्षा

## कविता विधाको अभ्यास

यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको खण्ड ख बोध तथा अभिव्यक्ति विधा अन्तर्गत एकाइ ४ मा कृति समीक्षाको मूल पाठलाई समावेश गरिएको छ । जसमा ५ ओटा उप एकाईहरू समावेश गराइएका छन् । ती विभिन्न उप एकाइहरूमध्ये पहिलो एकाइका रूपमा कविता खण्डलाई पाठ्यपुस्तक भित्र समेटिएको छ । छन्द र लयमा रचना गरिएको आकर्षक एवम् मनमोहक संरचना नै कविता हो । जुन मानव जीवनका दुःख सुख नै कविताका मूख्य स्रोत बनेका हुन्छन् । विद्यार्थीहरूलाई यति, गति र लय मिलाएर कविता वाचन गर्ने क्षमताको विकास बोध तथा कल्पना शक्तिको अभिवृद्धि गराएर सृजनात्मक क्षमताको विकास शब्द भण्डारको वृद्धि, काव्यात्मक वातावरण सृजना गर्ने र गराउने जस्ता भाषाका चारओटै सीप विकास गराउने उद्देश्यका साथमा यस तहमा कविता विधालाई समावेश गरिएको छ । यसरी यस कविता खण्ड अन्तर्गत नैतिक, प्रगतिवादी प्राकृतिक, सामाजिक, मानवतावादी स्वर, राष्ट्रियतावादी, विचारभाव र प्रकृतिलाई मानवीकरण गरिएका जम्मा केही छन्दोवद्ध र केही छन्दमुक्त गरी ६ ओटा कविताका अभ्यासहरूलाई पाठ्यपुस्तकमा समावेश गरिएको छ । यसरी यी समग्र कविताका पाठको अन्त्यमा १२ ओटा कविता विधाको अभ्यास गराउने खालका अभ्यासात्मक प्रश्नहरूलाई समावेश गरिएका छन् ।

कविता खण्डको अभ्यासभित्र ४ ओटा विद्यार्थीको वोध क्षमता, दक्षता र सीप विकास गराउने खालका प्रश्नहरू समावेश गरिएका छन् । जसको माध्यमबाट बोध क्षमतालाई यस तहमा माथि उठाउने खालका प्रश्नहरू समावेश गराइएका छन् । त्यसैगरी यस कविता विधाको अभ्यास अन्तर्गत ५ ओटा ज्ञानात्मक प्रश्नहरूलाई पाठ्यपुस्तकभित्र राखिएका छन् । साथै अभ्यासमा बाँकी ३ ओटा प्रश्नहरू बोध र ज्ञान दुवैलाई समेटने खालका रहेका छन् । यसरी यी सबै १२ ओटै प्रश्नहरूले विद्यार्थीको उच्च दक्षता अभिवृद्धि गराउनुमा ठूलो सघाउ पुऱ्याउने प्रयास गरिएको छ । यस कविता विधाका माध्यमबाट विद्यार्थीका शब्दभण्डार व्याकरणिक प्रयोग तथा कविताको गति, यति र लय मिलाएर अभ्यास गराउने प्रश्नहरूको अभाव रहे पनि यस कक्षा एघारको पाठ्यपुस्तकमा यी पाठ र पाठका अभ्यासहरू सुहाउदा रहेका छन् ।

यसरी कविता भाषिक अभिव्यक्तिको उत्कृष्ठ रूप हो, जो सृजनशील हुन्छ । लयात्मकता प्रदान गराउनमा मुख्य भूमिका रहेको हुन्छ । कविताले आजको यान्त्रिक दिनचर्याबाट दिक्क भएको मानवीय वाध्यतालाई राहत प्रदान गरेर भाषालाई कलात्मक उच्चतामा पुऱ्याउन कविता विधा र यस तहका कविता विधाका अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## नाटक विधाको अभ्यास

यस पाठ्यपुस्तकको कृतिसमीक्षा एकाइको खण्ड ख मा नाटक विधालाई समेटिएको छ । यस विधाका माध्यमबाट मुख्य गरी बोलाइ सीप विकास गराउने उद्देश्यका साथमा यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र वालकृष्ण समद्वारा रचित एउटा ऐतिहासिक विषवस्तुमा आधारित राष्ट्रवादी विरताको भावले ओतप्रोत साङ्गीतिक नाटक नालापानीलाई समावेश गरिएको छ, भने विजय मल्लद्वारा रचना गरिएको बहुला काजीको सपना नामक नाटक पाँच अङ्कमा विभक्त गरिएको छ । यसरी यस पाठ्यपुस्तकमा समावेश गरिएका दुवै नाटक पाँच अंकका रूपमा पाठ्यपुस्तकभित्र जम्मागरी दुवै नाटकबाट १२ ओटा प्रश्नहरूलाई समावेश गरिएका छन् ।

यस पाठ्यपुस्तकभित्र अभ्यासका रूपमा उच्च दक्षतामा आधारित बोध र ज्ञान क्षमता वृद्धि र विकासका साथै नालापानीमा नामक नाटकबाट ७ ओटा र बोध तथा उच्च दक्षता वृद्धि र विकाससाथै दोस्रो पाठ बहुला काजीको सपना नामक नाटकबाट ५ ओटा अभ्यासात्मक प्रश्नहरूलाई यस एकाइको अभ्यासका रूपमा समावेश गरिएका छन् । यस कक्षा एघारको नाटक विधाका माध्यमबाट यस तहका विद्यार्थीहरूको बोलाई सीपको विकास गराउने, भाषाका माध्यमबाट कुनै पनि घटनाको भनाइ वा अभिव्यक्तिलाई प्रभावकारी वा सजीव बनाउन सहयोग गराउने जस्ता भाषाका बोलाइसंगै सम्वन्धित सीपमा बढीभन्दा बढी महत्त्व दिएको पाइन्छ । नाटकका माध्यमबाट कुनै पनि आफ्ना विचारहरू राख्न प्रसङ्ग अनुकूलको प्रभावपूर्ण भाषाको प्रयोग गर्ने क्षमताको विकास गराउनुका साथै मनोरञ्जन प्रदान गराउन, हाउभाउ तथा मुखाकृति मिलाएर कुराकानी गर्न गराउनुका साथै मनोरञ्जन प्रदान गराउन पनि यस तहमा नाटक विधाले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

नाटक विधाका माध्यमबाट यस तहका विद्यार्थीलाई विभिन्न परिस्थितिको ज्ञान गराउने, मानव चरित्रको पहिचान गराउने क्षमताको विकास गराउने, अवसरानुकूल संवाद कलाको विकास गराउने, स्वास्थ मनोविनोद गराउन, हितकर उपदेश दिलाउने उद्देश्यका

साथमा नाटक विधालाई यस पाठ्यपुस्तकभित्र समावेश गरिएको छ । यस तहका विद्यार्थीहरूलाई विभिन्न पात्रका माध्यमबाट कुनै व्यक्तिको बानीव्यहोरा, स्वभाव, हाउभाउ, भावाकृति जस्ता चारित्रिक विशेषताको श्रव्य दृश्यात्मक र अभिनयात्मक कलाको प्रस्तुतिकरण गर्ने क्षमता अभिवृद्धि गराउनमा यो विधा सफल रहेको छ । जुन उद्देश्य पूर्तिको लागि जम्मा १२ ओटा प्रश्नात्मक अभ्यासका नम्बरहरू समावेश गराइएका छन् ।

## कथा विधाको अभ्यास

विद्यार्थीहरूलाई कथा विधासँग साक्षातकार गराउने उद्देश्यका साथ यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तक अन्तर्गत बोध तथा अभिव्यक्ति खण्ड “ख” भित्रको एकाइ ४ को कृति समीक्षा खण्डभित्र तेस्रो उप एकाइभित्र कथा विधालाई राखिएको छ । कथा जीवन्त र रोचक घटनासँग सम्बन्धित आफैमा पूर्ण इतिवृत हो । यस विधाले विद्यार्थीको मानसिक, सामाजिक, नैतिक र चारित्रिक विकासमा सकारात्मक प्रभाव एकातिर पार्ने गर्दछ । यस कथा विधाले यस तहका विद्यार्थीमा सुखदुःख, हर्षरोदन, जीवनका उकाली ओराली, अप्ठेरा, सप्ठेरा सबै कुराहरूलाई कथामा रोमाञ्चक ढङ्गले प्रस्तुत गराई भाषिक क्षमता अभिवृद्धिमा ठूलो टेवा पुऱ्याउने उद्देश्य रहेको छ । यस विधाको माध्यमबाट विद्यार्थीहरूलाई मनोरञ्जन, कौतुहल्ता, उत्सुकता, कल्पनाशीलतामा सघाउ पुऱ्याउने उद्देश्यले यस एकाइमा गुरूप्रसाद मैनालीको सामाजिक यथार्थमा आधारित छिमेकी , विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक कथा सिपाही, सामाजिक मनोविज्ञानमा आधारित भवानी भिक्षुको हारजित, प्रयोगवादी कथाका रूपमा इन्द्रबहादुर राइको रातभरि हुरी चल्यो र लोक कथामा आधारित रमेश विकलको मधुमालतीको कथालाई कथाका रूपमा यस कथा विधा अन्तर्गत समावेश गरिएका छन् । यस कथा विधाको अभ्यास अर्न्तगत जम्मा १२ ओटा प्रश्नहरू अभ्यासका रूपमा समेटिएका छन् ।

जस अर्न्तगत प्रश्न नम्बर १ र ५ मा छिमेकी कथा, प्रश्न नम्बर २ र १२ मा मधुमालतीको कथा ३ र ९ मा हारजित कथा, त्यसैगरी प्रश्न नम्बर ६, ८ र १० मा रातभरि हुरी चल्यो नामक कथाबाट र प्रश्न नम्बर ७ र ११ सिपाही कथाबाट यस अभ्यासमा प्रश्नहरू समावेश गरिएका छन् । जसमा १२ ओटा प्रश्नहरूमध्ये बोधक्षमताको विकासार्थ ६ ओटा प्रश्न र ज्ञान क्षमताको अभिवृद्धि गराउने ६ ओटा प्रश्नहरू समावेश गरिएका छन् । सम्पूर्ण अभ्यासका प्रश्नहरू पूर्णतः यस कक्षा एघारका विद्यार्थीहरूको उच्च दक्षताको विकास गराउनमा नै केन्द्रित रहेका छन् ।

यीनै प्रश्नहरूका माध्यमबाट एकातिर विद्यार्थीलाई व्यावहारिक सीप विकास गराउने अर्कोतिर शब्दभण्डारका साथ - साथै बोध तथा ज्ञान र अभिव्यक्ति क्षमतामा दक्षता प्राप्त गर्ने र गराउने उद्देश्यका साथमा पाठ र पाठका अभ्यासहरूलाई समावेश गराइएको छ । त्यसै गरी कथाका माध्यमबाट  उपदेश, सन्देश तथा चारित्रिक र व्यावहारिक ज्ञान दिलाएर सक्षम र मध्यम खाले जनशक्तिको विकासमा टेवा पुऱ्याउने लक्ष्य राखेको छ ।

## निबन्ध विधाको अभ्यास

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तक अन्तर्गत खण्ड “ख” बोध तथा अभिव्यक्ति शीर्षक अर्न्तगत एकाइ ४ को कृतिसमीक्षा उप शीर्षकभित्र चौथो उप एकाइका रूपमा निबन्ध विधालाई राखिएको छ । जसमा पहिलो निबन्धका रूपमा आत्मपरक निबन्धका जन्मदाता लक्ष्मीप्रसाद देवकोटाको ११ अनुच्छेदमा संरचित वीरहरू निवन्धलाई पाठका रूपमा राखिएको छ । दोस्रो २४ अनुच्छेदमा संरचित प्रगतिवादी विचारधाराको श्यामप्रसाद शर्माको आइमाई साथी निबन्धलाई पाठको रूपमा समावेश गरिएको छ । र तेस्रो निवन्धकार भैरव आर्यलको २४ अनुच्छेदमा संरचित महपुरूषको सङ्गत नामक निबन्धको पाठलाई राखिएको छ । समग्रमा यी तिन ओटै निबन्धलाई आधार बनाएर अभ्यासका रूपमा १२ ओटा प्रश्नहरू समावेश गरिएका छन् ।

यस तहका विद्यार्थीको बोध, ज्ञान तथा उच्च दक्षतामा आधारित सीपलाई विकास गराउने उद्देश्यले उच्च दक्षतामा आधारित प्रश्न नम्बर १, ५, ६, ७, ९, १० र १२ मा श्यामप्रसाद शर्माद्वारा रचित आइमाई साथी निबन्धका प्रश्नहरू छन् । त्यसैगरी प्रश्न नंम्बर २, ४ र ६ मा प्रसिद्ध हास्य व्याङ्गय निबन्धकार भैरवआर्यलको महापुरूषको संङ्गत निबन्ध संग सम्बन्धित प्रश्नहरू सामावेश गरिएका छन् भने प्रश्न नम्बर ३, ८ र ११ मा आत्मपरक निबन्ध रचनाका जन्मदाता लक्ष्मीप्रसाद देवकोटाको वीरहरू नामक निबन्धका प्रश्नहरूलाई समावेश गरिएका छन् ।

यसरी हेर्दा निबन्ध लेख्य विधा हो । तापनि यस विधाको माध्यमबाट विद्यार्थीहरूको लेखन क्षमताको विकास गराउन, सृजनात्मक क्षमताको विकासमा अग्रसर गराउन, शब्दभण्डार तथा सृजनात्मक लेखनको विकासमा यस तहका विद्यार्थीलाई ठूलो सहयोग पुऱ्याएको छ । साथै व्याकरणको ज्ञान गराउन, तार्किक शक्तिको वृद्धि गराउन तथा कल्पना शक्तिको विकास गराएर एकातिर लेखाई सीपमा सक्षम र दक्ष मध्यमखाले जनशक्ति निर्माण गराउने लक्ष्य यस तहको पाठयपुस्तकमा रहेको निबन्ध विधाले राखेको पाइन्छ । साथै यस

विधाले विद्यार्थीहरूका विचार, भावना आदिलाई सङगठित रूपमा व्यक्त गर्नका साथै भाषाका विभिन्न प्रकारका सीप सम्बन्धी साक्षतकार गराउनमा यो विधाका पाठ र अभ्यासहरू सक्षम रहेका छन् । अभ्यासले मूख्य गरी ज्ञान र वोध क्षमताको अभिवृद्धिमा ठूलो टेवा पुऱ्याएको पाइएको छ ।

## उपन्यास बिधा

यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको खण्ड “ख” वोध तथा अभिव्यक्ति शीर्षकभित्र रहेका एकाइ ४ को कृतिसमीक्षा खण्ड अर्न्तगत अन्तिम तथा यस पाठयपुस्तककै अन्तिम विधाको रूपमा लीलबहादुर क्षेत्रीद्वारा संरचित सामाजिक विषयवस्तुमा आधारित उपन्यास “बसाइँ” लाई राखिएको छ । जुन नेपाली समाजमा देखिएका सामाजिक, आर्थिक, सास्कृतिक र धार्मिक पाटाहरूलाई समेटेर विद्यार्थीको भाषा पारिष्कारका साथै, स्वस्थ मनोरञ्जन, विषय वोध, अभिरूचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्नु र गराउने उद्देश्य रहेको छ । त्यसैगरी उपन्यासकै माध्यमबाट अझ विद्यार्थीलाई अनुशासित नैतिक, चारत्रिक र सिर्जनात्मक बनाउने लक्ष्य रहेको छ । यसरी हेर्दा यस उपन्यासलाई समग्ररूपमा समेट्ने गरेर पाठ्यपुस्तकको उपन्यास खण्डको अभ्यास अन्तर्गत यस्तो प्रश्न नै दिएर अभ्यास गराएको पाइदैन ।

जे होस्, यस उपन्यास खण्डभित्र नेपाली समाजका सामाजिक ज्वलन्त समस्या र आर्थिक दवदवाहटलाई उपन्यासमा पूर्णत समावेश गरिएको छ । यसरी उपन्यास खण्डमा अभ्यास नभेटिए पनि वोध, ज्ञान जस्ता क्षमता उजागर गर्ने र विद्यार्थीको उच्च दक्षतालाई अभिवृद्धि गराउने खालका प्रश्नहरू परीक्षामा आउने गरेका छन् । यसरी उपन्यास मूख्यतः यस तहलाई सुहाउने खालको रहेको छ ।

### ४.४. सारांश

कक्षा दश र एघारको अनिवार्य नेपाली भाषा पाठ्यपुस्तकभित्रका अभ्यासात्मक स्तरगत विभाजनको विस्तृत अध्ययनको सारलाई खिच्दा कक्षा १० को पाठयपुस्तक र त्यसका अभ्यासहरू माध्यामिक तहको स्तरलाई सुहाउने खालका अभ्यासहरूमा केन्द्रित रहेका छन् । कविता विधा भित्रका अभ्यासहरूमा मूख्यगरी शुद्ध उच्चारण, शब्दको अर्थ भन्ने वाक्यमा प्रयोग गर्ने, कवितालाई लय, गति, यति मिलाएर वाचन गर्ने साथै व्याकरणीय अभ्यासहरूमा समेटेर विद्यार्थीलाई व्यावहारिक सीप विकास गराएर भाषामा निपूर्ण गराउने अभ्यासहरू रहेका छन् । त्यसैगरी वोध, ज्ञान जस्ता क्षमताको विकास गराउने उच्च दक्षता सम्मका प्रश्नहरूलाई पनि अभ्यासका रूपमा प्रश्नहरू समेटिएका छन् । त्यसै गरी यस कक्षा

१० को अनिववार्य नेपाली पाठ्यपुस्तकभित्र रहेका विभिन्न कथा, जीवनी, पत्ररचना, बादबिवाद, एकाङ्की मनोवाद र निबन्ध विधाका शीर्षकका अभ्यासहरूमा पनि समग्रमा वोधक्षमता र ज्ञान क्षमतासंग सम्बन्धित मौखिक छोटो छोटोउत्तर आउने, व्याख्या सप्रसंङ्ग व्याख्या लगायत अुनच्छेद निर्माण गर्ने र विबेचनात्मक उत्तर आउने खालका प्रश्नहरूलाई अभ्यासमा प्रश्नका रूपमा यस पाठ्यपुस्तकभित्र समावेश गराइएका छन् । त्यसैगरी यस पाठ्यपुस्तकभित्र विद्यार्थीको व्यावहारिक ज्ञान, सीप र क्षमता विकास गराउने उद्देश्यले शुद्धलेखन, शुद्ध उच्चारण, वाक्यहरू निर्माण गर्ने, अर्थलेख्ने लगायत व्याकरणका विविध विधाका अभ्यासहरूलाई पाठ्यपुस्तकका अभ्यासमा समावेश गरिएका छन् । विद्यार्थीको भाषाको तार्किकता, सृजनात्मकता, हाउभाउ सहितको शारीरिक आकृतिको प्रयोग गर्ने सीप विकासार्थका अभ्यास पनि पाठ्यपुस्तकभित्र समावेश गराईएका छन् । यस पाठ्यपुस्तक भित्रका सम्पूर्ण अभ्यासहरू माध्यामिक तहका विद्यार्थीको ज्ञान, सीप, क्षमता, दक्षता र व्यवहारिक सीप विकास गराउनमा नै केन्द्रित देखिन्छन् । साथै यस तहका विद्यार्थीको स्तर अनुसारका रहेका छन् । यसरी समग्रमा विद्यार्थीको विभिन्न भाषाका सीप सिकाउने यस पाठ्यपुस्तकमा अभ्यासका रूपमा जम्मा ७७२ ओटा प्रश्नहरू समावेश गरिएका छन् ।

कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तक मूख्य गरी विद्यालय तहको उच्चमाध्यामिक तहलाई आधार बनाएर निर्माण गराइएको छ । यो पाठ्यपुस्तक उच्च माध्यामिक तहलाई आधार बनाएर पाठयपुस्तभित्रका विभिन्न एकाइभित्र विभिन्न प्रकारका अभ्यास दुई खण्डमा विभक्त गराएर राखिएका छन् । यस पाठयपुस्तकको खण्ड “क” अन्तर्गत एकाइ ६ सम्म विद्यार्थीलाई व्याकरणसंग सम्बन्धी विभिन्न खालका अभ्यासहरू पनि समावेश गरिएका छन् । यस पाठ्यपुस्तकभित्र व्याकरण खण्ड अन्तर्गत वर्ण र अक्षरको संरचना, वर्णविन्यास र चिन्हपरिचय, शब्दवर्ग र शब्दरूपायन, शब्दनिर्माण वाक्यतत्व र वाक्यका प्रकार र वाक्यान्तरण अर्न्तगतका एकाईसँग सम्बन्धित रहेर विद्यार्थीलाई यस तहमा व्याकरणसँग सम्बन्धित व्यावहारिक ज्ञान सीप, क्षमता र भाषिक अभिवृति र विकास गराउनमा यस खण्ड अन्तर्गत विभिन्न खालका प्रश्नहरू समावेश गराईएका छन् । त्यसैगरी यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र खण्ड “ख” मा बोध र अभिव्यक्तिविधा लाई समावेश गरिएको छ । यस खण्ड अन्तर्गत एकाइ ४ सम्म संरचित छन् । यस पाठ्यपुस्तकभित्र समावेश गरिएका बोध र शब्दभण्डार तथा बुँदाटिपोट र सङक्षेपीकरण, अनुच्छेदलेखन र पत्र रचना, निबन्ध, टिप्पणी र प्रतिवेदन लेखन र कृति समीक्षा एकाइ खण्डका विभिन्न शीर्षकका पछाडि विभिन्न खालका अभ्यासहरू समावेश गरिएका छन् । यस

पाठ्यपुस्तकको व्याकरणसंग सम्बन्धित सीप विकासार्थ २८६ ओटा प्रश्नहरू समावेश पाठ्यपुस्तकको व्याकरणको अभ्यासमा समावेश गरिएका छन्, भने विभिन्न बोध, ज्ञान तथा उच्च दक्षताको सीप विकास गराउने लक्ष्यका साथ बोध तथा अभिव्यक्ति खण्ड "ख" अन्तर्गत रहेका पाठहरूका अभ्यासका रूपमा जम्मा १३८ ओटा प्रश्नहरूलाई समावेश गराइएका छन् ।

यसरी यस कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको अभ्यासभित्र विद्यार्थीका व्याहारिक, ज्ञान, बोध, तथा उच्च दक्षताको विकास गराएर विद्यार्थीको सिर्जनशीलता, तार्किकता, र वौद्धिकतालाई पुष्टिगर्ने खालका जम्मा ४२४ ओटा प्रश्नहरू लाई समावेश गराइएका छन् । यसरी दुवै कक्षा १० र ११ को पाठयपुस्तकभित्र विद्यार्थीका विभिन्न खालका ज्ञान, सीप, क्षमताको अभिवृत्ति गराउने उद्देश्यले विभिन्न विधासँग सम्बन्धित दुवै पाठयपुस्तकमा गरी जम्मा ११९६ ओटा प्रश्नहरू अभ्यासका रूपमा यी दुवै पाठ्यपुस्तकमा समावेश गरिएका छन् ।

# अध्याय - पाँच

## उपसंहार

कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तक नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा मान्यता प्राप्त पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशन गरिएको पाठ्यपुस्तक हो । जुन पाठ्यपुस्तकको प्रथम संस्करण २०५६ मा भएर परिमार्जित सहित फेरि पुनर्मुद्रण २०६५ मा भएको छ । यो पाठ्यपुस्तक विद्यालयतहमा अनिवार्य रूपमा लागू गरिएको छ । त्यसै गरी कक्षा ११ को अनिवार्य नेपाली व्याकरण बोध तथा अभिव्यक्ति जुन बाबुराम अधिकारी, मधुप्रसाद अर्याल, नरहरि घिमिरे, हरिप्रसाद खतिवडा, डिल्लीराम ढकाल र यमलाल कँडेल लगायतका लेखक तथा सम्पादक रहेको अनिवार्य नेपाली पाठ्यपुस्तक उच्च माध्यमिक शिक्षा परिषद्को सिफारिसमा सुजता प्रकाशन तथा ज्ञानज्योति प्रकाशनद्वारा २०६४ सालमा प्रकाशित भएको छ । यो पाठ्यपुस्तक उच्च माध्यमिक तहमा कक्षा एघारमा अनिवार्य विषयका रूपमा लागू गरिएको छ । यी दुवै पाठ्यपुस्तकहरू भाषा पाठ्यपुस्तकका रूपमा रहेका छन् । यी दुवै पाठ्यपुस्तकहरू भाषापाठ्यपुस्तकमा हुनुपर्ने विशेषताले परिपूर्ण छन् छैनन् ? पाठ्यपुस्तकहरू माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थीका भाषिक सुनाई, बोलाइ, पढाइ र लेखाइ जस्ता सीप विकासमा के कति प्रभावकारी रहेका छन् ? यी दुवै पाठ्यपुस्तकहरू विद्यालय तहमा सुहाउदो छ कि छैन ? साथै उच्च तहको लागि भाषाको आधारशीला निर्माण गर्न सकिन्छ कि सक्दैन ? भाषापाठ्यक्रम अनुसारका विषयवस्तुहरू समावेश गरिएका छन् छैनन् ? साथै यी दुवै पाठ्यपुस्तकका सबल तथा दुर्बल पक्षहरू के कति रहेका छन् ? अझ यी दुवै पाठ्यपुस्तकलाई कसरी विद्यार्थी केन्द्रित र शिक्षाका राष्ट्रिय उद्देश्यमा आधारित रहेर पाठ्यक्रमले तोकेका विषयवस्तुलाई भाषिक सीप विकासमा लगाउन सजिलो पार्न सकिन्छ भन्ने लक्ष्यका साथमा यो शोधकार्यको अध्ययन गरिएको छ ।

भाषा विषय भन्दा अन्य कुनै पनि सामग्री वा वस्तुको परिचय दिन जति सजलो हुन्छ त्यति सजिलो भाषाका पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन गर्न र गराउनमा देखिदैन यो साह्रै दुसाध्य विषय हो । त्यसै गरी यी दुवै पाठ्यपुस्तहरू विद्यार्थीको रूचि चाहना सामाजिक परिस्थिति र परिवेश मानसिक तथा संवेगात्मक विकाससंग मेलखाने बनेका भए कसरी बने र पाठ्यपुस्तकहरू सुहाउदा भएन भने के कमि र कमजोरी रहेका छन् । सो कुराको सम्पूर्ण तुलनात्मक विश्लेषण गरेर तथ्यपरक निश्कर्ष दिलाउनु जति अप्ठ्यारो कार्य अझै कठिन अनुसन्धानको विषय हो ।

यी दुवै पाठ्यपुस्तकहरूले एकातिर भाषा विषय भएकाले भाषिक सीप विकास गराउन कति सक्षम छन साथै विद्यार्थीहरूलाई यस तहका पाठ्यपुस्तकहरूले राष्ट्रिय परम्परा सांस्कृतिक एवम् सामाजिक वातावरण संग परिचित गराउनु, भाषिक व्यवहारमा सक्षम, सृजनशील सहयोग, उद्यमशील, स्वालम्वी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ र सक्षम नागरिक तयार गर्न कति सक्षम रहेका छन् । सो विषयवस्तुको पनि यस शोधकार्यमा तुलनात्मक विश्लेषण गरिएको छ । कक्षा १० र ११ को पाठ्यपुस्तकका आन्तरिक र भौतिक दुवै खालका आधारको तराजुमा जोखेर पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण गराएको छ । त्यसैगरी यी दुवै पाठ्यपुस्तकका सम्पूर्ण विधाहरू र ती विधासँग सम्वन्धित सम्पूर्ण अभ्यासको पूर्णतः गहिरो तुलनात्मक विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

यसरी हेर्दा कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको भाषा वैज्ञानिक दृष्ट्रिकोणले एकातिर विश्लेषण गरिएको छ । अर्कोतिर भाषा पाठ्यपुस्तकमा हुनुपर्ने विशेषता, आधार, भाषिक विधाहरू, अभ्यासहरू लगायतका प्रस्तुतिहरूको पूर्णतः यस शोधकार्यमा तुलनात्मक र विश्लेषणात्मक भाषिक सीप विकासका आधारमा तयार पार्ने प्रयास गरिएको छ । आजसम्मका यसरी भाषापाठ्यपुस्तक वीचका तुलनात्मक विश्लेषण गरेका शोध कार्यहरू कमै भेटिन्छन् । त्यस मध्ये नि कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन विश्लेषण गरेको पाइदैन । तसर्थ यस तुलनात्मक पाठ्यपुस्तकको अध्ययनले माध्यमिक तहका कक्षा १० र ११ का नेपाली अनिवार्य विषयका विद्यार्थी, शिक्षक तथा भाषाका विषयमा जानकार राख्ने व्यक्तिहरूको लागि यो शोधपत्र केही मार्ग निर्देशक हुने कुराको आशा गर्न सकिन्छ । तुलनात्मक अध्ययनबाट प्राप्त यस शोधपत्रको अध्ययनमा कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकका विशेषता तथा निर्माण आधारहरूको सैद्धान्तिक पक्षलाई एक - एक गरेर केलाउदै यी दुवै पाठ्यपुस्तकसंग रहेका सम्पूर्ण पक्षको गम्भीर रूपमा हेर्ने, नियाल्ने र निष्कर्षमा पुऱ्याउने काम यस शोधकार्यमा गरिएको छ । जे भए पनि यो शोधपत्र पाठ्यपुस्तक भित्र रहेका कमी कमजोरी सुधार गर्न, संशोधन र पुनः निर्माण गर्नमा महत्त्वपूर्ण र आधिकारिक भूमिका खेल्नेछ ।

कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्ष र अझै परिस्कृत पाठ्यपुस्तक बनाउनका लागि केहि सुझावहरू यस अध्ययायमा प्रस्तुत गरिएको छ ।

## ५.१. निष्कर्ष

५.१.१. कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तक र कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तक यी दुवै माध्यमिक तहका पाठ्यपुस्तकका रूपमा देखिन्छन् ।

५.१.२. कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्र विकास केन्द्र सानोठिमी भक्तपुरले जनक शिक्षा सामग्रीको प्रकाशनद्वारा प्रकाशित गराइएको छ । भने त्यसै गरी कक्षा ११ को अनिवार्य नेपाली व्याकरण, बोध तथा अभिव्यक्ति अभ्यास नामक पाठ्यपुस्तक उप.प्रा. बाबुराम अधिकारी लगायतका ६ जनाको लेखन र सम्पादकको रूपमा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरले लागू गराएको उच्च माध्यमिक पाठ्यक्रमलाई आधार बनाएर सुजता प्रकाशनद्वारा व्यक्तिगत रूपमा प्रकाशित गरिएको देखिन्छ ।

५.१.३. भाषापाठ्यपुस्तका विशेषताका दृष्टिकोणले कक्षा १० र कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तक अति नै उपयुक्त देखिन्छन् ।

५.१.४. भाषापाठ्यपुस्तकको मूल्याङ्कनको दृष्टिकोणका आधारमा कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तक भन्दा कक्षा १० को पाठ्यपुस्तक स्तरीय भेटिन्छ ।

५.१.५. भाषापाठ्यपुस्कभित्र भाषाका चारओटै सीप, बोलाइ, पढाइ, सुनाइ र लेखाईका प्रसस्त अभ्यासहरू भेटिन्छन । तर विद्यार्थीलाई व्याकरणको अभ्यास र सीप सिकाउदा पाठ्यपुस्तकभित्रका पाठसँग सम्मिलित गराएर गराउदा सजिलो हुन्छ सो विषयवस्तुलाई कक्षा ११ को अनिवार्य पाठ्यपुस्तकमा कक्षा १० को पाठ्यपुस्तकमा जति व्यवस्थित गरिएको छैन ।

५.१.६. कक्षा १० पनि माध्यामिक तहकै कक्षा ११ को नजिक रहेको कक्षा भएकाले उपन्यास विधाको व्यवस्था भए पाठ्यक्रम अझ स्तरीय हुने देखिन्छ ।

५.१.७. भाषिक प्रस्तुति वा शैलीका दृष्टिले कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्रका पाठहरू सरल र सहज देखिन्छन् ।

५.१.८. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका १६ ओटै पाठसंग अभ्यास र साथसाथै व्याकरणका अभ्यास राखिएका छन् भने कक्षा ११ को पाठ्यपुस्तकभित्र एकाइहरूका अन्त्यमा अभ्यासलाई समावेश गरिएको छ ।

५.१.९. कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र राखिएका अभ्यासहरूको

सीपपरक वितरण हेर्दा पाठ्यपुस्तकभित्र सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपका साथै जम्मा ७७२ ओटा अभ्यास देखिन्छन भने कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा जम्मा ४२४ गरि दुवै पाठ्यपुस्तको अभ्यासका प्रश्नहरू जम्मा १,१९६ ओटा देखिन्छन

५.१.१०.कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र साना ठूला गरेर जम्मा ३७ ओटा चित्र राखिएका भेटिन्छन भने कक्षा ११ को पाठ्यपुस्तकमा चित्रको व्यवस्था देखिदैन ।

५.१.११. कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकको प्रयोग सम्बन्धी निर्देशन राखिएको छ तर कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र पाठ्यपुस्तक प्रयोगका निर्देशन राखिएको भेटिदैन । तर पाठ्यपुस्तक प्रयोग सम्वन्धी निर्देशन राखिनु उचित देखिन्छ जसले शिक्षक र विद्यार्थीलाई स्पष्ट दिशाबोध हुन्छ ।

५.१.१२.कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको आवरण पृष्ठको सजावटमा दुवै पाठ्यपुस्तक उपयुक्त नै देखिन्छन ।

५.१.१३.छपाई र कागजका दृष्टिले कक्षा १० को अनिवार्य नेपाली कक्षा ११ को भन्दा केही सवल देखिन्छ ।

१.१.१४. दुवै पाठ्यपुस्तकहरू आकारका दृष्टिले कक्षा ११ र १० का विद्यार्थीहरूलाई सुहाउदो खालको रहेको छ भने बँधाई दुवैको कमजोर देखिन्छ ।

५.१.१५. कक्षा १० को नेपाली पाठ्यपुस्तकको मूल्यको तुलनामा कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको मूल्य धेरै बढी राखिएको छ ।

५.१.१६. कक्षा ११ को पाठ्यपुस्तकभित्रका विधाहरूलाई रूपमा क्रमिक रूपमा राखेको छ भने कक्षा १० को नेपाली पाठ्यपुस्तकको पाठहरू विधागतरूपमा छ्यासम्यासे राखिएका छन् ।

५.१.१७. यी दुवै नेपाली भाषाका पाठ्यपुस्तकका अभ्यासहरू विद्यार्थीको ज्ञानक्षमता बोधक्षमता, उच्च दक्षताको वृद्धि र विकास गराउन साथै व्याकरणको सीप सिकाएर व्यवहारिक सीप विकास गराउनमा अभ्यासहरू समावेश भएको देखिन्छ ।

## ५.२ सुझावहरू

५.२.१ कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तकमा व्याकरणका पाठ र अभ्यासलाई विस्तृत रूपमा राख्नु पर्ने देखिन्छ । त्यसै गरी कक्षा ११ को अनिवार्य नेपाली पाठयपुस्तकभित्र अझै २ ओटा निवन्धलाई थप्नु पर्ने देखिन्छ ।

५.२.२. कक्षा १० को पाठ्यपुस्तकभित्र गद्यलयमा संरचित कविता थप्नु पर्ने र कक्षा ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकभित्र रूपक विधा अन्तर्गत वादविवाद, मनोवाद र वक्तृत्वकलाका पाठहरू समावेश गराउनु पर्ने देखिन्छ ।

५.२.३. कक्षा १० र ११ का विद्यार्थीहरू भाषिक रूपमा मिथकीयता, प्रतीक र विम्वको प्रयोगमा त्यति अभ्यस्त हुन नसक्ने भएकाले पाठहरूमा यी कुराहरूलाई कक्षा १० र ११ को स्तर अनुरूप राख्नु पर्ने देखिन्छ ।

५.२.४. यी दुवै पाठ्यपुस्तकमा परिर्तित नेपालको राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा टेवापुऱ्याउने खालका यथार्थवादी तथा प्रगतिवादी लेखहरूमा आधारित विषयवस्तु भएका पाठहरूको आवश्यकता अझै देखिन्छ ।

५.२.५. यी दुवै कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा विद्यार्थीको स्तर अनुकूलका शब्दहरू तथा वाक्यमा प्रयोग गराउनुपर्ने अभ्यास हुनुपर्ने देखिन्छ ।

५.२.६. यी दुवै पाठ्यपुस्तकहरू भाषापाठयपुस्तक भएकाले सुनाइ र वोलाई सीपसंग सम्बद्ध अभ्यास थपिनुपर्ने देखिन्छ ।

५.२.७. कक्षा १० र ११ को अनिवार्य नेपाली पाठ्यपुस्तकको आवरण पृष्ठहरू दुवैमा अझै आर्कषक वनाउनु पर्ने देखिन्छ, साथै आवरण पृष्ठको कागज वलियो टिकाउ हुने खालको प्लाष्टिक लेमेनेसन गरेर वलियो बनाउनुपर्ने देखिन्छ भने भित्रि कागजलाई अझै स्तरीय पार्नु पर्ने देखिन्छ ।

५.२.८. अझै कक्षा १० को पाठयपुस्तकभित्र रहेका चित्रहरूलाई स्तरीय पार्नुपर्ने रहेको छ भने कक्षा ११ को पाठ्यपुस्तकमा चित्रहरू थप्नु पर्ने नितान्त आवश्यक देखिन्छ ।